सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ चैत २०७९, बुधबार (15 March 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३२५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

अवैध यात्रामा युरोप सपनाको दुःखान्त

रुस-युक्रेन युद्धपछि युरोपमा नेपाली युवाको अवैध यात्रा झन् बढेको छ। उच्च पारिश्रमिक, सहज जीवनशैली र स्थायी बसोवासको सुविधा पाउने लोभमा दलाललाई लाखौं बुझाएर गएका युवा आर्थिक रूपमा मात्रै फसेका छैनन्, कैयौंको जीवन नै समाप्त भएको छ।

मुना कुँवर/नयाँ पत्रिका

बागलुङका बाबुराम लोहनीको परिवारका सबै सदस्य र आफन्त पनि विदेशमै छन्। उनलाई पनि विदेश जाने हुटहुटी भएपछि युरोप छिर्ने चक्करमा लागे। उनीजस्तैका खोजीमा हिँडिरहेका एक एजेन्टसँग लोहनीको भेट भयो। १२ लाख रुपैयाँ दिए पोर्चुगल पुऱ्याइदिने एजेन्टको आश्वासन उनले सजिलै स्विकारे। कागजपत्र र पैसा एकसाथ बुझाए।

गत तिहारको अघिल्लो दिन पाँच महिनाकी गर्भवती श्रीमती कमलालाई छाडेर २९ वर्षीय लोहनी पोर्चुगलका लागि हिँडे। नेपाली एजेन्टले रसिया पुऱ्यायो। त्यहाँ भारतीय एजेन्टको जिम्मा लगाएर नेपाली एजेन्ट फर्कियो। भारतीय एजेन्टले रसियाबाट बस चढाएर बेलारुस पुऱ्यायो। 'श्रीमान् बेलारुस पुग्दासम्म सम्पर्क भइरहेको थियो। तर, गैरकानुनी यात्रा भएकाले समातिने डरले सबै कागजपत्र र मोबाइलसमेत उहाँले एजेन्टलाई नै बुझाउनुभएको थियो,' कमलाले भनिन्, 'श्रीमान्ले भनेअनुसार अन्य दुई नेपाली पनि उहाँसँगै थिए। बेलारुस पुगेपछि भने उहाँसँग सम्पर्क टुट्यो।'

लामो समयसम्म सम्पर्कमा नआएपछि कमलाले स्पेनमा रहेका आफन्तलाई खबर गरिन्। आफन्तले स्पेनस्थित गैरआवासीय नेपाली संघमा खबर गरे। संघले दूतावासमा सम्पर्क गऱ्यो। सोही समय (मंसिर)मा मस्को दूतावासमा जानकारी प्राप्त भयो, 'बेलारुसको गोद्धोनो भन्ने स्थानमा गस्तीमा गएको आर्मीले नेपाली नागरिकको शव फेला पाऱ्यो।' मस्को दूतावासले आर्मीले दिएको विवरणअनुसार नेपालमा रहेका उनका परिवारलाई खबर गऱ्यो। गैरआवासीय नेपाली संघ र दूतावासको समन्वयमा गत माघमा शवको उतै अन्त्येष्टि गरियो र अस्तु नेपाल पठाइयो।

सिन्धुपाल्चोक इन्द्रावतीकी २३ वर्षीया सन्चिता गोतामेको पनि युरोप सपनाको अवैध यात्राले दुःखान्त निम्त्याएको छ। घरकी जेठी छोरी सन्चिताको जिम्मेवारी वृद्ध बा-आमा र तीन भाइ-बहिनीको भविष्यसँग पनि जोडिएको थियो। १२ कक्षा अध्ययन सकेर एक फाइनान्समा जागिरे बनेकी उनलाई पनि युरोप छिर्ने रहर जाग्यो। एजेन्ट लीलाकुमार तामाङसँग भेट भयो।



युरोप भिसाका लागि विभिन्न चरणमा एजेन्टलाई रकम भुक्तानी गर्दै गएपछि प्रक्रिया थालेको एक वर्षमा मात्रै क्रोएसियाको भिसा आयो। वृद्धाश्रममा केयर गिभरको काम गर्न दुई वर्षको भिसामा क्रोएसिया उडिन्। ८० हजार पारिश्रमिक पाउने सम्झौता थियो। 'उड्ने वेला पनि एजेन्टलाई साढे सात लाख भुक्तानी गरेको हो,' सन्चिताकी आमा सविना गोतामेले भनिन्, 'त्यसअघि कहिले एक लाख, कहिले ५० हजार गर्दै जम्मा १३ लाखभन्दा धेरै रकम ऋण खोजेर एजेन्टलाई बुझाएको हो।'


सन्चिता गोतामे

तर, क्रोएसिया पुगेको पाँच महिनापछि ६ मंसिरमा सन्चिताकी आमालाई जापानमा बस्ने उनका आफन्तले फोन गरेर सन्चिताको मृत्यु भएको खबर दिए। 'भतिजाले जापानबाट फोन गरेर बहिनी त बितिछ भन्यो,' सविनाले भनिन्। सन्चिताले आफ्नी साथीलाई जापानमा रहेका दाइसँग पहिल्यै चिनजान गराएकी थिइन्। उनैले मृत्युको खबर दिएका थिए।

क्रोएसियाबाट पोर्चुगल प्रवेशका लागि अन्य चार साथीसहित सन्चिता स्नोलाभिया जाँदै थिइन्। स्नोलाभियाको जंगलमा हिउँ परेपछि अत्यधिक चिसोका कारण उनको मृत्यु भएको खबर उनीसँगै यात्रामा रहेकी साथीले दिएको सविनाले बताइन्। मृत्युको दुई महिनापछि माघमा उनको शव नेपाल आइपुगेको थियो।

» पृष्ठ ११ मा क्रमशः

■ युक्रेनमा अलपत्र जगत भण्डारीको कथा

मसहित तीन साथीलाई सीधै क्रोएसिया जान अप्ठ्यारो हुने भन्दै दलालले युक्रेन हुँदै पठाउने योजना दियो। काठमाडौंमा एजेन्टलाई १०-१० लाख बुझाएर २ मंसिरमा बस र रेलको यात्राबाट मुम्बई गयौं। भिसा नआएकाले मुम्बईमा १४ दिन कुरेपछि त्यहाँको एजेन्टलाई हजार युरो बुझाएर १ पुसमा माल्दोभा उड्यौं। माल्दोभामा १० दिन बसेर विद्यार्थी भिसाको कागजपत्र बनेपछि ट्याक्सीमा दुई घन्टा यात्रा गरी युक्रेन प्रवेश गर्‍यौं। युक्रेनमा भारतीय एजेन्टलाई दुई हजार युरो बुझायौं।


गाडीको अगाडि बसेको आर्मी अफिसरले ममाथि बन्दुक तेर्स्यायो। अहमदले डर थप्दै भन्यो- पैसा दिन्छु भनेर चुप लाग्, नभए आर्मीले जंगलमा लगेर गोली हान्छ। त्यसपछि म चुप लागें।

हामीजस्तै आएका अन्य चारजनासँग भेट भयो। सातैजना युक्रेनको उज्होरोडमा होस्टेलमा बस्यौं। यहाँको अस्थायी रेसिडेन्सियल कार्ड पनि पायौं। तर, ९ माघ (२३ जनवरी)मा खाना आएर सुत्ने तरखरमा लाग्दै गर्दा १० बजेतिर नौजना आर्मी सिभिल पोसाकमा आइपुगे। युक्रनेको ओरिजिनल डकुमेन्ट देखाएपछि उनीहरूले गाडीमा राखेर २५ किमि टाढा स्लोभाकियाको सिमानामा पर्ने जंगलमा पुऱ्याए। गाडीबाट झरेर २० मिटर भित्र लगी कुकुरसमेत उनीहरूसँगै राखेर फोटो खिचे। पछि बुझियो कि उनीहरूले आफ्नो प्रमोसनका लागि हामीलाई युरोपतर्फ भाग्दै गरेको र आफूले समातेको भनेर देखाउन फोटो खिचेका रहेछन्।

त्यसपछि ब्यारेकमा पुऱ्याए, दुईजनालाई बाहिरै राखेर पाँचजनालाई भित्र लगे। त्यहाँ अहमद नामको पाकिस्तानी रहेछ। आर्मीले उसलाई हामीसँग कुरा गर्न लगायो। अहमदले हिन्दी भाषामा हामीलाई भन्यो- तिमीहरूको कागजपत्र फर्जी छ, १८ महिना जेल सजाय हुन्छ, तर सबैले २५ सय युरोका दरले दिए जेल जानबाट बचाउँछु। तर, हामीसँग पैसा पनि नभएको र युक्रेनको कागजपत्र पनि ओरिजिनल नै भएकाले सुरुमा उसको कुरा इन्कार गर्‍यौं। तर, पछि डर लागेर सातजनाको आठ हजार पाँच सय युरो दिने सहमति गर्‍यौं।

त्यो राति हामीलाई आर्मीले जंगलभित्रको अनकन्टार ठाउँमा लगेर राख्यो। भोलिपल्ट २४ जनवरीको बेलुका जंगलबाट बाहिर निकालेर सडकमा लगे। सडकमा एउटा गाडी थियो। गाडीको अगाडि दुई आर्मी थिए। पछाडि म र अहमद थियौं। हामीले आर्मीलाई युरो दिने र उनीहरूले हामीलाई सकुशल बाहिर छाडिदिने भन्ने विषयमा छलफल भयो। म अलि अनकनाएँ। त्यसपछि गाडीको अगाडि बसेको आर्मी अफिसरले ममाथि बन्दुक

» पृष्ठ ११ मा क्रमशः

■ ह्युमन राइट्स वाचको प्रतिवेदन

भुटानमा राजबन्दीहरूको अवस्था अमानवीय, सजाय माफी गरेर रिहा गर्न माग

भुटानी जेलमा रहेका राजबन्दीहरू



ह्युमन राइट्स वाचले भुटानको जेलमा रहेका ३७ राजनीतिक बन्दीहरूको पहिचान गर्न सफल भएको जनाएको छ। गत वर्ष ११ जना पूर्वबन्दी तथा अहिले बन्दी अवस्थामा रहेका व्यक्तिका आठजना आफन्तसँग जेलको अवस्थाबारे सोधखोज गरेको थियो। वाचले नेपालको बेलडाँगी शरणार्थी शिविरमा रहेका पूर्वकैदीहरू, साक्षीहरू र कैदीहरूका आफन्तहरूसँग पनि कुराकानी गरेको जनाएको छ। तर, भुटानी अधिकारीहरूले हालका राजनीतिक बन्दीहरूबारे कुनै जानकारी नदिएको वाचले जनाएको छ।

(विस्तृत पृष्ठ ३ मा)

जतातै अलपत्र सडक



ठेकेदारको बेवास्ता गर्दा पटकपटक म्याद थपिँदासमेत निर्माणाधीन सडक अलपत्र

(विस्तृत पृष्ठ ४ मा)

श्रम अदालत र श्रमिकको पहुँच



अर्थ संवाद

श्रम अदालतले श्रमिकको सहज पहुँचका लागि सातै प्रदेशमा श्रम अदालत गठन गरी श्रमसम्बन्धी विवादको सुनुवाइ र निर्णय गर्ने अधिकार दिनुपर्छ

वासुदेव आचार्य

(लेख पृष्ठ ८ मा)

महासंघमा बढ्यो चुनावी सरगर्मी

अञ्जन श्रेष्ठ, रामचन्द्र संघाई र उमेशलाल श्रेष्ठ प्यानलसहित वरिष्ठ उपाध्यक्षमा भिड्ने तयारीमा



● **अञ्जन श्रेष्ठ,** उपाध्यक्ष, नेउवा महासंघ
महासंघलाई स्मार्ट नेतृत्व दिनेछु

● **रामचन्द्र संघाई,** उपाध्यक्ष, नेउवा महासंघ
महासंघको गरिमा उचाइमा पुऱ्याउँछु





● **उमेशलाल श्रेष्ठ,** पूर्वउपाध्यक्ष, नेउवा महासंघ
महासंघलाई सशक्त बनाउनेछु

(विस्तृत पृष्ठ ९ मा)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ उपराष्ट्रपति निर्वाचन

यादवलाई ६ दलको समर्थन, लोसपा पनि सकारात्मक

जनमत मित्रवत् प्रतिस्पर्धामा, एमाले एक्लै मैदानमा


अष्टलक्ष्मी शाक्य, एमाले


रामसहायप्रसाद यादव, जसपा


ममता झा, जनमत

कमलराज भट्ट/नयाँ पत्रिका

उपराष्ट्रपति निर्वाचनमा जसपा संसदीय दलका नेता रामसहाय यादवले ६ दलको समर्थन प्राप्त गरेका छन्। कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपाको प्रस्ताव तथा समर्थनमा उम्मेदवारी दिएका यादवलाई जनमोर्चा र नागरिक उन्मुक्ति पार्टीको पनि समर्थन पक्का भएको हो। जनमत पार्टीकी ममता झालाई समर्थन गरेको लोसपा पनि यादवको पक्षमा सकारात्मक देखिएको छ। जनमत पार्टी भने गठबन्धनबाटै

आजदेखि मौन अवधि

» पृष्ठ ११ मा क्रमशः

■ मतभारको अवस्था

निर्वाचन आयोगले कायम गरेको कुल ५२ हजार ६२८ मतभारमा आठदलीय गठबन्धनको ३२ हजार २६७ मत छ। रामसहायको पक्षमा खुलेका ६ दलको मतभार ३० हजार ५४ छ। बहुमत अर्थात् निर्वाचित हुन २६ हजार ३१५ मत कटाउनुपर्छ। लोसपासँग कार्यगत एकता गरेको जनमतकी उम्मेदवार ममता झाको पक्षमा दुई हजार २१३ मत छ। एमालेकी अष्टलक्ष्मी शाक्यसँग १५ हजार ३९१ मत छ। राप्रपा र रास्वपासहितको चार हजार ९७० मत छ।



'साइलेन्ट किलर' बन्दै उच्च रक्तचाप

नेपालमा प्रत्येक चार वयस्कमा एकजनालाई उच्च रक्तचाप, बर्सेनि अस्पताल पुग्ने आठ लाख प्रभावितमध्ये ९५ प्रतिशतमा पत्ता लाग्दैन कारण

मञ्जु टेलर/नयाँ पत्रिका

उच्च रक्तचापको लक्षण लिएर स्वास्थ्य संस्था पुग्नेमध्ये ९५ प्रतिशतमा कारण थाहा नहुने समस्या देखिएको छ। स्वास्थ्य सेवा विभाग एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको तथ्यांकअनुसार पछिल्ला वर्ष उच्च रक्तचापको लक्षण लिएर अस्पताल पुग्ने बिरामी तीव्र रूपमा बढिरहेका छन्।

गत वर्ष ०७८/७९ मा सात लाख ९५ हजार ८७ बिरामी उच्च रक्तचापको लक्षणसहित अस्पताल पुगेका थिए, जुन पाँच वर्षअघिको तुलनामा दोब्बर हो। त्यस्तै, ०७७/७८ मा ६ लाख ५७ हजार एक सय ६३ र ०७६/७७ मा सात लाख ४१ हजार पाँच सय ८२ बिरामी अस्पताल पुगेका थिए। ०७५/७६ मा चार लाख ९९ हजार चार सय ८२ र ०७४/७५ मा चार लाख तीन हजार नौ सय ४५ व्यक्ति उच्च रक्तचापको समस्या

» पृष्ठ ११ मा क्रमशः

■ विश्वमै घट्नुको साटो बढ्दै उच्च रक्तचापको समस्या



सन् २०१० देखि २०३० सम्ममा हाइपरटेन्सन ३३ प्रतिशतले घटाउने ग्लोबल लक्ष्य लिइए पनि उच्च रक्तचाप स्वास्थ्य जटिलताको मुख्य कारक बन्दै आएको छ। जसले हृदय, मस्तिष्क, मिर्गौला र अन्य रोगको जोखिमलाई उल्लेखनीय रूपमा बढाइरहेको पछिल्ला सर्वेक्षणले देखाएका छन्। विश्व स्वास्थ्य संगठनको तथ्यांकअनुसार हाल विश्वभर ३० देखि ७९ वर्ष उमेरका अनुमानित एक अर्ब २८ करोड मानिस उच्च रक्तचापको समस्याबाट प्रभावित छन्, जसमध्ये पनि अधिकांश (दुईतिहाइ) निम्न र मध्यम आय भएका देशका छन्। डब्लुएचओका अनुसार हाइपरटेन्सन भएका अनुमानित ४६ प्रतिशतलाई उच्च रक्तचापबारे थाहासमेत हुँदैन। लक्षण देखिएर समस्या पहिचान भएकामध्ये पनि आधाभन्दा कम अर्थात् ४२ प्रतिशत मात्रै उपचारको पहुँचमा पुग्छन्। उपचारका लागि औषधि सेवन गरिरहेका प्रत्येक पाँचमध्ये १ अर्थात् २१ प्रतिशतमा मात्रै उच्च रक्तचाप नियन्त्रणमा आएको पाइन्छ, जसका कारण उच्च रक्तचाप विश्वभर अकाल मृत्युको मुख्य कारण बनिरहेको अध्ययनहरूको निष्कर्ष छ।

बिरामी औषधि खानसमेत मान्दैनन्



● **डा. अरुण मास्के,** वरिष्ठ मुटुरोग विशेषज्ञ

देशभरको अस्पतालको तथ्यांक हेर्दा वयस्कमा २० देखि २५ प्रतिशत जनसंख्या उच्च रक्तचापबाट पीडित भएको पाइएको छ। तर, बिरामीहरू औषधि खानसमेत मान्दैनन्। रक्तचाप नियन्त्रण गरेर जोखिमबाट बच्नका लागि औषधि सेवन गर्नुपर्छ। तर, प्रभावितमध्ये पनि एकतिहाइले औषधि नै खाँदैनन्। औषधि खाइरहेकामध्ये पनि एकतिहाइमा उच्च रक्तचाप नियन्त्रणमा आउँदैन।

संस्थानको खानेपानी उद्योग बन्द हुने अवस्थामा

दैनिक १५ सय जार पानी उत्पादन क्षमताको उद्योग सरकारी बेवास्ताले कामविहीन

शिवहरि घिमिरे/नयाँ पत्रिका

खानेपानी संस्थानले ०७४ मा काभ्रेपलाञ्चोकको पनौतीमा मिनिरल वाटर उद्योग स्थापना गरेको थियो। उद्योग स्थापनाको करिब पाँच वर्षमै सरकारी यो उद्योग थला परेको छ। दैनिक एक हजार पाँच सय जार र चार सय कार्टुन पानी उत्पादन गर्न सक्ने क्षमताको उक्त उद्योग सरकारको बेवास्ताका कारण बन्द हुने अवस्थामा पुगेको छ। हाल यो उद्योगले दैनिक डेढ सयदेखि तीन सय जार पानी उत्पादन गरिरहेको छ।

सरकारी निकायहरूलाई आवश्यक खानेपानी उत्पादन र वितरण गर्न सक्ने गरी उद्योग स्थापना गरिएको थियो। तर, सरकारले निजी क्षेत्रका खानेपानी उद्योगलाई प्रश्रय दिँदा संस्थानको पानीले उद्योग टाट पल्टिने अवस्थामा पुगेको हो। हाल प्रधानमन्त्री कार्यालयदेखि सबैजसो सरकारी निकायले निजी पानी उद्योगका बोटल र जार प्रयोग गर्छन्। सरकारले करिब दुई करोड लगानीमा यो उद्योग खोलेको थियो। उद्योगले पहिलो वर्षदेखि नै पानी उत्पादन र वितरण सुरु गरेको थियो। उत्पादन क्षमता पर्याप्त भए पनि हाल निष्क्रियजस्तै बनेको छ।



पनौतीस्थित नेपाल खानेपानी संस्थान मिनिरल वाटर आयोजनाको पानी उद्योगको अनुगमन गर्दै खानेपानीमन्त्री अब्दुल खान।

■ संस्थानको उद्योगले कहाँबाट ल्याउँछ पानी ?

संस्थानको खानेपानी उद्योगले पनौतीको हरिडोल मुहानबाट पानी ल्याएर प्रशोधन गरी बोटलिङ गर्दै आएको थियो। तर, स्थानीयले सिँचाइका लागि पानी नपुगेको भन्दै अवरोध गरेपछि उद्योगको क्षमताअनुसार उत्पादन गर्न नपाएको नेपाल खानेपानी संस्थान, मिनिरल वाटर आयोजना प्रमुख रामचन्द्र न्यौपानेले बताए। उनका अनुसार यदि उद्योगले पर्याप्त खानेपानी र ठाउँ पाउने हो भने दैनिक एक हजार पाँच सय जारसम्म उत्पादन गर्न सक्छ। उनले भने, 'पर्याप्त पानी र ठाउँ अभाव छ, यदि मुहान तथा खोलाबाट आवश्यकताअनुसार पानी ल्याउन सकिए ठूलो मात्रामा उत्पादन गर्न सकिन्थ्यो।' संस्थानले हालसम्म बोटल वाटर उत्पादन गरेको छैन।

संस्थानका सूचना अधिकारी श्रेष्ठ भन्छन्- पर्याप्त ठाउँ र खानेपानी छैन



खानेपानी संस्थानका सूचना अधिकारी त्रिदीपकुमार श्रेष्ठका अनुसार उद्योगको क्षमता २४सै घन्टा चलाउन सक्ने खालको छ। तर, त्यसका लागि पर्याप्त ठाउँ र खानेपानी छैन।

■ उपत्यकाका बोटल वाटर उद्योग संघको सिन्डिकेट

काठमाडौं उपत्यकाभित्र खानेपानीमा नेपाल बोटल वाटर उद्योग संघको सिन्डिकेट छ। संघसँग आबद्ध उद्योगहरूले प्रतिजार १८ रुपैयाँका दरले डिपो तथा सप्लायर्सलाई खानेपानी दिन्छन्। सप्लायर्सले पसलेलाई प्रतिजार २५-३० रुपैयाँले दिन्छन्। तर, पसलेले २० रुपैयाँ कमिसन खाएर प्रतिजार ४५-५० रुपैयाँसम्ममा उपभोक्तालाई बेच्ने गरेका छन्।

खानेपानी उद्योगहरूले प्रतिबोटल ११ रुपैयाँमा सप्लायर्स कम्पनीलाई पानी उपलब्ध गराउँछन्। सप्लायर्सले १६-२० रुपैयाँ र पसलले ३० रुपैयाँसम्म बेच्ने गरेका छन्। संघले पानी उद्योगहरूलाई १२ वटा बोटलसहितको पानीको कार्टुनलाई एक सय २० रुपैयाँभन्दा बढी नलिन निर्देशन दिँदै आएको छ।

■ संघमा एक सय ५० उद्योग आबद्ध

संघमा उपत्यकामा एक सय ५० वटा निजी पानी उद्योग आबद्ध छन्। यी उद्योगहरूले सिंहदरबारदेखि मुख्य उत्पादन गरेको प्रतिजार पानीको मूल्य ६० रुपैयाँ छ। सिंहदरबार तथा निजी क्षेत्रलाई संस्थाले ६० रुपैयाँका दरले खानेपानी वितरण गर्दै आएको छ। थोरै मात्रामा उत्पादन गर्ने भएकाले ढुवानी खर्च बढी पर्ने हुँदा मूल्य बढी भएको आयोजना प्रमुख न्यौपानेले बताए।

■ संस्थानको भूमिकामाथि प्रश्न

देशभरका खानेपानीसँग सम्बन्धित संस्थाहरूको निगरानी र बोटल तथा जारको पानी उत्पादन गरेर सरकारी कार्यालयमा वितरण गर्ने उद्देश्यले ०६४ मा संस्थान काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट छुट्टिएको थियो। तर, त्यसयता एउटा मेसिन खरिद गर्नेबाहेक उक्त संस्थानले कुनै खास भूमिका निर्वाह गर्न सकेको छैन। सरकारी स्वामित्वको संस्थानको उद्योग टाट पल्टन लागेको भन्दै खानेपानीमन्त्री अब्दुल खानले त्यसलाई 'फुल फेज'मा सञ्चालन गर्न आयोजनालाई निर्देशन दिएका छन्। मन्त्री खानले जारसँगै बोटलको पानीसमेत उत्पादन गर्न संस्थानलाई निर्देशन दिएका छन्। संस्थानले हालसम्म खानेपानी उत्पादनमा खेलेको भूमिका प्रभावकारी नदेखिएको भन्दै मन्त्री खानले यो संस्थालाई व्यवस्थित बनाउन आवश्यक रहेको बताएका छन्।

■ सुन्दरीजलमा उद्योग खोल्ने मन्त्रालयको तयारी

खानेपानी मन्त्रालयले काठमाडौंको सुन्दरीजलमा अर्को उद्योग खोल्ने तयारी गरेको छ। संस्थानलाई नै जार तथा बोटल वाटर उत्पादनको जिम्मा दिने गरी मन्त्रालयले सुन्दरीजलमा उद्योग स्थापना गर्ने तयारी गरेको हो।

खानेपानीमन्त्री खानले सुन्दरीजल क्षेत्रमा मेलम्चीकै पानी प्रशोधन गरेर बोटल र जारमा भर्नुपर्ने भन्दै त्यसको अध्ययन गर्न संस्थानलाई निर्देशनसमेत दिएका छन्। उनले सो क्षेत्रमा संस्थानलाई उद्योग र उद्योग खोल्न आवश्यक पर्ने जग्गा उपलब्ध गराउने बताए। मन्त्री खानले उपत्यकाबाहिर कपिलवस्तु जिल्लामा पनि पानी उद्योग स्थापनाका लागि संस्थानलाई अध्ययन गर्न निर्देशन दिएका छन्।

संस्थानको उद्योग 'फुल फेज'मा सञ्चालन गर्नुपर्छ



● **अब्दुल खान**, खानेपानीमन्त्री

सरकारी स्वामित्वको खानेपानी संस्थान 'फुल फेज'मा सञ्चालन गर्न निर्देशन दिएको छु। अब यो उद्योगले जारसँगै बोटलको पानीसमेत उत्पादन गर्ने विश्वास लिएको छु।

सरकारी कार्यालय, होटेल, रेस्टुराँलगायतमा जार र बोटलको पानी सप्लाई गर्छन्। यसबाहेक गैरकानुनी तवरले खुलेका पानी उद्योगले पनि लुकिछिपी सप्लाई गर्छन्। पछिल्लो समय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र उद्योग विभागले आफूखुसी पानी उद्योग दर्ताको अनुमति दिँदा बजारमा अस्वस्थ प्रतिस्पर्धा भएको संघले जनाएको छ। वाणिज्य विभागको तथ्यांकअनुसार नेपालमा दर्ता भएका खानेपानी उद्योग पाँच सयभन्दा बढी छन्। यीमध्ये केही करको दायरामा आएका छैनन् भने केही उद्योगले कर छली गरेका छन्।

■ कसले किन्छन् संस्थानको खानेपानी ?

खानेपानी संस्थानले उत्पादन गरेको पानी सरकारी तथा निजी संघ-संस्थाहरूमा वितरण हुँदै आएको छ। गृह मन्त्रालय, खानेपानी मन्त्रालय, चौधरी ग्रुप, परराष्ट्र मन्त्रालय, विद्युत् विकास विभाग, सानिमा बैंक, ग्लोबल बैंक, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, कर्मचारी सञ्चय कोष पुल्चोक, सिटिजन बैंक, केयुकेएल र चौधरी ग्रुपमा खपत हुन्छ।

■ निजीको भन्दा संस्थानको पानी महँगो

निजी क्षेत्रले उत्पादन गरेको जारको पानी ४५-५० रुपैयाँमा उपलब्ध गराउँदै आएको छ। तर, संस्थानले

वीर अस्पतालमा 'बर्न वार्ड' सुरु हुँदै



देशकै सबैभन्दा पुरानो अस्पताल वीरको नयाँ भवनमा छिट्टै बर्न वार्ड सञ्चालन हुने निर्देशक डा. सन्तोष पौडेलले बताए

काठमाडौं/ वीर अस्पतालले 'बर्न वार्ड' सुरु गर्ने भएको छ। देशकै सबैभन्दा पुरानो अस्पताल वीरको नयाँ भवनमा छिट्टै बर्न वार्ड सञ्चालन हुने निर्देशक डा. सन्तोष पौडेलले बताए।

सिमुलेसन ल्याबसहित अन्य सेवामा विस्तार गर्ने गरी ६ तलाको नयाँ भवनको भुइँ तलामा रेडियोलोजी सेवा, ब्लड बैंक, फार्मेसी, पहिलो तलामा कोभिड नियन्त्रण सेवा र दोस्रो तलामा सर्जिकल वार्ड र कोभिड नियन्त्रण सेवा सञ्चालनमा रहेका छन्। त्यस्तै, तेस्रो तलामा सर्जिकल वार्ड र क्याबिन, चौथो तलामा १८ शय्यासहितको आइसियू सेवा, एचडियू (उच्च निर्भरता एकाइ), पोस्ट अपरेटिभ वार्ड र क्याबिन रहेका छन्। पाँचौं तलाामा शल्यक्रिया कक्ष र फार्मेसी र छैटौं तलामा सिमुलेसन ल्याब र कार्यालय सञ्चालनमा रहेका छन्।

गत वर्ष चैतदेखि सञ्चालनमा आएको उक्त उच्चस्तरको सिमुलेसन ल्याब चिकित्सकको सीप विकास गर्न तथा परीक्षण गर्न वीर अस्पतालको नयाँ भवनमा सञ्चालनमा आएको छ। विश्व स्वास्थ्य संगठनको सहायतामा हरेक प्रदेशको स्वास्थ्य तालिम केन्द्रमा पनि यस्तै सिमुलेसन ल्याब बनाउने योजना रहेको छ।

प्रादेशिकस्तरका ल्याबमा सिमुलेसन सञ्चालनका लागि वीर अस्पतालले तालिम प्रदान गर्ने हस्पिटलका प्रमुख कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट प्रा.डा. रविराम श्रेष्ठले जानकारी दिए। उनले भने, 'सिमुलेसन ल्याब एक खालको अस्पताल सेटअप नै हो। यो बिरामीलाई जाँच गर्नुभन्दा अगावै गर्ने एउटा परीक्षण विधि हो। बिरामीलाई जाँच्दा चाहिने उपकरणका सामान आवश्यकता पर्छ। चिकित्सक, नर्स पनि उही हुनेछन्। मात्र बिरामीको सट्टा डमीको विस्तारित रूप हुनेछ।' सिमुलेसन परीक्षणबाट धेरै हदसम्म चिकित्सकका कमजोरीलाई न्यूनीकरण गर्नमा सघाउ पुऱ्याउने डा. श्रेष्ठले बताए।

उक्त ल्याबमा चिकित्सकले एउटै रोगलाई पटक-पटक परीक्षण गर्न सकिने हुँदा परीक्षणका क्रममा आफ्ना कमिकमजोरी देखाउने र उक्त डमीमा सफ्टवेयर जडान हुने हुनाले बिरामीमा पर्न जाने पीडालाई पनि महसुस गर्न सकिने हुँदा सिकाइका लागि यो विधि अति उत्तम हुने अस्पतालका सह प्रा.डा. ऋतु प्रधानले बताए। रासस

सुनीतालाई कार्यवाहक प्रमुखको जिम्मेवारी दिएर बालेन्द्र गए बेलायत

काठमाडौं/ काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साह हेल्दी सिटिज समिटमा भाग लिन बेलायत गएका छन्। उनीसँगै स्वास्थ्य सल्लाहकार डा. जगदीश अग्रवाल, वडा २४ का अध्यक्ष विनोद राजभण्डारी र स्वकीय सचिव भूपदेव शाह पनि गएका छन्।

बेलायतको लन्डनमा मंगलबारदेखि २ चैतसम्म हेल्दी सिटिज समिट हुँदै छ। ब्लुमबर्ग फिलान्ट्रोपिक र विश्व स्वास्थ्य संगठन आयोजक रहेको सम्मेलनको सहआयोजनामा लन्डन सहरको मेयर रहेका छन्। शिखर सम्मेलनले मेयर र सहरका प्राविधिक कर्मचारीलाई गैरसंक्रामक (नसर्ने खालका रोग) र चोटपटकका कारण मानव स्वास्थ्यमा सिर्जना भएको विश्वव्यापी बोझसँग कसरी लड्ने भन्नेबारे सुझाव दिनेछ। सम्मेलनका निष्कर्षले स्वस्थ सहर निर्माण गर्न अग्रणी रणनीति बनाउने विश्वास लिइएको छ। विश्वमा सहरीकरण तीव्र गतिमा फैलिएको छ। जसका कारण अस्वस्थ सहरी आचरण र दुर्घटना बढेका छन्। सहरी केन्द्रमा बस्ने मानिस नसर्ने रोगका कारण मृत्युवरण गरिरहेका छन्। हृदय रोग, स्ट्रोक, क्यान्सर, मधुमेह, पुरानो श्वासप्रश्वासका रोगहरू मानव मृत्युको कारण बनिरहेका छन्। विश्वव्यापी रूपमा हेर्दा सबै मृत्युमध्ये ८० प्रतिशत मृत्यु चोटका कारण भइरहेको छ।

सहरमा बसोवास गर्ने मानिस नसर्ने रोगबाट आफूलाई बचाउन कमजोर हुँदै गएका छन्। यसवेला जीवन बचाउने र स्वस्थ सहर निर्माण गर्ने विषयमा साझा रणनीति चाहिएको छ। शिखर सम्मेलनले स्वस्थ र जीवन्त सहरहरू निर्माण गर्ने उत्कृष्ट अभ्यासमा छलफल गर्नेछ। सम्मेलनबाट मेयर र प्राविधिकको प्रतिनिधिमूलक सञ्जाल निर्माण हुनेछ। यसमार्फत नसर्ने खालका रोग र चोटपटक कम गर्ने रणनीति र उपायका क्षेत्रमा सहकार्य हुनेछ। प्रमुख साह ५ चैतमा स्वदेश फर्किनेछन्। यस अवधिका लागि उपप्रमुख सुनीता डंगोललाई कार्यवाहक प्रमुखको जिम्मेवारी दिएका छन्।

■ जनकल्याणमा शैक्षिक सामग्री प्रदर्शनी



काठमाडौं/ बौद्ध महाँकालस्थित जनकल्याण उच्च माविमा 'स्टिम क्लब'को आयोजनामा शैक्षिक सामग्री प्रदर्शनी गरिएको छ। कक्षा ४ देखि १२ सम्म अध्ययनरत विद्यार्थीले बनाएका शैक्षिक सामग्री विद्यालयपरिसरमा प्रदर्शनी गरिएको हो। विद्यार्थीले कागजको प्रयोग गरी विभिन्न चित्र तथा कागजका सामग्री तयार पारेका थिए। धरहरा, विभिन्न ऐतिहासिक स्थलहरू, फलफूल, बोटबिरुवालगायतका चित्र तथा सामग्री प्रदर्शनमा राखिएका थिए। उनीहरूले बनाएका सामग्री मंगलबार दिनभर प्रदर्शनमा राखिएका थिए। अन्य विद्यालयका शिक्षक तथा विद्यार्थी र अभिभावकले उक्त सामग्री अवलोकन गरेका थिए। विद्यार्थीलाई कागज सामग्री बनाउन स्टिम क्लबकी संयोजक मञ्जु बस्यालले सहयोग गरेकी थिइन्। विद्यार्थीलाई चित्रकलामा आकर्षक गर्न र उनीहरूको क्षमता विकासका लागि प्रोत्साहनमूलक प्रदर्शनी गरिएको विद्यालयकी प्रअ कुमारी कमला राईले जानकारी दिइन्। उनका अनुसार विद्यार्थीले कागज, मसीलगायतको प्रयोग गरी आकर्षक शैक्षिक सामग्री र चित्र तयार पारेका थिए।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थान प्रतिष्ठान
रविभवन, कालिमाटी, काठमाडौं
NATHM centre of excellence

तालिमका लागि दरखास्त आह्वान

यस प्रतिष्ठानद्वारा २०८० साल वैशाख महिनाबाट सञ्चालन गरिने निम्न तालिमहरूका लागि इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त पेस गर्न आह्वान गरिन्छ।

तालिमको विस्तृत विवरण

सूचना प्रकाशित मिति : २०७९।१२।०१

सि. न.	तालिम	न्यूनतम योग्यता	संख्या	अवधि	तालिम शुल्क	फाराम भर्ने अन्तिम मिति	सम्पर्क मिति	छनोट प्रक्रिया	तालिम सुरू हुने मिति
१	Tourist Guide	स्नातक वा सो सरह उत्तीर्ण भएको	१९२ जना	१० हप्ता	२५,०००/- (साथै Field Visit को व्यवस्थापन र खर्च प्रशिक्षार्थी आफैंले व्यहोर्नु पर्नेछ।)	२०७९।१२।२१	२०७९।१२।२४ (२ बजे पछि)	अन्तर्वार्ता	वैशाख महिनाको दोस्रो हप्ता
२	Basic Food Preparation and Control (Cook)	SEE वा सो सरह उत्तीर्ण भएको	४० जना	३ महिना	२५,०००/-	२०८०।०१।२१	२०८०।१।२६ (२ बजे पछि)	अन्तर्वार्ता	जेठ महिनाको दोस्रो हप्ता
३	Basic Food & Beverage Service(waiter)	SEE वा सो सरह उत्तीर्ण भएको	२० जना	३ महिना	१२,०००/-	२०८०।०१।२१	२०८०।१।२६ (२ बजे पछि)	अन्तर्वार्ता	जेठ महिनाको दोस्रो हप्ता
४	Bakery	SEE वा सो सरह उत्तीर्ण भएको	४० जना	१ महिना	२०,०००/-	२०७९।१२।२१	२०७९।१२।२४ (२ बजे पछि)	अन्तर्वार्ता	वैशाख महिनाको दोस्रो हप्ता
५	Basic Housekeeping	SEE वा सो सरह उत्तीर्ण भएको	४० जना	१ महिना	१०,०००/-	२०७९।१२।२१	२०७९।१२।२४ (२ बजे पछि)	अन्तर्वार्ता	वैशाख महिनाको दोस्रो हप्ता
६	Barista	SEE वा सो सरह उत्तीर्ण भएको	२० जना	१ महिना	२०,०००/-	२०७९।१२।२१	२०७९।१२।२४ (२ बजे पछि)	अन्तर्वार्ता	वैशाख महिनाको दोस्रो हप्ता
७	Bartending	SEE वा सो सरह उत्तीर्ण भएको	२० जना	१ महिना	२०,०००/-	२०७९।१२।२१	२०७९।१२।२४ (२ बजे पछि)	अन्तर्वार्ता	वैशाख महिनाको दोस्रो हप्ता

नोट :
१. दरखास्त फारामको साथमा २ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरू बुझाउनु अनिवार्य छ। दरखास्त फाराम दस्तुर रु.५००/- नेपाल पर्यटन तथा होटल व्यवस्थान प्रतिष्ठानको सिटिजन बैंक इन्टरनेसनल लिमिटेडमा रहेको चल्ती खाता नं. ०११०१०००००३६२०१ मा (जुनसुकै शाखा) वा यस प्रतिष्ठानको हाताभित्र रहेको सिटिजन बैंक इन्टरनेसनल लिमिटेडको Extension counter मा जम्मा गरेको भौचर दरखास्त फाराम साथ संलग्न हुनुपर्नेछ।
२. दरखास्त फाराम प्रतिष्ठानको वेबसाइट www.nathm.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।
३. अन्तर्वार्ता सम्बन्धी सूचना वेबसाइटमा राखिनेछ।

सम्पर्क नं. : ०१-५९७०६०५

मंगलबार उपत्यकामा

सूर्यविनायक : बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी सिन्धुपाल्चोक लिसंखु गाउँपालिका-४, मिजारटोल घर भई भक्तपुर सूर्यविनायक नगरपालिका-६ बस्ने ३२ वर्षीय विनोद लामालाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटनको २२ पुस ०७८ को फैसलाले बैंकिङ कसुर मुद्दामा सात दिन कैद र २१ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जबाट खटिएको प्रहरीले सूर्यविनायबाट पक्राउ गरेको हो।

विमानस्थल : नेपालमा प्रतिबन्धित भारतीय रुपैयाँ तीन लाख ३५ हजारसहित दुई अमेरिकी नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा अमेरिकी नागरिक ६९ वर्षीय थुप्तेन गिलेक ल्हासवा र ५९ वर्षीया कल्साङ छोदेन रहेका छन्। भिस्तारा एयरको उडानबाट दिल्ली प्रस्थान गर्न लागेका उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियाबाट पक्राउ गरिएको हो।

पाटन : नेपाल पत्रकार महासंघ ललितपुर शाखाले 'धर्मरत्न शाक्य जीवन्त पत्रकारिता पुस्कार कोष' स्थापना गरेको छ। महासंघ ललितपुर शाखाको मंगलबार बसेको कार्यसमिति बैठकले संस्थापक अध्यक्ष स्वर्गीय धर्मरत्न शाक्यको नाममा कोष स्थापना गर्ने निर्णय गरेको शाखाका अध्यक्ष सागर न्यौपानेले जानकारी दिए।

बुढानीलकण्ठ : गणित विषय गाह्रो हुन्छ भन्ने मानसिकताबाट विद्यार्थीलाई टाढा राख्न गणित उद्यान (म्याथ पार्क)को सुरुवात भएको छ। गणितलाई प्रयोगात्मक र जीवनोपयोगी बनाउने उद्देश्यले 'म्याथ पार्क'को सुरुवात गरिएको हो। बुढानीलकण्ठस्थित इम्पेरियल वर्ल्ड स्कुलले स्थापना गरेको म्याथ पार्कको मंगलबार उद्घाटन गरिएको छ। पाई डे तथा अन्तर्राष्ट्रिय गणित दिवसको अवसर पारेर आयोजित कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयकी सचिव प्रमिलादेवी बज्राचार्यले पार्कको उद्घाटन गरिन्।

संशोधनको सूचना

व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान भैसेपाटी, ललितपुरको मिति २०७५/११/२७ गते नयांपत्रिका दैनिकमा प्रकाशित निःशुल्क रुपमा आधारभुत सीपमूलक तालिम संचालन हुने सम्बन्धी सूचनाको क्र.सं. २४ मा तालिम को विषय बारिष्टा ३५० घण्टा मा भिमाद नगरपालिका तनहुं संख्या ४० प्राविधिक कारणले छुट्न गएकोले संसोधन गरि थप गरिएको छ ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

अवधि भुक्तानी तथा आंशिक अवधि भुक्तानी लिन आउने सम्बन्धमा

यस कम्पनीबाट विभिन्न मितिमा विभिन्न योजना अन्तर्गत बीमालेख लिनु भएका, तर योजना बमोजिमको रकम लिने समय भैसक्दा समेत हालसम्म अवधि भुक्तानी (Maturity) रकम तथा आंशिक अवधि भुक्तानी (Survival) रकम नलिनु भएका बीमीत/हकवालाले आफ्नो बीमालेख अन्तर्गतको सुविधा रकम प्राप्त गर्न यथाशीघ्र यस कम्पनीको शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन अनुरोध गर्दछौं ।

रजिष्टर्ड कार्यालय: वीरगञ्ज, पर्सा
प्रधान कार्यालय: क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बर: ५७७-१-५५७०५७१ , फ्याक्स नं. ५७७-१-४१६५०७५
इमेल: info@nepallife.com.np वेबसाइट: www.nepallife.com.np
किनकि जीवन अमूल्य छ...

■ ह्युमन राइट्स वाचको प्रतिवेदन

भुटानमा राजबन्दीहरूको अवस्था अमानवीय, सजाय माफी गरेर रिहा गर्न माग

पर्शुराम काफ्ले/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था ह्युमन राइट्स वाचले भुटानमा जेलमा रहेका सबै राजबन्दीको सजाय खारेज गर्दै उनीहरूलाई विनासर्त रिहाइ गर्न माग गरेको छ। नेपाली समयअनुसार सोमबार राति न्युयोर्कबाट जारी प्रतिवेदनमा वाचले विभिन्न जेलमा रहेका ३७ जना भुटानी बन्दीहरूको विवरण पनि सार्वजनिक गरेको छ।

भुटान सन् २००८ देखि सक्रिय राजतन्त्रबाट संवैधानिक राजसंस्थामा बदलिएको, तर त्यहाँका अदालतहरूले कथित राष्ट्रिय सुरक्षा अपराधमा सन् २००८ अघि नेपालीभाषीसहित भुटानी नागरिकलाई पक्राउ गरी लामो सजाय सुनाएको भन्दै आपत्ति जनाएको छ। भुटानी कार्यकर्ताहरूले राजा जिग्मे खेसर नामग्याल वाङ्चुकलाई बन्दीहरूमाथि आममाफीका लागि गरेको अपिल सम्बोधन गर्न पनि वाचले माग गरेको छ।

■ **मीनाक्षी गांगुली**, दक्षिण एसिया निर्देशक, ह्युमन राइट्स वाच



भुटानको सार्वजनिक रूपमा प्रचार गरिएको ग्रस नेसनल ह्याप्पिनेस सिद्धान्तले दशकौंदेखि जेलमा रहेका यी गलत रूपमा सजाय पाएका राजनीतिक कैदीहरूलाई समावेश गर्दैन। भुटानी अधिकारीहरूले लामो समयदेखि बन्दीहरू र तिनीहरूका परिवारहरूलाई भएको क्षतिलाई बुझेर तुरुन्तै स्थितिको समाधान गर्नुपर्छ।

वाचका अनुसार भुटानमा राजनीतिक कैदीहरूको कुल संख्या अज्ञात छ। वाचले सन् १९९० देखि २०१० को बीचमा पहिलोपटक हिरासतमा राखिएका ३७ जना राजबन्दीहरूसँग सम्बन्धित जानकारी संकलन गरेको छ। 'तिनीहरूमध्ये धेरैजसो अन्य कैदीहरूबाट अलग राखिएका छन्, कमजोर अवस्थामा, धेरै शारीरिक अशक्तता वा पीडा भोगिरहेका छन्। आफ्नो परिवारसँग नियमित सञ्चारका लागि वञ्चितमा छन्,' वाचको प्रतिवेदनमा भनिएको छ।

सन् २००८ मा तीनजना नेपालीभाषीहरू शरणार्थी नभए पनि स्वदेश फर्कन खोजेका शरणार्थीलाई सहयोग गरेको अभियोगमा पक्राउ परेका थिए। 'ह्युमन राइट्स वाचले हेरेका अदालतका कागजात प्रक्रियाले आधारभूत निष्पक्ष परीक्षण मापदण्ड पूरा नगरेको देखाउँछ,' प्रतिवेदनमा उल्लेख छ। वाचले पहिचान गरेका ३२ जना नेपालीभाषी राजनीतिक बन्दीमध्ये १५ जनालाई आफ्नो समुदायमाथि दुर्व्यवहारको विरोध गरेकोमा सन् १९९० देखि जेल सजाय सुनाइएको थियो। यो समूहमा भुटानी सेनाका आठ भूतपूर्व सैनिक पनि छन्। उनीहरूलाई देशद्रोहको अभियोग लगाइएको छ।

राजधानी थिम्पुनजिकैको चेमगाङ केन्द्रीय कारागारमा २५ जना राजनीतिक बन्दी राखिएको छ। कारागारमा खाना र लत्ताकपडाको अपुग छ भने कारागारको अवस्था नराम्रो छ। वाचका अनुसार पूर्वसैनिकहरूसहित अन्य १० राजनीतिक बन्दीलाई थिम्पुबाट दुर्गम रबुना भन्ने ठाउँमा राखिएको छ। भविष्यमा फर्केर आउन मुस्किल रहेको भनिने रबुना जेलमा यातनापूर्ण तरिकाले बन्दी राख्ने गरिएको छ। 'कैदीहरूले विशेष गरी यातनाका कारण गम्भीर स्वास्थ्य समस्या भोगेका छन्। शारीरिक रोग भएकाहरूले जेलमा पर्याप्त उपचार पाउँदैनन्, उपचार अभावमा दुईजना बन्दीको मृत्यु भएको थियो,' प्रतिवेदनमा भनिएको छ। वाचले यसबारेमा भुटान सरकारको प्रतिक्रियाका लागि कोसिस गरेको, तर प्रतिक्रिया नपाएको पनि प्रतिवेदनमा लेखेको छ।

भुटानी कानुनले राजालाई आममाफी दिने अधिकार दिएको छ। सन् १९९९ मा तत्कालीन राजा जिग्मे खेसर नामग्याल वाङ्चुकले आजीवन कारावासको सजाय भोगिरहेका ४० राजनीतिक बन्दीहरूलाई आममाफी दिएका थिए। २०२२ मा वर्तमान राजा जिग्मे खेसर नामग्याल वाङ्चुकले आजीवन कारावासको सजाय भोगिरहेका एकजना राजनीतिक कैदीलाई आममाफी दिएका थिए। गांगुलीले भनेकी छिन्, 'राजनीतिक कैदीहरूलाई लामो समयको कारावास र दुर्व्यवहार भुटानको मानवअधिकार रेकर्डका लागि कालो धब्बा बनेको छ। भुटान सरकारले राजनीतिक बन्दीहरूलाई रिहा गर्नुपर्छ र हिरासतमा यातना, अनुचित परीक्षण र जेलको भौतिक अवस्था सुधारका लागि प्रयास गर्नुपर्छ।'

भुटानी जेलमा रहेका राजबन्दीहरू



रिन्जिन वाङ्दी, तेन्जिङ गावा जाङ्पो, किन्ले पेन्जोर, किन्ले ग्याल्टसेन, डेचेन वाङ्मो, रामलाल रावत, विष्णु राई, मधुलाल बुढाथोकी, एमबी भुजेल, लोकबहादुर घले, शुभद्र गुरुङ, कुमार राई, प्रेम राई, रामबहादुर राई, विष्णु राई, गंगाराम ढकाल, भक्तबहादुर राई, मणिकुमार प्रधान, मधुकर मगर, प्रकाश मगर, हर्कबहादुर गुरुङ, डम्बरसिंह पुलामी, योगीप्रसाद सुब्बा, कुमार गौतम, हस्तबहादुर राई, सुकमान मगर, बिर्खबहादुर क्षेत्री, गोविन्द निरौला, नन्दलाल बस्नेत, ओमनाथ अधिकारी, खगेन्द्र खनाल, आइतराज राई, सनमान गुरुङ, चतुरमान तामाङ, चन्द्रराज राई, प्रतापसिंह भट्टराई, चन्द्रमान सुब्बा र भीमबहादुर राई।

■ ३७ राजनीतिक बन्दीको पहिचान

ह्युमन राइट्स वाचले भुटानको जेलमा रहेका ३७ राजनीतिक बन्दीहरूको पहिचान गर्न सफल भएको जनाएको छ। गत वर्ष ११ जना पूर्वबन्दीहरू तथा अहिले बन्दी अवस्थामा रहेका व्यक्तिका आठजना आफन्तसँग जेलको अवस्थाबारे सोधखोज गरेको थियो। वाचले नेपालको बेलडाँगी शरणार्थी शिविरमा रहेका पूर्वकैदीहरू, साक्षीहरू र कैदीहरूका आफन्तहरूसँग पनि कुराकानी गरेको जनाएको छ। तर, भुटानी अधिकारीहरूले हालका राजनीतिक बन्दीहरूका बारेमा कुनै जानकारी नदिएको वाचले जनाएको छ।

भुटानका सुरक्षाकर्मीले हिरासतमा लिएर यातना दिएको तथा सरकारले चाहेअनुसारको लिखित बयानपत्रमा हस्ताक्षर गर्न लगाएर जेल पठाएको पीडितहरूले वाचलाई बताएका छन्। सन् १९९० को दशकमा पक्राउ परेकाहरूलाई सबैभन्दा खराब दुर्व्यवहार गरिएको पनि वाचले जनाएको छ। वाचलाई पीडितका आफन्त तथा जेलबाट निस्केकाहरूले दिएको जानकारीअनुसार भुटानका प्रहरीले बन्दीहरूको तीव्राको बीचमा दाउराका टुक्रा राखेर कुल्चेको, बन्दीहरूलाई बोराभित्र राखेर गाडीमा राखिएको, मृत्युदण्डको भय देखाएर यातना दिएको, काँडेतारले घोचेर शरीरबाट रगत निकालिएको उल्लेख गरेका छन्।

सन् २०१९ मा संयुक्त राष्ट्रसंघको एउटा कार्यदलले स्वेच्छाचारी नजरबन्दमा राष्ट्रिय सुरक्षा कानुनअन्तर्गत बन्दी बनाइएका व्यक्तिहरूसँग कुराकानी गरेको थियो। त्यसवेला कानुनी मान्यताको उल्लंघन भएको उनीहरूले प्रतिवेदन दिएका थिए। उनीहरूको मुद्दामा संलग्न सबै वकिलले बन्दीका पक्षमा होइन, सरकारको तर्फबाट बहस गरेका थिए।

ह्युमन राइट्स वाचले २०२२ मार्चमा प्राप्त गरेको जानकारीअनुसार जेल अधिकारीहरूले बन्दीहरूलाई विगतका तुलनामा खाद्यान्न आपूर्तिमा कटौती गरेको बताएका छन्। जाडोयाममा लुगा दिन बन्दप्रायः गरेको र खाना पकाउन दाउरा पनि घटाएको जानकारी पाएको वाचले जनाएको छ। खाना र ओढ्ने ओछ्याउने कपडा पनि पर्याप्त छैन।

बन्दीहरूलाई नेपाल वा शरणार्थी पुनर्वास भएका अन्य देशहरूमा टेलिफोन कल गर्न वा प्राप्त गर्न पूर्ण रोक लगाइएको छ। उनीहरूलाई पत्र पठाउन वा पत्र पाउन पनि रोक लगाइएको छ। वाचको प्रतिवेदनमा उल्लेख छ, 'सञ्चारको अभावले बन्दी र उनीहरूको परिवार दुवैलाई पीडा थपिएको छ।' अस्ट्रेलिया, क्यानडा वा अमेरिकाजस्ता टाढा बसोवास गरेका केही शरणार्थी परिवारहरूले वर्षौंदेखि आफ्ना कैदमा परेका आफन्तहरूसँग सम्पर्क गर्न सकेका छैनन्। भुटानमा थुनामा रहेका आफ्ना आफन्तसँग नजिक हुन तीन शरणार्थी परिवारले तेस्रो देशमा नबस्ने निर्णय गरे, अहिले थोरै जनसंख्या भएको बेलडाँगी शरणार्थी शिविरमा छन्। 'छोराविना म जान सक्दिनँ,' राजनीतिक बन्दी ओमनाथ अधिकारीकी आमा डम्बरकुमारी अधिकारीले भनिन्।

भुटानमा मृत्युदण्डको सजाय छैन। तर, भुटानको न्यायपालिका, २०२२ को दण्ड निर्देशनमा भनिएको छ, 'आजीवन कारावासको सजाय पाएको अपराधी उसको मृत्यु नभएसम्म वा माफी वा अन्यथा एक निश्चित अवधिमा परिवर्तन नभएसम्म वा शाही माफी नपाएसम्म जेलमै रहनेछ।' वाचको निष्कर्ष छ, 'स्वेच्छाचारी नजरबन्दपछि आजीवन कारावासको सजाय भोगिरहेका ती बन्दीहरूलाई आममाफीको अपवादबाहेक रिहाइको कुनै सम्भावना छैन।'

■ भुटान र राष्ट्रसंघलाई आग्रह

वाचले भूटानलाई हिरासतमा यातना र अन्य दुर्व्यवहार भोगेका वर्तमान र पूर्वकैदीहरूलाई तत्काल र पर्याप्त उपचार उपलब्ध गराउन माग गरेको छ। 'सबै कैदीहरूले खाना, पर्याप्त ओछ्यान, न्यानो लुगा, र चिकित्सा उपचारसहित हेरचाहको आधारभूत स्तर प्राप्त गर्ने कुरा सुनिश्चित गर्नुहोस्,' वाचले भनेको छ, 'अन्तर्राष्ट्रिय मानवीय एजेन्सीहरूलाई जेल प्रणालीमा आमन्त्रित गर्नुहोस् र तिनीहरूलाई बन्दीमा पूर्ण र अप्रतिबन्धित पहुँच दिनुहोस्।' मानव अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्न राष्ट्रिय सुरक्षा ऐनको संशोधनका लागि पनि वाचले सुझाव दिएको छ।

पौडेललाई चिनियाँ राष्ट्रपति र जापानी प्रधानमन्त्रीको बधाई



सी जिनपिङ



किसिदा फुमियो

काठमाडौं/ चिनियाँ राष्ट्रपति सी जिनपिङ र जापानका प्रधानमन्त्री किसिदा फुमियोले राष्ट्रपति रामचन्द्र पौडेललाई बधाई सन्देश पठाएका छन्। चिनियाँ राष्ट्रपति सीले नेपाल र चीन हिमाल र नदीले जोडिएका मित्रवत् छिमेकी भएको उल्लेख गर्दै सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि शान्तिपूर्ण सहअस्तित्व, मित्रता र पारस्परिक सहयोगको राम्रो उदाहरण प्रस्तुत हुँदै आएको लिखित सन्देशमा उल्लेख गरेका छन्।

चिनियाँ राष्ट्रपति सीले नेपाल-चीन सम्बन्धको विकासलाई आफूले निकै महत्त्व दिएको बताएका छन्। उनले दुई देशबीचको परम्परागत मित्रतालाई अगाडि बढाउन, आपसी राजनीतिक विश्वासलाई सुदृढ गर्न, उच्च गुणस्तरको बेल्ट एन्ड रोड सहकार्यलाई अगाडि बढाउन र विस्तार गर्न राष्ट्रपति पौडेलसँग मिलेर काम गर्न इच्छुक रहेको बताएका छन्। सीले पठाएको चिठीमा विकास र समृद्धिका लागि चिरस्थायी मित्रतासहितको सहयोगको रणनीतिक साझेदारीलाई निरन्तर प्रवर्द्धन गर्न जनस्तरबीच सांस्कृतिक आदानप्रदानमा पनि जोड दिएका छन्।

जापानका प्रधानमन्त्री किसिदा फुमियोले राष्ट्रपति पौडेललाई बधाई दिँदै नेपालसँग मिलेर काम गर्ने तत्परता व्यक्त गरेका छन्। राष्ट्रपति पौडेलको नेतृत्वमा दुई देशबीचको द्विपक्षीय सम्बन्ध र मित्रता प्रवर्द्धन हुने भन्दै जापानले सहकार्य गर्ने वचनबद्धता जनाएको छ। पौडेलको नेतृत्वमा नेपालमा सामाजिक र आर्थिक विकासमा प्रगति हुने पनि उनले विश्वास व्यक्त गरेका छन्।

हतियार देखाएर माओवादीले धम्क्याइरहेको ओलीको आरोप



काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रले राष्ट्रिय मानव अधिकार आयोगलाई धम्क्याइरहेको आरोप लगाएका छन्। एमाले सम्बद्ध मानवअधिकार क्षेत्रको जनसंगठन मानवअधिकार एलाइन्सको बृहत् राष्ट्रिय सम्मेलनको मंगलबार उद्घाटन गर्दै ओलीले यसप्रति असन्तुष्टि पनि जनाएका छन्।

'नेपालको राजनीतिको एउटा पक्ष छ, जसले आफूलाई भनेजस्तो भएन भने मानव अधिकार आयोगलाई पनि धम्की दिन्छ। मानव अधिकार आयोगलाई घेराबन्दी गर्छन्, तर्साउँछन्, धम्क्याउँछन्', ओलीले भने, 'खुलेआम हाम्रा खुकुरीमा खिया लागेको छैन, बन्दुकमा खिया लागेको छैन भन्छन्।' ओलीले बुद्ध जन्मिएका देश भएको हुनाले नेपाल कहिले पनि संयुक्त राष्ट्रसंघको बडापत्र, विश्वव्यापी घोषणापत्रविपरीत मृत्युदण्डको पक्षपाती हुन नसक्ने बताए।

एमाले पोलिटब्युरो सदस्य पार्वत गुरुङले एलाइन्समा आबद्ध मानव अधिकार रक्षक सामाजिक न्याय, समानता र जनताको अधिकार रक्षाको पक्षमा दृढतापूर्वक उभिनुपर्नेमा जोड दिए। दुईदिने राष्ट्रिय सम्मेलनमा सात सय ५३ वटै स्थानीय तहबाट मानव अधिकार रक्षक सहभागी छन्।

■ सेवाप्रवाहमा सुधार ल्याउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सेवाप्रवाहमा सुधार ल्याउन आफ्नो कार्यालयमातहतका कार्यालय तथा विभागहरूलाई निर्देशन दिएका छन्। मंगलबार प्रधानमन्त्री कार्यालयमा आयोजित दोस्रो त्रैमासिक बैठकमा उनले यस्तो बताएका हुन्।

प्रधानमन्त्री कार्यालयअन्तर्गतका १० वटै निकायको वार्षिक कार्यक्रमअनुसारको निर्धारित लक्ष्य, तिनको प्रगति र कार्यान्वयनको अवस्थाबारे कार्यालयले प्रधानमन्त्रीसमक्ष प्रस्तुति दिएको थियो। राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, लगानी बोर्डको कार्यालय, नेपाल ट्रस्टको कार्यालयलगायत कार्यालयअन्तर्गतका १० वटै निकायले पेस गरेको प्रगति विवरणलाई समेटेर एकीकृत प्रतिवेदन कार्यालयले नै प्रधानमन्त्रीलाई प्रस्तुति दिएको थियो।

■ सामाजिक सुरक्षाको एकीकृत लगत बनाइने

काठमाडौं/ सामाजिक सुरक्षा लक्षित वर्गमा पुऱ्याउन र यसको दुरुपयोग रोक्न सरकारले यससम्बन्धी एकीकृत लगत बनाउने भएको छ। गृह मन्त्रालयअन्तर्गतका राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यससम्बन्धी परियोजना अघि बढाएको छ।

सबै प्रकारका समाजिक सुरक्षाको विवरण एकैठाउँमा राख्ने गरी 'एकीकृत सामाजिक लगत' बनाउन लागिएको हो। यसमा सामाजिक सुरक्षाको लाभ लिने सबैको विवरण राखिने र यसबाट लक्षित वर्ग पहिचान गर्न सहज हुने लक्ष्य राखिएको छ। 'हाल राज्यका ११ निकायबाट ८६ किसिमको सामाजिक सुरक्षा वितरण हुने गरेको छ,' राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक कृष्ण पौडेलले भने, 'सामाजिक र आर्थिक रूपमा पछि परेका समुदायलाई सामाजिक सुरक्षा दिने भन्ने राज्यको नीति हो, त्योअनुसार वितरण गर्ने यो कार्यक्रम प्रमुख उद्देश्य हो।' विश्व बैंकको ऋण सहयोगमा यो कार्यक्रम सुरु हुन लागेको हो। यसले सामाजिक सुरक्षाको दोहोरोपन अन्त्य हुने दाबी छ। पेन्सन पाउनेहरूले सामाजिक सुरक्षा लिन मिल्दैन। तर, राज्यको कमजोर प्रणालीको फाइदा लिँदै धेरैले दोहोरो सुविधा लिँदै आएको आशंका छ।

यद्यपि, यो परियोजना विभागभित्रै विवाद छ। करिब सात करोड रुपैयाँ लागतमा सुरु हुन लागेको परियोजनाका लागि वैदेशिक ऋण लिनु नै गलत भएको गृह मन्त्रालयका अधिकारी बताउँछन्। सामाजिक सुरक्षा वितरण गर्ने कार्यालयले यस्तो परियोजना चलाउन हुन्छ कि हुँदैन तथा यसको दिगोपनामाथि प्रश्न छ। 'हाम्रो इच्छाभन्दा पनि विश्व बैंककै इच्छाअनुसार यो कार्यक्रम सुरु हुन लागेको हो,' गृह मन्त्रालय स्रोत भन्छ, 'यसमा विभागका केही कर्मचारीको पनि स्वार्थ छ।' एकीकृत लगतको काम आवश्यक भए पनि ऋण लिएरै गर्नुपर्ने नभई आन्तरिक रूपमै गर्न सकिने कर्मचारी बताउँछन्।

हाल विभागमा विश्व बैंकको सहयोगमा सामाजिक सुरक्षा तथा घटना दर्ता सुदृढीकरण आयोजना सञ्चालन भइरहेको छ। जुन सन् २०२४ मा सकिँदै छ। सो आयोजनालाई निरन्तरता दिन दाताकै स्वार्थमा अर्को कार्यक्रम सुरु हुन लागेको स्रोत बताउँछ। यससम्बन्धी कार्ययोजना मन्त्रिपरिषद्ले स्वीकृत गरिसकेको छ। तर, कुन ऐनअनुसार कार्ययोजना बनाइएको भनेर प्रस्ट उल्लेख छैन। जब कि ऐनमा आधारित भएर कार्ययोजना बनाउने गरिन्छ।

ढुवानीकर्ताको लापरबाहीले खाद्यान्न संकट व्यहोर्दै हुम्लावासी

साढे ११ सय क्विन्टल चामल नेपालगन्जमै रोकियो, सरकारले समयमा कोटा थप गरी ढुवानीको व्यवस्था नगरे हुम्लामा खाद्यान्न संकट निम्तिने

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

चालू आर्थिक वर्षका लागि हुम्लामा १५ हजार क्विन्टल चामल आवश्यक छ। तर, अहिले २७ सय क्विन्टल चामल मात्र मौज्दात रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी हुम्लाका प्रमुख कृष्ण अधिकारीले जानकारी दिए। उनले मौज्दात रहेको चामल ७-१५ चैतसम्म वितरण गर्दा सकिने बताए। 'यो पर्यटनको समय हो। पर्यटक आउनेबित्तिकै खाद्यान्न संकट आउन सक्छ,' उनले भने।

हुम्लाका किसानले भदौपछि मात्र हिउँदेबाली भित्र्याउने भएकाले वैशाख, जेठमा खाद्यान्न संकट आउने अधिकारीको भनाइ छ। सरकारले समयमा कोटा थप गरी ढुवानीको व्यवस्था नगरे हुम्लामा खाद्यान्न संकट निम्तिने उनले दाबी गरे। 'समयमा व्यवस्था नगरे अघिल्लो वर्षजस्तै यो वर्ष पनि खाद्य संकट आउने निश्चित छ। सरकारले हुम्लाका लागि कोटा थपोस् र ढुवानीको व्यवस्था मिलाओस्,' उनले भने।

सरकारले हुम्लामा खाद्यान्न संकट हुन नदिन चामलको कोटा निर्धारण गरेको छ। सहज, सरल र छिटो पुऱ्याउन सरकारले हवाई तथा स्थलमार्गबाट ढुवानी गर्ने व्यवस्था मिलाएको छ। हवाईमार्गबाट १० हजार क्विन्टल चामल ढुवानी गर्ने व्यवस्था मिलाइएको कार्यालय प्रमुख अधिकारीले बताए। नेपालगन्ज, राजापुर, सुर्खेत र धनगढीबाट एक-एक हजार गरी चार हजार क्विन्टल चामल स्थलमार्गबाट हुम्ला लैजाने व्यवस्था मिलाइएको छ।

उनले नेपालगन्जबाट चार हजार र सुर्खेतबाट ६ हजार क्विन्टल चामल कार्गोमार्फत हुम्ला लैजान सप्लायर्ससँग ठेक्का सम्झौता भएको बताए। 'हवाईमार्गबाट १२ सय क्विन्टल मात्र ढुवानी गर्न बाँकी छ, तर, स्थलमार्गबाट ढुवानी गर्नुपर्ने चार हजार क्विन्टलमध्ये नौ सय क्विन्टल मात्र ढुवानी भएको छ,' उनले भने।

स्थलमार्गबाट चामल ढुवानी गर्न सप्लायर्सले ढुवानी गर्न ठेक्का सम्झौता गर्छन्। सरकारले खोलेको टेन्डरमा न्यूनतम मूल्य राखेर ढुवानी गर्न राजी हुन्छन्। न्यूनतम मूल्य राखेर ठेक्का सकार गरेका सप्लायर्सहरूलाई घाटा हुन थालेपछि ढुवानी नगरी चामल थन्क्याउने गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी हुम्लाका प्रमुख अधिकारीले बताए। उनले नेपालगन्जबाट प्रतिकिलो ४६ रुपैयाँका दरले एलबी कम्पनीले ठेक्का लिएको बताए। तर, नेपालगन्जबाट स्थलमार्ग भएर ढुवानी गर्दा प्रतिकिलो सय रूपैयाँ खर्च लाग्छ। उनले सडकका कारण नभई ढुवानीकर्ताको लापरबाहीका कारण स्थलमार्गबाट चामल ढुवानी हुन नसकेको स्पष्ट पारे। 'ठेक्का पाउन कम दरमा ढुवानी गर्छु भन्दै ठेक्का सम्झौता गर्नेहरू घाटा लाग्न थालेपछि विभिन्न बहाना बनाएर ढुवानी गर्दैनन्। सडक दोषी होइन, ढुवानीकर्ताको लापरवाही हो,' उनले भने।



एलबी सप्लायर्सले हवाईमार्गबाट हुम्ला लैजान लागेको चामल नेपालगन्जमा थन्किएको छ

■ ताकेता गर्दा पनि टेर्दैनन् ढुवानीकर्ता

स्थलमार्गबाट हुम्ला पठाउनुपर्ने एक हजार एक सय ५० क्विन्टल चामल नेपालगन्जमा रोकिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी नेपालगन्जका प्रमुख रामशरण लामिछानेले बताए। उनले स्थलमार्गबाट एक हजार पाँच सय क्विन्टल चामल ढुवानी गर्न एलबी सप्लायर्सले जिम्मा पाएकोमा अहिलेसम्म तीन सय ५० क्विन्टल मात्र ढुवानी भएको जानकारी दिए। 'ढुवानी गर्ने समयावधि आगामी असारमा सकिँदै छ, तर सप्लायर्सले अहिलेसम्म तीन सय क्विन्टल मात्र ढुवानी गरेको छ,' उनले भने।

चामल ढुवानी नभएको जानकारी जिल्ला प्रशासन कार्यालयलाई गराएपछि सप्लायर्सले तीन सय क्विन्टल चामल हुम्ला पठाएको उनले बताए। 'चामल ढुवानीका लागि सप्लायर्ससँग समन्वय गरिदिन हुम्लाका प्रमुख जिल्ला अधिकारीलाई तीन-चारपटक परिपत्र गर्‍यौं, त्यसपछि सप्लायर्सले दुई सय क्विन्टल चामल ढुवानी गऱ्यो,' उनले भने।

हुम्लामा खाद्यान्न अभाव भएको गुनासोपछि सरकारले हवाईमार्गबाट दुई हजार क्विन्टल र स्थलमार्गबाट तीन हजार पाँच सय क्विन्टल चामल पठाउने निर्णय गरेको थियो। हवाईमार्गबाट ढुवानी गर्ने जिम्मा तारा एयरलायन्सले पाएको छ। ताराले अहिलेसम्म एक हजार ६ सय ५० क्विन्टल चामल ढुवानी गरिसकेको उनले बताए। 'हवाईमार्गबाट चामल ढुवानी सन्तोषजनक भए पनि स्थलमार्गबाट हुन सकेको छैन,' उनले भने, 'लामो समयसम्म ताकेता गर्दा पनि स्थलमार्गबाट ढुवानी हुन सकेन।'

■ ढुवानी नगर्ने सप्लायर्सलाई कालोसूचीमा राख्ने निर्णय

सप्लायर्सले समयमा चामल ढुवानी गर्न नसके कालोसूचीमा राख्ने निर्णय हुम्लास्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीले निर्णय गरेको नेपालगन्ज प्रमुख लामिछानेले बताए। नेपालगन्जको गोदाममा एक हजार क्विन्टल चामल मौज्दात रहेको बताउँदै उनले हुम्ला पठाउने चामल माग हुनेबित्तिकै व्यवस्था गर्ने बताए। '४० हजार क्विन्टल चामल सप्लाई गर्ने कोटा नेपालगन्ज शाखालाई थियो। अहिलेसम्म ३० हजार क्विन्टल विभिन्न जिल्लामा सप्लाई भइसक्यो। आवश्यक परे अन्य जिल्ला शाखाबाट ल्याएर व्यवस्था गर्नेछौं,' उनले भने।

■ सडक देखाउँदै पन्छिन खोज्छन् ढुवानीकर्ता

एलबी सप्लायर्सका प्रतिनिधि तिलक शाही भने हुम्ला जाने सडक बिग्रिएकाले चामल ढुवानी गर्न नसकिएको बताउँछन्। उनले सुर्खेत-हुम्ला सडकअन्तर्गत बाजुराको दुई ठाउँमा अवरुद्ध सडक समयमा सुचारु नहुँदा चामल ढुवानी गर्न ढिलाइ भएको बताए। उनले सडक राम्रो भए मात्र कोटाअनुसारको चामल हुम्ला ढुवानी गर्न सकिने बताए। 'पुससम्म सडक थिएन। माघ र फागुनमा तीन ट्रक चामल हुम्ला पठायौं,' उनले भने, 'सडकले साथ दिए असारअघि नै ढुवानी गरिसक्छौं।' हवाईमार्गभन्दा स्थलमार्गबाट चामल ढुवानी गर्न गाह्रो हुने उनले बताए। मौसम खराब भए मात्र हवाई यातायात बन्द हुन्छ। सानो पानी पर्नेबित्तिकै सडक बिग्रिएर यातायात अवरुद्ध हुन्छ,' शाहीले भने।

■ दक्षिण कोरियाका १२० बौद्ध तीर्थयात्री पैदलै लुम्बिनीमा



भैरहवा/ दक्षिण कोरियाका एक सय २० बौद्ध भिक्षु-भिक्षुणीसहित बौद्ध तीर्थयात्री पैदल लुम्बिनी पुगेका छन्। ९ फेब्रुअरीमा भारतको नयाँदिल्लीबाट पैदल तीर्थयात्रा सुरु गरेका उनीहरू बोधगया, सारनाथ, कुशीनगर हुँदै बेलहिया नाकाबाट मंगलबार लुम्बिनी आइपुगेका हुन्।

३५ दिन बढी पैदल यात्रा गरेका बेलहिया नाकामा आइपुग्दा भने २२ वटा साना गाडी प्रयोग गरेर आएका थिए। मायादेवी मन्दिरभित्र रहेको बुद्धजन्म स्मारक (मार्कर स्टोन), पुष्करणी ताल, अशोक स्तम्भको अवलोकनसँगै मायादेवी प्रांगणमा विश्वशान्तिको कामना गर्दै अग्रज भिक्षु छासुडले प्रवचन दिएका थिए।

चाहियो

सिन्धुपाल्चोक बलेफी सडक खण्डमा काम गर्ने **सबओभरसियर** चाहियो।

मासिक तलब : ४० हजार माथि

सम्पर्क :
कविर कन्ट्रक्सन
फोन : ९८६५४६४५७७
९८५१०१६७८९
Email:
kabirconstruction159@gmail.com

NEPAL CANCER HOSPITAL & Research Center Ltd. "Care with Excellence"

quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No. 23808/0

Nepal Cancer Hospital and Research Center Ltd.
Harisiddhi, Lalitpur, Tel: 01-5911312

INVITATION OF SEALED QUOTATION FOR SECURITY SERVICES

Date of first Publication: 15th March 2023

Reference: NCHRC/01/2079/80

The Nepal Cancer Hospital and Research Center Ltd. (NCHRC), Harisiddhi, Lalitpur invites sealed quotations from registered companies with a minimum of three years of experience in this field for 'Security Services'.

Eligible bidders may obtain further information and inspect the site and the Bidding Documents at the office of NCHRC, Harisiddhi, Lalitpur, Nepal. A complete set of Bidding Documents may be purchased from the office of the NCHRC by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 5,000.00.

1. Eligible bidders may obtain further information and inspect the bidding document at the office of NCHRC, Harisiddhi, Lalitpur.
2. Bids must be submitted in sealed envelopes to the above office of NCHRC before 5 PM on the 10th day (Sunday, 26th March 2023) from the date of first publication of this notice. Documents received after the last date for submission shall not be accepted.
3. Bids shall be opened in the presence of bidder's representatives who chose to attend at the office of the NCHRC at 2:00 PM on the 11th day of the publication of the notice (Monday, 27th March 2023).
4. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 5% of the quoted bid amount (inclusive of VAT) from any A Class Commercial Bank which shall be valid for 30 days beyond the bid validity period and also with updated documents as indicated in the bed document.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then, the next working day shall be considered as the last day.
6. Bidders are advised to visit the site and consult with the NCHRC Officials before submitting their bid.
7. The NCHRC reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

जतातै अलपत्र सडक

विज्ञहरू भन्छन्- सडक निर्माणसँगै विकासका अन्य पूर्वाधारले गति लिन्छन् । तर, नेपालमा सडक निर्माण नै गतिशून्य छ । दर्जनौं परियोजना ठेकेदारको बेवास्ताले अलपत्र छन् । पटकपटक म्याद थपिँदा पनि सडक निर्माण सम्पन्न भएका छैनन् । नेपाललाई भारत र चीनसँग जोड्ने राष्ट्रिय गौरवको जोगवनी-किमाथांका सडक होस् या गुल्मी सदरमुकामलाई ग्रामीण भेगसँग जोड्ने सडक, वर्षौंदेखि अलपत्र छन् ।

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**, संखुवासभामा **नवीन गुरुङ**, गुल्मीमा **टोपलाल अर्याल**, बाँकेमा **विश्वराज पछ्लडङ्ग्या**

खाँदबारी-नुम सडक

दुई वर्षमा सक्ने सम्झौता, १९ महिनामा १७ प्रतिशत काम



खाँदबारी-नुम सडकखण्डअन्तर्गत खाँदबारी नगरपालिका- ३ मंगलादेवीथान साइटमा काम गर्दै मजदुर ।

■ लो बिडिङ गरेको कम्पनी भन्छ-

निर्माण सामग्रीको मूल्य बढ्दा गाह्रो भयो

सम्झौता गरेको अवधिमा भन्दा अहिले निर्माण सामग्रीको मूल्य बढेको, बर्खाको समयमा काम गर्न बाधा परेकाले लक्ष्यअनुसार काम अघि बढ्न नसकेको ठेकेदार पक्षको दाबी छ । तर, यो त्यही ठेकेदार कम्पनी हो, जसले आह्वान भएभन्दा ४८ प्रतिशत घटेर ठेक्का प्रस्ताव गरेको थियो । दुई अर्ब ६० करोड रुपैयाँको ठेक्का आह्वान भएकोमा शर्मा शिवशक्तिले एक अर्ब २७ करोडमा प्रस्ताव गरेको थियो । सबैभन्दा कम मूल्यको प्रस्ताव भएकाले उसैलाई ठेक्का परेको थियो । तर, अहिले कम्पनीले निर्माण सामग्रीको मूल्य अत्यधिक बढेकाले काममा बाधा परिरहेको बताइरहेको छ ।

यात्रा कष्टकर

३९ किलोमिटर सडक पक्की भए संखुवासभा सदरमुकाम बढीमा डेढ घन्टामा पुगिनेछ । अहिले यात्रा गर्दा चार घन्टाभन्दा बढी समय लागिरहेको छ । ठूला खाल्टाखुल्टी र धुलाम्मे सडकका कारण यात्रुले सास्ती व्यहोरिरहेका छन् । त्यति मात्र होइन, यस क्षेत्रका बासिन्दाले हरेक खाद्यवस्तुको मूल्य बढी तिर्नुपरिहेको स्थानीय रविन पराजुलीले बताए । खाँदबारी-नुम सडकखण्डको काम निकै सुस्त भएको गुनासो पटक-पटक उठेको छ । केही साताअघि जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय बैठकमा प्रतिनिधिसभाका सदस्य दीपक खड्का र प्रदेश १ का सदस्य राजेन्द्र कार्कीले असन्तुष्ट व्यक्त गरेका थिए । उनीहरूले समयभित्र काम नगर्ने निर्माण कम्पनीलाई कालोसूचीमा राखेर कारबाही गर्नुपर्ने बताएका थिए । कहिले-कहिले हुने सर्वदलीय बैठकमा यस्ता सन्दर्भ उठे पनि सुस्त गतिको सडक निर्माणलाई तीव्रता दिन वा निकास लिन अहिलेसम्म कसैले सार्थक पहल गरेका छैनन् ।

१९ महिनाअघि खाँदबारीदेखि नुमसम्मको सडक कालोपत्रे हुने सम्झौता भएको सुनेपछि भोटखोलाका थुदोक लामा खुसी भए । भोटखोलादेखि नुमसम्मको ३९ किलोमिटर पार गर्न घन्टौं लाछ । दुई वर्षभित्रै सडक कालोपत्रे हुने सम्झौता थियो । त्यसैले उनलाई अब सास्ती व्यहोर्दै यात्रा गर्ने दुई वर्ष मात्र त हो जस्तो लाग्यो । तर, १९ महिनापछि उनी भन्छन्, 'यसैगरी सडक बन्ने हो भने वर्षौंसम्म उस्तै सास्ती व्यहोर्नुपर्ने निश्चित छ ।' यस्तै, अनुभव नुमको विमन पराजुलीको पनि छ ।

राष्ट्रिय गौरवको आयोजनाभित्र समेटिएको यो राजमार्गको खाँदबारी-नुमखण्डको ३९ किलोमिटर सडक निर्माण अत्यन्त सुस्त छ । भारत, नेपाल र चीन जोड्ने निर्माणाधीन राजमार्गमा जोगमुनीदेखि किमाथांका नाकाको लम्बाइ तीन सय ९० किलोमिटर छ । त्यसमध्ये खाँदबारीदेखि किमाथांकासम्मको दूरी एक सय ६२ किलोमिटर छ । नेपालको सबैभन्दा छोटो र बाह्रै महिना सञ्चालन हुन सक्ने मानवबस्तीसहितको राजमार्ग भए पनि यसको निर्माणमा भइरहेको बेवास्ता हल गर्न सरोकारवालाले खासै चासो देखाएका छैनन् । उक्त सडकखण्डको निर्माणको प्रगति उत्तर-दक्षिण कोसी सडक योजना कार्यालयले हेर्छ । ०६५ मा यो कार्यालय स्थापना हुँदा छिटोभन्दा छिटो किमाथांका नाका खोल्ने एक मात्र उद्देश्य रहेको बताइएको थियो । तर, त्यसैको खाँदबारी-नुम सडकखण्डको ३९ किमि सडक अलपत्र हुँदा कसैले वास्ता गरेको छैन ।

खाँदबारी-नुम सडकखण्डको ठेक्का शर्मा शिवशक्ति जेभीले पाएको छ । दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी उसले १७ असार ०७८ मा सम्झौता गरेको हो । १९ महिनाको अवधिमा १७ प्रतिशत मात्रै प्रगति भएको उत्तर-दक्षिण कोसी सडक योजनाका प्रमुख इन्जिनियर सविन कोइरालाले जानकारी दिए । चाँडो काम सक्न भनेर खाँदबारी-नुम सडकलाई तीन खण्डमा बाँडेर ठेक्का आह्वान भएको थियो । खाँदबारी-थामसेर्कु १४ किलोमिटर, थामसेर्कु-कप्ताने १२ किलोमिटर र कप्ताने-नुम सडक १३ किलोमिटरमा बेग्लाबेग्लै ठेक्का आह्वान भएको थियो । तीनवटै खण्डको ठेक्का शर्मा शिवशक्ति जेभीले पायो । अहिले तीनवटै खण्डमा उल्लेख्य प्रगति भएको छैन । आयोजना इन्जिनियर कोइरालाका अनुसार अहिले सडकको चौडाइ बढाउने, नाला काट्ने, ग्याबिन जाली र वाल लगाउनेलगायत काम भइरहेका छन् । जब कि यी काम धेरै अघि सम्पन्न भइसक्नुपर्ने थियो ।

नेपालगन्ज-गौघाट सडक

दुई वर्षको ठेक्का, ११ महिनामा १० प्रतिशत काम



कालोपत्रे भत्काएर ग्राभेल गरी अलपत्र पारिएको नेपालगन्ज-गौघाट-मानखोला सडक ।

एक दशकदेखि जीर्ण नेपालगन्ज-गौघाट-मानखोला सडक समयमा निर्माण नहुँदा सर्वसाधारणले सास्ती खेप्न परेको छ । ठाउँ-ठाउँ जीर्ण सडकलाई निर्माण कम्पनीले फोडेर ग्राभेल गरेपछि सर्वसाधारणले झनै सास्ती खेप्न परेको खजुरा गाउँपालिका- २ सिगाउँका ऋषि पोखरेलले गुनासो गरे ।

उक्त सडक निर्माणको जिम्मा कन्काई/गणपति जेभीले पाएको छ । कम्पनीले भ्याटसहित १३ करोड ४३ लाख २४ हजार पाँच सय ९१ रुपैयाँ ६९ पैसामा निर्माण गर्न २४ भदौ ०८१ मा निर्माण सक्ने गरी २५ वैशाख ०७९ मा सम्झौता गरेको थियो । सम्झौतालगत्तै ठाउँ-ठाउँ भत्किएको कालोपत्रे सडक खनेर ग्राभेल गरेपछि आउजाउमा समस्या भएको उनले बताए । नेपालगन्जस्थित गणेशमान चोकदेखि खजुरा गाउँपालिका- २ सिगाउँको दूरी सात किलोमिटर मात्र छ । तर, मोटरसाइलमा उक्त दूरी पार गर्न ३५-४० मिनेट लाग्ने खजुरा गाउँपालिका- २ का अनुराग सन्ज्यालले बताए ।

यो सडक खजुरा गाउँपालिकाको वडा नं. १, २, जानकी गाउँपालिकाको वडा नं. १, २, ३ र नेपालगन्ज उपमहानगरको १७ नं. वडालाई जोडेको छ । त्यसैगरी बढैयाताल गाउँपालिकाको वडा नं. १, २ र ३ का सर्वसाधारण आउजाउ गर्ने सडक पनि यही हो । नेपालगन्ज-गुलरियाको प्रमुख वैकल्पिक सडकका रूपमा रहेको यो सडक खजुरा-गुलरिया सडकभन्दा छोटो पनि छ । उक्त सडकमा साना-ठूला गरी दैनिक करिब १६ सय गाडी गुड्ने गरेको स्थानीय बताउँछन् ।

सडक निर्माणको जिम्मा पाएको कन्काई/गणपति जेभीले काममा ढिलाई गर्दा सास्ती खेप्नुपरेको जानकी गाउँपालिका- ३ बन्जाडेका नन्कौ यादवले बताए । उनले सडकमा उड्ने धुलोबाट पकाएको खाना जोगाउन गाह्रो भएको गुनासो गरे । धुलोबाट जोगाउन निर्माण कम्पनीले सडकमा पानी छम्किने सहमति गरे पनि कार्यान्वयन नगरेको जानकी गाउँपालिका- १ बढैयाका रामकुमार धोबीले बताए । धुलोले बालबालिका र वृद्धवृद्धा तथा बिरामीलाई झनै बिरामी बनाएको बताए ।

तर, निर्माण कम्पनीले सम्झौताअनुसार काम भइरहेको जिकिर गरेको छ । कन्काई/गणपति जेभीका तुलसीराम भण्डारीले संघ र प्रदेशको निर्वाचनपछि निर्माणको काम सुरु भएको बताए । उनले अहिलेसम्म १० प्रतिशत काम भइसकेको दाबी गरे । उनले नाली निर्माणको काम भइरहेको बताए । 'सम्झौताअनुसार तोकिएको समयमा काम सम्पन्न गर्ने गरी काम भइरहेको छ,' उनले भने ।

पाथीभरा सडक

ठेक्का लागेको एक वर्षसम्म छैन प्रगति

वार्षिक लाखौं तीर्थयात्रीले आवतजावत गर्ने ताप्लेजुङको पाथीभरा सडकको सुकेटारदेखि काफ्लेपाटीसम्मको कालोपत्रे अझै सुरु भएको छैन । ठेक्का लागेको एक वर्ष बितिसक्दा कामको प्रगति आशाजनक छैन । दुई वर्ष ६ महिनामा सक्ने गरी काठमाडौंको कन्टेक प्रालिले कालोपत्रे गर्ने कामको ठेक्का लिएको थियो । कन्टेकसँग ११ पुस ०७८ मा सुकेटारदेखि काफ्लेपाटीसम्मको १० किलोमिटर कालोपत्रे गर्ने ठेक्का सम्झौता भएको थियो । ९५ करोडको ठेक्का खुलेकोमा कन्टेकले ४१ करोड ७६ लाख ४७ हजार अर्थात् ४६ प्रतिशत घटीमा ठेक्का पारेको हो । ०८१ जेठ मसान्तसम्ममा सम्पन्न ठेक्का सम्झौताअनुसार हालसम्ममा करिब ४० प्रतिशत काम हुनुपर्ने थियो । तर, आठ प्रतिशत पनि नभएको ताप्लेजुङ उत्तर-दक्षिण ओलाङचुङगोला सडकका प्रमुख अमिन्द्र खड्काले बताए ।

सोही ठेकेदार कम्पनीले ठेक्का पारेको सुकेपोखरी-छातेदुंगा-ह्वाकु-चोकपुर-हाङपाङ-दुंगेसाँघु सडकको निगुरादिन-हाङपाङ खण्डमा पनि काम शून्य छ । यहाँ पनि ११ पुस ०७८ मा कन्टेक प्रालिले नै कालोपत्रे गर्न ठेक्का सम्झौता गरेको थियो । दुई लेनको बाटो कालोपत्रेका लागि ८० करोडको ठेक्का खुलेकोमा सो कम्पनीले ३६ करोड ६४ लाख ७१ हजारमा ठेक्का पारेको हो । पटक-पटक ताकेता गर्दा पनि ठेकेदार कम्पनीले अटेर गरेर काममा ध्यान नदिएको सडक आयोजना प्रमुख खड्काले बताए । 'पटक-पटक ताकेता गर्दा पनि ठेकेदार कम्पनीले टेरेको छैन । दुईवटै सडकको काम समयमै सकिने सम्भावना ज्यादै न्यून देखिएको छ,' उनले भने ।

गुल्मी सदरमुकाम जोड्ने सडक

आठ वर्षमा ६ पटक म्याद थप, अझै भएन कालोपत्रे

गुल्मीका गाउँलाई सदरमुकामसँग जोड्न आठ वर्षअघि सुरु गरिएको तम्घास-खाम्सेपानी-नयाँगाउँ-नादी-सूर्यटारी सडक आयोजना अहिलेसम्म सम्पन्न भएको छैन । यो आयोजनाअन्तर्गत एक वर्षमा सक्ने सम्झौता गरी सम्झौता भएको तम्घास-खाम्सेपानी साढे दुई किलोमिटर खण्ड पटक-पटक गरी ६ पटकसम्म म्याद थप्दा पनि कालोपत्रे हुन सकेको छैन ।

३१ असार ०७१ मा लोहोनी एन्ड ब्रदर्स प्रालि चितवनले यो खण्ड कालोपत्रे सम्पन्न गर्न सात करोड १९ लाख ८७ हजार ७० रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । सम्झौताअनुसार ३० चैत ०७२ मा सम्पन्न गर्नुपर्थ्यो । तर, आठ वर्ष हुन लाग्दा पनि सडक कालोपत्रे भएको छैन । तम्घास-खाम्सेपानी-नयाँगाउँ-नादी-सूर्यटारी सडक आयोजना ३२ किलोमिटर लामो छ । त्यसमा सदरमुकामसँग नजिकै रहेको पहिलो खण्डको दूरावस्थाले पूरै सडक आयोजनालाई प्रभावित बनाएको छ । सदरमुकाम तम्घासदेखि सुपाखोलासम्मको खण्ड कालोपत्रे नहुँदा ग्राभेल उप्किएर बिजोग छ । यो आयोजनाका अन्य खण्डमा ग्राभेल भइसकेका सडकको अवस्था पनि बिग्रँदै गएको छ । कालोपत्रे गर्ने बजेट नहुँदा ग्राभेल सडक जीर्ण बन्दै गएका छन् । यद्यपि, केही खण्डमा स्तरोन्नतिको काम चलिरहेको छ । सम्झौता थप्ने, काम नगर्ने, फेरि सम्झौता अवधि बढाउने काम नगर्ने प्रवृत्ति यो सडकमा वर्षौंदेखि चलिरहेको हो । तर, सरोकारवालाले कुनै वास्ता गरेका छैनन् । अख्तियारको प्रतिनिधि जिल्ला प्रशासन, समग्र जिल्लाको विकास निर्माणको अनुगमन गर्ने जिल्ला समन्वय समिति, स्थानीय तह, नागरिक समाज र मिडियाको पहुँच भएकै ठाउँमा साढे दुई किलोमिटर सडक आठ वर्षमा पनि बन्दैन भने योभन्दा टिठलाग्दो अवस्था अरू हुँदैन,' रेसुंगा नगरपालिका- ७ का विष्णु पन्थीले निराशा व्यक्त गरे ।



आठ वर्षदेखि अलपत्र तम्घास-खाम्सेपानी-नयाँगाउँ-नादी-सूर्यटारी सडक । तस्बिर : नयाँ पत्रिका

सुरुमा तम्घास-खाम्सेपानी-नयाँगाउँ-नादी-सूर्यटारी सडक पाल्पा सडक डिभिजन कार्यालयले ठेक्का गऱ्यो । त्यसपछि तम्घास-सिमलटारी प्युठान सडक, सडक पूर्वाधार विकास कार्यालय शिवपुर कपिलवस्तु हुँदै अहिले सडक पूर्वाधार विकास कार्यालय गुल्मीसँग दायित्व हस्तान्तरण भएको छ । सडक पूर्वाधार विकास कार्यालय गुल्मीका प्रमुख इन्जिनियर सचितानन्द चौधरीले चिसो मौसम भएकाले तत्काल काम गर्न नसकिएको बताए । निर्माण व्यवसायीसँगै फिल्ड भिजिट भएकाले फागुन पहिलो साताबाट काम सुरु गर्ने चौधरीले बताए । 'धेरै वर्षमा धेरै कार्यालय घुम्दै सडक पूर्वाधार विकास कार्यालयमा ठेक्का हस्तान्तरण भएको छ । अब तत्काल काम गर्ने योजनामा छौं,' उनले भने, 'कालोपत्रेका पूर्वाधार र आवश्यक सामग्री तयार छ ।' निर्माण व्यवसायीले अन्तिमपटक जेठ ०८० सम्मका लागि म्याद पाएको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोकको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/१२/०१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोकबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

१. ऋणीको विवरण

वाली सिङ्ह तामाङको नाति, मंगल सिङ्ह तामाङको छोरा सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा. वडा नं. ०४ बस्ने **राम काजी तामाङ** (ना.प्र.नं. १०७३/७५७५२, जारी मिति २०५२/१०/०२, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. मंगल सिङ्ह तामाङको बुहारी, कुल बहादुर तामाङको छोरी, राम काजी तामाङको पत्नी सिन्धुपाल्चोक जिल्ला, नवलपुर गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला, इन्द्रावती गा.पा. वडा नं. ०४ बस्ने **शारदा तामाङ** (ना.प्र.नं. १४८२४९, जारी मिति २०६२/०८/२१ जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक) ।

धितो सुरक्षणको विवरण:

१. **राम काजी तामाङको** नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक नवलपुर गा.वि.स. वडा नं. ०६ स्थित कित्ता नं. ९१६ र ११८२ को क्रमश: क्षेत्रफल ०-५-०-३ र ०-१५-३-२ (रो.आ.पै.दा.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणीको विवरण :

जुठे सार्किको नाति, तिकाराम सार्कीको छोरा सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई हाल मेलम्ची न.पा. वडा नं. १० बस्ने **बिर बहादुर सार्की** (ना.प्र.नं. २४६९९४, जारी मिति २०४५/०२/०७, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जुठे सार्किको बुहारी, सेते सार्कीको छोरी, तिकाराम सार्कीको पत्नी सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल मेलम्ची न.पा. वडा नं. १० बस्ने **तिल कुमारी सार्की** (ना.प्र.नं. १४८२१७, जारी मिति २०६२/०१/११, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक) ।

२. तिकाराम सार्कीको नाती, बिर बहादुर सार्कीको छोरा सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल मेलम्ची न.पा. वडा नं. १० बस्ने **नर बहादुर मिजार** (ना.प्र.नं. ४५५१८/११९२३१, जारी मिति २०४६/०१/११, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक) ।

धितो सुरक्षणको विवरण:

१. **तिल कुमारी सार्की**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, साबिक शिखरपुर गा.वि.स. वडा नं. ०५ स्थित कित्ता नं. २३९ को क्षेत्रफल ०-६-१-३ (रो.आ.पै.दा.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय मेलम्ची, सिन्धुपाल्चोक फोन नं. ०११-४०१०८७/९७

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/१२/०१)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरतांकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१) ऋणी : ओम सेल्स एण्ड सप्लायर्स प्रा.फ.र.नं. : ३७१४२/०७५/७६ ठेगाना : वीरगंज १५, पर्सा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. रिकु देवी** (ना.प्र.नं. ३३३०८५/६२२, मिति २०६३/१२/१२ मा जि.प्र.का. बाराबाट जारी भएको) पति : सरोज कुमार ससुरा : राम बिरेन्द्र महतो **२. सरोज कुमार** (ना.प्र.नं. २२०८/२८८८, मिति २०६२/०२/०३ मा जि.प्र.का. बाराबाट जारी भएको) बाबु : राम बिरेन्द्र महतो बाजे : बाबर महतो	**३) ऋणीहरु : जि.बि. मेटल क्राफ्ट इण्डष्ट्रिज एण्ड सप्लायर्स प्रा.लि. र जि.बि. इन्टरप्राइजेज प्रा.लि.** **(क) जि.बि. मेटल क्राफ्ट इण्डष्ट्रिज एण्ड सप्लायर्स प्रा.लि.** दर्ता नं. : १२२२३२/०७५/०७६ ठेगाना : वीरगंज १६, पर्सा **(ख) जि.बि. इन्टरप्राइजेज प्रा.लि.** दर्ता नं. : १२२८२२/०७५/०७६ ठेगाना : का.म.न.पा. १४, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरु :** **१. अनिल कुमार गाडिया** (ना.प्र.नं. १६०३१२८०४, मिति २०४८/०६/२५ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : गिरधारी लाल गाडिया बाजे : राधा कृष्ण गाडिया **२. रोहित कुमार गाडिया** (ना.प्र.नं. १०२२/१२२२३, मिति २०६७/०२/२२ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : अनिल कुमार गाडिया बाजे : गिरधारी लाल गाडिया **३. अमन कुमार गाडिया** (ना.प्र.नं. ३४-०१-७१-०६१२७, मिति २०७१/०८/०८ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : अनिल कुमार गाडिया बाजे : गिरधारी लाल गाडिया **४. मन्जु देवी गाडिया** (ना.प्र.नं. १७८०, मिति २०५५/०२/१४ मा जि.प्र.का. पर्साबाट जारी भएको) पति : अनिल कुमार गाडिया ससुरा : गिरधारी लाल गाडिया
२) ऋणी : भवानी शंकर चौलागाई (ना.प्र.नं. ३००४१५८४, मिति २०४१/०८/०३ मा जि.प्र.का. ककापाबाट जारी भएको) ठेगाना : रामधुनी ०५, सुनसरी बाबु : धनपति चौलागाई बाजे : भलभद्र चौलागाई **व्यक्तिगत जमानीकर्ता :** **मिजुगा भट्टराई** (ना.प्र.नं. १०५८/१०९, मिति २०४५/०१/१२ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) पति : भवानी शंकर चौलागाई ससुरा : धनपति चौलागाई	

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

संक्षेप

अख्तियारले थाल्यो छानबिन

दाङ/ तुलसीपुर उपमहानगरपालिकाले एक महिनामा करिब ३२ लाखको इन्धन खर्च गरेको समाचार प्रकाशनपछि अख्तियारले छानबिन थालेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्पर्क कार्यालय नेपालगन्जले आवश्यक कागजात माग गरेको उपमहानगरपालिकाका अख्तियार सम्पर्क व्यक्ति शिवकुमार शर्माले जानकारी दिए । २३ फागुनमा नयाँ पत्रिकामा 'तुलसीपुर उपमहानगरमा एक महिनामा ३२ लाखको इन्धन खर्च' शीर्षकमा फ्रन्ट स्टोरीका रूपमा प्रकाशित भएको थियो । तुलसीपुर उपमहानगरपालिकाको लेखा समितिले कात्तिक महिनामा मात्रै ३१ लाख ९७ हजार तीन सय ३२ रुपैयाँ इन्धन खर्च भएको प्रतिवेदन नगरसभामा पेस गरेको थियो । त्यस्तै, उपमहानगरपालिकाले चालू वर्षको माघ महिनासम्म एक करोड ५६ लाख २९ हजार दुई सय ७१ रुपैयाँबराबरको इन्धन खपत भएको छ । सोही मूल्यबराबरको इन्धनको बिल पनि भुक्तानी भइसकेको छ । त्यस्तै, थप ४० लाखबराबरको इन्धनको बिल पेस भए पनि भुक्तानी भएको छैन ।

घरेलु हिंसा मिलापत्रमै सीमित

लमजुङ/ जिल्ला प्रहरी कार्यालय लमजुङमा दर्ता हुने घरेलु हिंसाबाट पीडित महिलाको उजुरी मिलापत्रमा सीमित हुने गरेको छ । प्रहरीबाहेक जिल्लाका आठवटै स्थानीय तहको न्यायिक समितिमा परेका उजुरीसमेत मिलापत्रमै सीमित हुने गरेको पाइन्छ । चालू आर्थिक वर्ष ०७९/८० साउनदेखि फागुन २७ गतेसम्म जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ४६ वटा महिला हिंसाको उजुरी दर्ता भएको छ । त्यसमध्ये ४१ वटा घरेलु हिंसाको र पाँचवटा ठाडो उजुरी रहेका छन् । ती अधिकांश उजुरी छलफल गरी मिलापत्रबाटै समाधान हुने गरेको पाइन्छ । केन्द्रका अनुसार यी उजुरीमध्ये ३६ वटा घरेलु हिंसाको उजुरी मिलापत्र गरिएको छ । त्यस्तै, पाँचवटा मुद्दा अदालतमा दर्ता गरिएको छ । आर्थिक वर्ष ०७८/७९ मा एक सय १२ वटा हिंसाका उजुरी परेकोमा ८४ वटा घरेलु हिंसाको रहेको छ, त्यसमा २८ वटा ठाडो उजुरी रहेका छन् । यीमध्ये ७४ वटा घरेलु हिंसाको उजुरी मिलापत्र गरी टुंग्याइएको छ । त्यस्तै, ०७७/७८ मा एक सय २१ वटा हिंसाका उजुरी प्रहरीमा दर्ता भएकोमा ९२ वटा घरेलु हिंसाका छन् । यी उजुरीमध्ये ६८ वटा मिलापत्रमा टुंग्याएको छ ।

एकीकृत शिविरमार्फत घरघरमै सेवा

हेटौंडा/ मकवानपुरको विकट गाउँपालिका राक्सिराङले दुर्गम क्षेत्रका सर्वसाधारणका लागि पालिकाले प्रदान गर्दै आएका सेवामा सहज पहुँच पुऱ्याउन एकीकृत शिविर सुरु गरेको छ । पालिकाको विकट क्षेत्रमा बसोवास गर्ने आमनागरिकलाई स्थानीय सरकारका सबै किसिमका सेवामा पहुँच पुऱ्याउने उद्देश्यले घरघरमै पुगी बिरामी जाँचदेखि योजना अनुगमन र स्थलगत रूपमै भुक्तानीसम्मका सेवा सुरु गरेको हो । पालिकाले यही २९ फागुनबाट सुरु गरेको शिविर ६, १४ र २२ चैतमा पनि सञ्चालन गरिने पालिकाका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । उनले सोमबार ६ वटा परिवारलाई घरघरमै जस्तापाता पुऱ्याइएको जानकारी दिए । अध्यक्ष मल्लका अनुसार एकीकृत शिविरमै व्यवसाय दर्ता, अपांगता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण, गरिब घरपरिवार परिचयपत्र वितरणसमेत गरिएको थियो । पालिकाले सोमबार ४ नम्बर वडा कार्यालयमा एमबिबिएस डाक्टरसहितको स्वास्थ्य सेवा र निःशुल्क औषधि वितरण गरेको छ ।

नयाँ पत्रिका Lifestyle
बुधबार १ चैत ०७९ / पृष्ठ ५



४९ वर्षका भए रोहित सेट्टी

बलिउड निर्देशक रोहित सेट्टीले मंगलबार आफ्नो ४९औँ जन्मदिन मनाएका छन् । रोहितले गोलमाल, सिंघम, बोल बच्चन, चेन्नई एक्सप्रेस, सिंघम रिटर्न्स, गोलमाल अगेन, सिम्बा, सूर्यवंशीलगायत सुपरहिट फिल्महरू निर्देशन गरिसकेका छन् । उनका प्रायः फिल्म कमेडी र एक्सनप्रधान हुन्छन् ।



निफमा राधा प्रदर्शन हुने

सुवर्ण थापा निर्देशित फिल्म 'राधा' नेपाल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल (निफ)मा प्रिमियर हुने भएको छ । २ चैतबाट सुरु हुने निफमा फिल्मको श्यामश्वेत भर्सन देखाइनेछ । सिनेमा हलमा रंगीन संस्करण प्रदर्शनमा आए पनि महोत्सवमा श्यामश्वेत भर्सन देखाइने निर्देशक थापाले बताए । फिल्ममा सृष्टि श्रेष्ठ मुख्य भूमिकामा छिन् ।

मोटोपन
कसरी नियन्त्रण गर्ने ?

अनियन्त्रित जीवनशैली मोटोपनको प्रमुख कारण

अव्यवस्थित खानपान तथा आधुनिक जीवनशैलीका कारण नेपाली पछिल्लो समय मोटोपनको सिकार भइरहेका छन् । विशेषगरी, सहरी क्षेत्रको व्यस्त जीवनशैलीले मोटोपन बढाउन भूमिका खेलेको छ । मोटोपनले धेरै रोग निम्त्याउने जोखिम रहन्छ । त्यसैले मोटोपन नियन्त्रणका लागि हामी सजग हुनैपर्छ । यसका लागि शरीरमा मोटोपन बढ्नुको कारण पहिल्याउनुपर्छ । आफ्नो हाइटअनुसार तौल छ वा छैन भन्ने जानकारी लिनुपर्छ ।



डा. जनकबहादुर बस्नेत
मेडिकल निर्देशक, वेलनेस हस्पिटल, काठमाडौं

कसरी हुन्छ मोटोपन ?

- हिजोआज देखिएको प्रमुख कारण अव्यवस्थित जीवनशैली नै हो । त्यस्तै, बच्चैदेखि जंकफुड खाने चलन बढेको छ । मैदाबाट बनेका खानेकुरा खाँदा, होटेलका परिकार खाँदा मोटोपन हुने गर्छ ।
- विशेषगरी, टेबल वर्क गर्नेहरूको शारीरिक कसरत निकै कम हुन्छ । उनीहरू व्यायामका लागि पनि समय निकालिरहेका हुँदैनन्, जसकारण तौल बढ्न थाल्छ ।
- हाइपोथाइराइड भन्ने हर्मोन परिवर्तन हुँदा पनि मोटोपन हुन्छ । पछिल्लो समय अधिकांश मानिसलाई हाइपोथाइराइड हर्मोनको मात्रा कमी हुँदा मोटोपन भएको देखिएको छ । यस्तो हर्मोनको डिसब्यालेन्सले मोटोपन निम्त्याउँछ ।
- कतिपयमा वंशानुगत कारणले पनि मोटोपन हुन्छ । यस्ता मानिस खाना कम खाए पनि बढी खाए पनि मोटाउने गरेको पाइन्छ ।





- तौल बढिसकेपछि नियन्त्रण गर्नेभन्दा पनि अनावश्यक रूपमा तौल बढ्न नदिनु नै राम्रो हुन्छ

कसरी घटाउने ?

- हाम्रो दैनिक खानपानमा परिवर्तन ल्याउनुपर्छ । होटेलमा तयार भएका र प्याकेटका खानेकुरा (जंकफुड) कम गर्नुपर्छ । मैदाबाट बनेको खानेकुरा सकेसम्म खानुहुन्न ।



- कार्बोहाइड्रेटको मात्रा कम भएका खानेकुरा खानुपर्छ । भोलिलो र पोषक खानेकुरा धेरै खानुपर्छ । फाइबर भएको खानेकुरा जस्तै, हरियो सागपात बढी खायो भने पेट भरिन्छ, तर क्यालोरी कम प्राप्त हुन्छ र स्वास्थ्य पनि राम्रो हुन्छ । भोलिलो पदार्थ जुस, सुपलगायत धेरै खानुपर्छ । तेलमा तारेको, भुटेको खानेकुरा खानुहुँदैन ।
- हामीले शारीरिक क्रियाकलापलाई जोड गर्नुपर्छ । मर्निङवर्क गर्ने, योग अभ्यास गर्ने, जिम जाने गर्नुपर्छ । त्यस्तै, स्विमिङ, साइक्लिङ गर्ने वा फुटसल, ब्याडमिन्टन, टेबलटेनिसलगायत खेल खेल्न सकिन्छ ।
- घरको सामान्य क्रियाकलापमा सक्रिय हुनुपर्छ । यसले शरीरलाई सन्तुलनमा राख्न सहयोग गर्छ ।
- पछिल्लो समय १६ घन्टे फास्टिङ पनि मोटोपन कम गर्ने प्रभावकारी विधि बनेको छ । आठ घन्टे फास्टिङमा पनि बेलुकीको खाना लाइट गर्नुपर्छ । यसले केही हदसम्म मोटोपन कम हुन्छ ।

■ **यस्ता रोगको जोखिम :** मोटोपनले धेरै रोगको जोखिम निम्त्याउँछ । मोटोपन भएपछि ब्लडप्रेसर, सुगर, कोलेस्ट्रोललगायत बढ्छ । जसका कारण मुटुको समस्या देखिन सक्छ । त्यसैले कुनै समस्या देखिएमा चिकित्सकसँग परामर्श गरेर चेकजाँच गर्नुपर्छ, औषधि सेवन गर्नुपर्छ । रक्तचाप उच्च हुँदा हृदयाघातको जोखिम बढ्ने भएकाले यसलाई नियन्त्रणमा राख्नुपर्छ । समय-समयमा चेकजाँच गर्नुपर्छ । मोटोपन बढ्नेबित्तिकै धुँडाको समस्या हुन सक्छ । धुँडाको हड्डी खिइने समस्या देखिन सक्छ । साथै, कम्मर दुख्ने, ढाड दुख्ने समस्या हुन सक्छ । चिकित्सकसँग परामर्श लिएर औषधि सेवन गर्नुपर्छ । महिलामा पाठेघरको समस्या देखिन सक्छ । मोटोपन भएपछि पाठेघरमा सिस्ट भएर बच्चा नहुनेसम्म खतरा हुन सक्छ । त्यसका लागि जाँच गरेर समयमै उपचार गर्नुपर्छ । आफ्नो शरीरको तौल सन्तुलनमा राख्न जरुरी छ ।

बालबालिकालाई चेस



- चेसले नकारात्मकताबाट टाढा राख्छ र फ्रेस गराउनुका साथै समाजमा घुलमिल हुने तथा सम्बन्ध विकास गर्ने क्षमता अभिवृद्धि गर्छ । यो सबै उमेरका मानिसले खेल्न सक्ने खेल हो ।



श्यामसुन्दर श्रेष्ठ
अध्यक्ष, मध्यपुर चेस क्लब

- सोच्ने शक्ति तथा समस्या समाधान गर्ने खुबीलाई चेसले बढाउँछ । कुनै समाधान नै नभएको घडीमा पनि शान्त र धैर्यपूर्वक सोचेर नयाँ स्टेप चाल्न सक्नु तथा प्रतिस्पर्धीको चाल बुझ्न सक्नु नै चेस खेलाडीको विशेषता हो । त्यसैले तपाईंले आफ्ना बालबालिकालाई स्मार्ट बनाउन सानैदेखि चेस सिकाउन जरुरी छ ।
- चेसले सकारात्मक दृष्टिकोण विकास गर्छ, तपाईंको स्मरणशक्ति बढाउँछ, ध्यानलाई गहिरो पार्छ र सिर्जनशीलता बढाउँछ ।
- योजना बनाउने खुबीलाई पनि यसले तिखार्छ । सारमा, बालबालिकामा अलग जागरण ल्याउँछ ।
- अहिलेको समय बालबालिकालाई चेस खेलाउन निकै आवश्यक छ । किनकि, बच्चादेखि नै उनीहरूको मानसिक वृद्धिविकास, समस्या समाधान गर्ने खुबी र सोच्ने क्षमता अभिवृद्धि गर्न सकियो भने भविष्यमा देशमा राम्रो जनशक्ति उत्पादन हुनेछ ।
- आजकल विद्यार्थीहरू विभिन्न अनलाइन खेलको लतमा फसेका छन् । त्यस्ता खेलले बच्चाको मानसिक स्वास्थ्यमा प्रतिकूल असर गरेको कुरा आइरहेकै छ । तर, चेस फरक छ । चाहे साथीहरूसँग खेल्नुस् वा एक्लै कम्प्युटर वा मोबाइलमा खेल्नुस्, जहाँसुकै खेले पनि यसले नकारात्मकताबाट टाढा राख्छ र फ्रेस गराउँछ । चेसले समाजमा घुलमिल हुने तथा सम्बन्ध विकास गर्ने क्षमता अभिवृद्धि गर्छ । यो सबै उमेरका मानिसले खेल्न सक्ने खेल हो ।

४२ विधामा समावेशी म्युजिक अवार्ड



काठमाडौं/ ललितपुरमा सम्पन्न छैटौं समावेशी म्युजिक अवार्डमा 'धोकेबाज' बोलको गीतबाट शिव परियारले वर्षको चर्चित गायकको अवार्ड जितेका छन् । त्यसैगरी, 'नछुटोस्' बोलको गीतबाट बेनिशा पौडेलले आधुनिक गायिकाको अवार्ड जितेकी छिन् ।

उत्कृष्ट संगीतकारतर्फ 'धर्ती आकाश' बोलको गीतबाट अर्जुन पोखरेलले अवार्ड जितेका छन् । सर्वोत्कृष्ट राष्ट्रिय भावको गीतमा 'असारै लाग्यो' बोलको गीतका लागि गीतकार प्रकाश सुवेदी पुरस्कृत भएका छन् । त्यसैगरी, पत्रकार विदुर गिरीलाई 'पिम नेपाल पत्रकारिता अवार्ड' प्रदान गरिएको छ । वरिष्ठ गायक तथा संगीतकार चन्द्रकुमार दोङलाई पिम नेपाल रजत सम्मान प्रदान गरिएको छ । कार्यक्रममा विभिन्न ४२ विधामा अवार्ड प्रदान गरिएको थियो । पछिल्ला ६ वर्षदेखि लगातार सञ्चालन हुँदै आएको यस अवार्डको उद्देश्य नेपालका विभिन्न भाषा, कला र संस्कृतिलाई प्रवर्द्धन गर्नु रहेको आयोजक पिम नेपालका अध्यक्ष माधव खरेलले जानकारी दिए ।

गला सुधार्न के गर्ने ?





भरत सिटौला
गायक

- पहिलो कुरा त दैनिक रियाज गर्नुपर्छ । तर, लयमा गाउन सकिएन भने रियाज मात्रै गर्नुको अर्थ रहन्न । त्यसैले आफ्नो भोकलमा सुधार ल्याउने ठोस योजना बनाएर रियाज गर्नुपर्ने हुन्छ । त्यसका लागि पहिले आवाज रेकर्ड गर्नुस् र रेकर्डिङ सुन्नुहोस् । आफ्ना गल्ती र कमजोरी पहिल्याउनुस् र त्यसलाई कसरी सुधार्ने भनेर सोच्नुस् ।
- स्वर भनेको गड गिफ्टेड नै हो । सबैको आवाज फरक नै हुन्छ । त्यसैले अरूसँग आफ्नो तुलना गर्नुहुँदैन । तर, आफू अनुशासनमा बस्न भने जरुरी छ । जथाभावी बढी अमिलो, पिरो, चिल्लो खान हुँदैन । यसले गला बिगार्छ । सन्तुलित भोजन गर्नुपर्छ । पानी प्रशस्त पिउनुपर्छ ।
- आफूलाई मन पर्ने बाजा बजाएर मन पर्ने गीतमा रियाज गर्दा राम्रो हुन्छ । अहिले त इन्टरनेटमै सबै गीत र संगीत फेला पर्छन् । त्यसैले सजिलो पनि छ । अरूका गीत पनि ध्यानपूर्वक सुन्नुहोस् ।
- धुलोधुवाँबाट बच्नुपर्छ । यसले भोकल कर्डलाई असर गर्न सक्छ ।
- चिसोबाट जोगिनुपर्छ । आफ्नो स्वरलाई न्यानो राखिराख्नुपर्छ । भर्खरै उठेको वेला भोकल कर्डको एउटा अलग कन्डिसन हुन्छ । मर्निङ टाइममा स्वर बस्छ । यस्तो वेलामा प्राक्टिस बिस्तारै थाल्नुपर्छ ।
- फुर्सदको समयमा पनि आफूलाई मन पर्ने गीत गुनगुनाउन सकियो भने स्वरमा अझै धेरै सुधार हुन्छ ।

वृद्धवृद्धालाई उपयोगी योगासन

उमेर बढ्दै जाँदा हाम्रो शरीरमा धेरै परिवर्तन हुन्छन् । जसकारण हड्डी कमजोर हुन थाल्छ र हिँडडुल गर्न समस्या हुन्छ । घुँडा, काँध, ढाड, जोर्नी र मांसपेशीको दुखाइ हुन थाल्छ । नियमित योग गरेर यी समस्याबाट छुटकारा पाउन सकिन्छ । योगले शरीरलाई स्वस्थ राख्न सहयोग गर्छ ।



■ **ताडासन :** ताडासन योगले तपाईंको शरीरलाई सन्तुलनमा राख्न मद्दत गर्छ । साथै, स्वास्थ्यमा पनि सुधार ल्याउँछ । यसले तपाईंको तिघ्रा, खुट्टा, हातलाई बलियो बनाउन सहयोग गर्छ । बुढेसकाल लाग्न थालेपछि पाचन शक्ति पनि कमजोर हुँदै जान्छ । यो योगासनले पाचन क्रियालाई सन्तुलनमा राख्न मद्दत गर्छ । त्यस्तै, बुढेसकालमा अल्छी लाग्छ, त्यसैले अधिकांश वृद्धवृद्धामा तनाव तथा डिप्रेसनको समस्या हुने पाइन्छ । यस्ता समस्याबाट बच्न पनि यो प्रभावकारी छ ।

■ **बद्ध कोणासन :** बद्ध कोणासन गर्दा तिघ्रा र घुँडा बलियो हुन्छ । शरीरका पाचन प्रणाली क्षमताको विकास गर्छ । यो योगासन वृद्धावृद्धाका लागि तनाव र थकान कम गर्न निकै सहयोगी हुन्छ । बद्ध कोणासनले ढाड दुखाइमा राहत दिन ठूलो भूमिका खेल्छ ।

■ **शवासन :** यो योगले शरीरलाई आराम मिल्छ । यसले तपाईंलाई तनावमुक्त महसुस गराउँछ । शवासन योग गर्दा उच्च रक्तचाप नियन्त्रण हुन्छ । यो योग गर्दा कुनै पनि कठिनाइको सामना गर्नुपर्दैन ।



विजय सापकोटा
योग प्रशिक्षक
सम्बोधी योग केन्द्र

नबिल बैंक लिमिटेड, पर्शा बजार शाखा, चितवन तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०७९/१२/०१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको सार्विक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फछ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । यस बैंकको सुरक्षणमा रहेको सवारी साधन तथा उपकरण तपाई स्वयंले बैंकलाई सम्पर्क गरी हस्तान्तरण गरी दिनुहुन अनुरोध गरिन्छ, अन्यथा बैंकले जुनसुकै बखत उक्त सवारी साधन तथा उपकरण नियन्त्रणमा लिन सक्ने व्यहोरा समेत जानकारी गराउँदछौं ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

१. **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/२३ मा दर्ता नं. २४६९३८/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री सौराहा रिफ्रेश ड्रिङ्कीङ वाटर प्रा. लि. ।**
ठेगानाः चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं ५, रत्ननगर, चितवन ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. शिव प्रसाद खरेलको नाति भैरव राज खरेलको छोरा चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. १ बस्ने नागरिकता नं.५२०४ , (जारी मितिः २०४३/०१/२३, स्थान चितवन) भएको **श्री ऋषव राज खरेल ।**
२. नवराज अर्यालकी छोरी, ललित कुमार नेपालकी बुहारी, सागर नेपालकी श्रीमती मकवानपुर जिल्ला हैटौडा उ.म.न.पा. वडा नं ७ बस्ने नागरिकता नं.३११०२३/७७३६९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : वि.सं. २०६७/०८/१२ भएकी **श्री निता अर्याल ।**
३. बद्रीनाथ खनालकी छोरी, रुद्र प्रसाद खतिवडाकी बुहारी, टोक राज खतिवडाकी श्रीमती चितवन जिल्ला, बछयौली गा.वि.स वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. ६ बस्ने , ना.प्र.नं. ४५९६/०६२ (जारी मितिः २०६२/१०/०२, स्थान चितवन) भएकी **श्रीमती सावित्रा खतिवडा ।**
४. रुद्र प्रसाद खतिवडाकी छोरी, मुक्तिनाथ खतिवडाकी बुहारी, सुरेन्द्र बास्कोटाकी श्रीमती चितवन जिल्ला, बछयौली गा.वि.स वडा नं. ९ स्थायी घर भइ हाल मकवानपुर जिल्ला हैटौडा उ.म.न.पा. वडा नं ४ बस्ने , ना.प्र.नं. ६२३/०३४/०३५ (जारी मितिः २०४६/०३/०६, स्थान चितवन) भएकी **श्रीमती लीला खतिवडा ।**
५. नारायण प्रसाद अर्यालको नाति, विश्वनाथ अर्यालको छोरा मकवानपुर जिल्ला हैटौडा उ.म.न.पा. वडा नं. ७ बस्ने नागरिकता नं.१६२७, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : वि.सं. २०३८/०८/०७ भएको **श्री नवराज अर्याल ।**

२. **ऋणी कम्पनीको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/२३ मा दर्ता नं. २४६९३९/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री चितवन प्याकेजिङ एण्ड प्रिन्टिङ उद्योग प्रा. लि. ।**
ठेगानाः चितवन जिल्ला रत्ननगर न. पा. वडा नं. ०५, तरौली, चितवन ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. रुद्र प्रसाद खतिवडाकी छोरी, मुक्तिनाथ खतिवडाकी बुहारी, सुरेन्द्र बास्कोटाकी श्रीमती चितवन जिल्ला, बछयौली गा.वि.स वडा नं. ९ स्थायी घर भइ हाल मकवानपुर जिल्ला हैटौडा उ.म.न.पा. वडा नं ४ बस्ने, ना.प्र.नं. ६२३/०३४/०३५ (जारी मितिः २०४६/०३/०६, स्थान चितवन) भएकी **श्रीमती लीला खतिवडा ।**
२. बद्रीनाथ खनालकी छोरी, रुद्र प्रसाद खतिवडाकी बुहारी, टोक राज खतिवडाकी श्रीमती चितवन जिल्ला, बछयौली गा.वि.स वडा नं. ९ स्थायी घर भइ हाल चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. ६ बस्ने, ना.प्र.नं. ४५९६/०६२ (जारी मितिः २०६२/१०/०२, स्थान चितवन) भएकी **श्रीमती सावित्रा खतिवडा ।**
३. नारायण प्रसाद अर्यालको नाति, विश्वनाथ अर्यालको छोरा मकवानपुर जिल्ला हैटौडा उ.म.न.पा. वडा नं ७ बस्ने नागरिकता नं.१६२७, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : वि.सं. २०३८/०८/०७ भएको श्री नवराज अर्याल ।
४. शिव प्रसाद खरेलको नाति भैरव राज खरेलको छोरा चितवन जिल्ला, रत्ननगर न.पा वडा नं. १ बस्ने नागरिकता नं.५२०४ , (जारी मितिः २०४३/०१/२३, स्थान चितवन) भएको **श्री ऋषव राज खरेल ।**
५. नवराज अर्यालकी छोरी, ललित कुमार नेपालकी बुहारी, सागर नेपालकी श्रीमती मकवानपुर जिल्ला हैटौडा उ.म.न.पा. वडा नं ७ बस्ने नागरिकता नं.३११०२३/७७३६९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : वि.सं. २०६७/०८/१२ भएकी **श्री निता अर्याल ।**

धितोको विवरणः

धितोमा रहेको घर/जग्गाको विवरणः

श्री चितवन प्याकेजिङ एण्ड प्रिन्टिङ उद्योग प्रा. लि. र **श्री सौराहा रिफ्रेश ड्रिङ्कीङ प्रा. लि** संयुक्त नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सार्विक चितवन जिल्ला हाजीपुर गा.वि.स वडा नं. ३ हाल रत्ननगर न.पा वडा नं ५ सिट नं ३ मा अवस्थित कि.नं. ७४८ र ७४७ को क्षेत्रफल ०-३-०-० र ०-१०-०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

धितोमा रहेको सवारी साधनको विवरणः

श्री सौराहा रिफ्रेश ड्रिङकीङ वाटर र धनी यस बैंक समेत भएको भाडाको सवारी साधन दर्ता नं. प्रदेश ३ ००१ ख १५०० भएको TATA mini Truck.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१


दुई 'अ'माझ अल्झिएको राजनीति

अवसरवादमा चुर्लुम्म डुबेको नौदलीय गठबन्धनमा मन्त्रीका आकांक्षीको चित्त बुझाउनु साँच्चै चुनौतीपूर्ण भएकाले अहिले मन्त्रिमण्डल विस्तार परपर सर्दै गएको हो



● प्रा. कृष्ण पोखरेल

अग्रलेख



केही दिनअघि पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एउटा भाषणमा आफूले बलि राजाले भनेँ दानी भएर प्रचण्डलाई प्रधानमन्त्री दिएको र माधव नेपाललाई राष्ट्रपति दिन खोजेको तर दुवैबाट धोका पाएको बताए। हो, यहीँनेर दुई 'अ'माझ अल्झिएको नेपाली राजनीतिको नियति उजागर हुन्छ। यहाँ पहिलो 'अ' भनेको अवसरको चाह र त्यसबाट सिर्जित अवसरवाद र दोस्रो 'अ' भनेको अविश्वास हो। वस्तुतः यतिबेला नेपालको समग्र राजनीति नै यही अवसर, अवसरवाद र अविश्वासको नाजुक डोरीमा अल्झिएको प्रतीत हुन्छ। तर, स्वघोषित बलि राजाको अवस्थाचाहिँ यहाँ पञ्चतन्त्रको कथामा वर्णित त्यस्तो बूढो बाघको जस्तो छ, जो आफ्नो पूर्वपाप पखाल्न तयार छ। फरक कति भने पुरानो पञ्चतन्त्रको बाघको हातमा सुनको बाला थियो भने यो बाघसँग प्रधानमन्त्री र राष्ट्रपति दुवै पदको कुर्सी थियो। उतिखेरको बाघको सुनको बालामा लोभिएर बटुवा उसको पञ्जाको सिकार बन्यो भने पञ्चतन्त्र पढेको र संस्थागत स्मृतिले सुसज्जित नयाँ बटुवाले चाहिँ प्रधानमन्त्रीरूपी बाला पनि हत्यायो र उसको पञ्जाबाट पनि उम्कियो। अर्को, बटुवा त झन् राष्ट्रपतिबाट पनि लोभिएन। यसलाई यहीँ छाडौँ र अब पुनः मूल प्रसंगमै फर्कौं। प्रधानमन्त्री प्रचण्डले एमालेको पहलकदमीमा बनेको गठबन्धन परित्याग गरेर कांग्रेसको पहलकदमीमा बनेको नयाँ गठबन्धनमा पाइतो सारेको यतिका साता गुज्रिसक्यो। तर, आफ्ना ६ र जनमत पार्टीका एकजना 'प्युसा' राखेर उनी अधिकांश मन्त्रालयको भार स्वयं बोकेर बस्न बाध्य देखिन्छन्। आखिर उनले किन मन्त्रिमण्डल विस्तार गर्न सकेका छैनन् ? जब कि यो दुर्लभ समय उनकै कार्यकालमा जोडिनेवाला छ र सरकारको यस अवधिको अकर्मण्यताको भारी पनि उनैले बोक्नुपरिरहेको छ। वास्तवमा यतिवेलासम्ममा त सरकार 'ताजी तुर्की घोडा'झैँ वेगवान गतिमा आफ्नो गन्तव्यतर्फ दौडिसक्नुपर्थ्यो। यो सरकारलाई यसरी ल्याङल्याङ गर्दै बस्ने छुट थिएन। तर, यतिवेला यस्तै भइरहेछ।

प्रश्न उठ्छ अखिर किन मन्त्रिमण्डल विस्तार भइरहेको छैन, जबकि मन्त्री खान गठबन्धनका नेताहरू जम्जमाएर बसेका छन् ? हो, यहीँनेर दुई 'अ'मध्ये पहिलोको अर्थ खुल्छ। वास्तवमा नेपालको समकालीन राजनीतिमा गठबन्धनको संस्कृतिले सही आकार लिन सकेकै छैन। यो अहिले पनि विचार, सिद्धान्त वा कार्यक्रमभन्दा पनि अवसरको लोभमा रुमल्लिरहेको छ। अहिले प्रचण्ड सरकारवरिपरि झुम्मिएका राजनीतिक पार्टीमध्ये केहीलाई छोडेर अधिकांश अवसर छोप्ने नियतले आएका हुन्। आफूले ताकेको, भाकेको अवसरमा तलमाथि भयो भने यीमध्ये को कता उफ्रिने हुन् र गठबन्धनको भविष्य के हुने हो केही टुंगो छैन। त्यसैले, सबै आलोचनाको भारी बोकेर भए पनि प्रधानमन्त्रीले राष्ट्रपतिको निर्वाचनपछि मात्रै मन्त्रिमण्डल विस्तार गर्ने निधो गरे, ताकि त्यो विस्तारको दुष्प्रभाव निर्वाचनको परिणाममा नपरोस्। स्थिति कतिसम्म जटिल देखियो भने त्यो भाका तन्किएर फेरि उपराष्ट्रपति निर्वाचनसम्म पुग्यो र अब सुनिँदै छ कि उपराष्ट्रपति निर्वाचनपछि पनि प्रतिनिधिसभाबाट विश्वासको मत लिएपछि मात्र मन्त्रिमण्डलको विस्तार हुनेछ।

मन्त्रिमण्डल विस्तारको म्याद सर्दै जानु कुनै संयोग होइन। वास्तवमा अवसरवादमा चुर्लुम्म डुबेको नौदलीय गठबन्धनमा मन्त्रीका आकांक्षीको चित्त बुझाउनु साँच्चै चुनौतीपूर्ण छ। अतः राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनअघि नै मन्त्रिमण्डल विस्तार गरेर त्यस्को दुष्प्रभाव परिणाममा नपरोस् भनेर नै त्यो जोखिम उठाउन गठबन्धनका मूल पक्ष तयार नभएकै हुन्। स्थिति कति नाजुक छ भन्ने कुराको झलक त उपराष्ट्रपतिको उम्मेदवारमा जुट्न नसकेको सहमतिले नै दिइसकेको छ। गठबन्धनबाट उम्मेदवार भइयो भने जित निश्चित हुने रहेछ भन्ने ग्यारेन्टीले पनि परिस्थितिलाई थप जटिल बनाएको हो। रोचक कुरा त के देखिन्छ भने मधेसकेन्द्रित दलमै आपसी अविश्वास कति धेरै छ र ती एकअर्कालाई सिध्याउने खेलमा कुन हदसम्म जान सक्छन् भन्ने कुराको झलक त जनता समाजवादी पार्टी जसपा) र जनमत पार्टी नै एकअर्काविरुद्ध 'मैत्रीपूर्ण प्रतिस्पर्धा'का नाममा उपराष्ट्रपतिको उम्मेदवार बन्नुले दिइसकेको छ। अझ त्यसमा पनि जसपाका उम्मेदवारविरुद्ध जनमत पार्टीसँग लोकतान्त्रिक समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टी गला मिलाउन पुगेका छन्। हो, यही हो अविश्वासको 'अ'। एउटै सरकारमा सामेल हुनु भनेको एउटै डुंगामा सवार हुनु हो र जहाँ डुबे सँगै डुब्ने र पुगे सँगै गन्तव्यमा पुग्ने वाचा र सोचले पार्टीहरू आपसमा बाँधिएका हुन्छन्। यस्तोमा यस हदसम्मको अविश्वासको डोरीले बाँधिएर कहाँसम्म सँगै पुग्न सकिएला ? संसदीय राजनीतिमा प्रतिपक्ष पनि सरकारको अभिन्न अंग नै मानिन्छ। त्यो संसदीय लोकतन्त्रको सुन्दर पक्ष हो। निःसन्देह निर्णय त बहुमतबाटै हुन्छ, तर प्रतिपक्षको विचार पनि सुनिनुपर्छ नै। त्यसैले, यो व्यवस्थामा उसलाई 'गुड ह्युमर'मा राखेर अघि बढ्न सक्नुपर्छ भनिन्छ। प्रतिपक्षसँग विश्वासपूर्ण सम्बन्ध भयो भने सरकारले संसद्मा टेबल गर्ने अनेकौँ विधेयक सौहार्द्रपूर्ण छलफलका माध्यमबाट पारित हुन सहज हुन्छ। प्रतिपक्षले अडंगा लगाउन चाह्यो भने सरकारलाई काम गर्न अनेकौँ असहजता सिर्जना हुन्छ। यो सैद्धान्तिक पक्षको आलोकमा अब हाम्रो संसद्को 'पाइप लाइन'मा रहेका केही मुख्य कार्यभार र सरकार र प्रतिपक्षको आपसी सम्बन्धको स्वरूपलाई हेरौँ। यतिवेला शान्ति सम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउन कचल्टिएर बसेको सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित संशोधन गर्नुपर्ने कानुन, संघीय निजामती सेवासम्बन्धी कानुन र अन्य कतिपय पेचिला विषय छन्, जसको तत्काल छिनोफानो जरुरी छ। यिनमा प्रतिपक्षको पृष्ठपोषण र सकारात्मक भूमिका नितान्त आवश्यक पर्छ। यस्तो संगीन मोडमा सरकारको प्रमुख प्रतिपक्षसँगको सम्बन्ध त अविश्वासको तहभन्दा पनि अघि बढेर कटुताको तहमा पुगेको छ। यसै त लामो समय प्रतिपक्षमा बस्नुपर्दा रन्थनाउने एमाले र त्यसका नेता केपी ओली, झन् त्यसमाथि प्रधानमन्त्री प्रचण्डबाट 'धोका पाएको' (?) अनुभूति। यो भनेको एक त करेला त्यसमाथि निमको थाँक्रोमा चढेको अवस्था हो। यो अवस्थामा सरकार र प्रतिपक्षमाझ मिलनबिन्दु खोज्नु निश्चय नै फलामको चिउरा चपाउनुबराबर हुनेवाला छ।

> गठबन्धन सरकारमा सामेल हुनु भनेको एउटै डुंगामा सवार हुनु हो। जहाँ डुबे सँगै डुब्ने र पुगे सँगै गन्तव्यमा पुग्ने वाचा र सोचले पार्टीहरू आपसमा बाँधिएका हुन्छन्। यस्तोमा यस हदसम्मको अविश्वासको डोरीले बाँधिएर कहाँसम्म सँगै पुग्न सकिएला ?

उपराष्ट्रपति निर्वाचनको परिणाम अपेक्षित रूपमै आयो भने त ठिकै होला, तर अन्यथा भयो भने त्यसबाट उत्पन्न हुने भनेको पनि अविश्वास नै हो। त्यसलाई थामेर मात्र पुग्ने अवस्था छैन किनकि मन्त्रिमण्डल विस्तारका माध्यमले गठबन्धनका सहयात्रीमाझ उत्पन्न हुने असन्तुष्टि र त्यसबाट आउने परकम्पलाई पनि नथामी हुँदैन।

यी सबै प्रतिकूलतामाझ राष्ट्रपतिमा रामचन्द्र पौडेलको चित्तबुझ्दो विजय एउटा त्राणको विषय भएको छ। चित्तबुझ्दो यसकारण कि गोप्य मतदान भए पनि गठबन्धनको मत एकढिक्का रह्यो, त्यो छरिएन र उनी फराकिलो मतान्तरले विजयी भए। यसको असर त्यहीँसम्म मात्र सीमित रहँदैन। अब सरकारले विधिसम्मत ढंगले संसद्मार्फत अघि सारेका विधेयक अघिल्लो राष्ट्रपतिले जस्तो अनाधिकार रोकिएर सरकार र राष्ट्रपतिमाझ अनावश्यक गतिरोध उत्पन्न हुनेछैन। उनी साँच्चै अभिभावक बन्नेछन् र सरकारसँग राजनीति खेल्नेछैनन्। छद्म राष्ट्रवादीहरूले जतिसुकै कोकोहोलो मच्चाए पनि उनको सुझबुझपूर्ण सोच र व्यवहारबाट नागरिकता विधेयक सहज ढंगले पारित भई नागरिक भएर पनि अनागरिक हुन बाध्य लाखौँ युवाले न्याय पाउनेछन्। उनले नेपाली राजनीतिको 'क्रिज'मा अडिएर खेलेको लामो 'इनिंग्स'को लाभांश नेपालले पाउनेछ। र, संवैधानिक राष्ट्रप्रमुखको अधिकारबारे ब्रिटिस संविधानविद् वाल्टर बेजहटले भनेझैँ राष्ट्रपतिका रूपमा उनले सरकारका लागि 'परामर्शदाता, प्रोत्साहनकर्ता र सचेतक' बनी उसलाई शासनरूपी रथ निर्बाध रूपमा अघि बढाउन सहजकर्ताको भूमिका निर्वाह गर्नेछन्।

कामना गरौँ, आफ्ना सामु आएका अप्ठ्यारालाई न्यूनीकरण गर्दै र सप्ठ्यारालाई बढोत्तरी गर्दै यो सरकारको आगामी यात्रा निरापद ढंगले अगाडि बढोस् र हामी नेपालीका दुःखका दिन हरियून् र सुखका दिन फिरून्।

@cris_pokharel

३ प्रश्न

राष्ट्रिय किसान आयोगका अध्यक्ष **डा. प्रेमप्रसाद दंगाल**लाई



सरकारले रासायनिक मलको अनुदान रकम घटाएपछि किसानबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?

घन्टौँ लाइनमा बसेर पनि मल नपाउने अवस्था भोगेका किसान मलमा दिइँदै आएको अनुदान रकम घट्दा निकै निराश बनेका छन्। यसरी अनुदान घट्दैमा अबका दिनमा मल पाउने ग्यारेन्टी के छ भनेर उनीहरू प्रश्न गरिरहेका छन्। मलमा बिचौलिया हाबी भइरहेको अवस्थामा मूल्य झनै बढ्दा किसान अब कसरी बाली लगाउने भन्ने चिन्तामा देखिन्छन्। यसबाट देशको समग्र कृषि उत्पादनमै नकारात्मक प्रभाव पर्छ।

आगामी दिनमा यो अनुदान कटौतीको प्रभाव कस्तो देखिएला ?

आगामी दिनमा यसको समग्र प्रभाव अर्थतन्त्रमै देखिने निश्चित छ। मलको मूल्य बढ्नु भनेको किसानको लागत बढ्नु हो। कृषिजन्य उत्पादनको मूल्य अहिलेको तुलनामा अत्यधिक बढ्ने प्रस्ट संकेत अहिले नै देखिएको छ। बढिरहेको बजार मूल्यमा यसले झनै मलजल गरेको छ। यसमा सरकारले अहिलेदेखि नै ध्यान दिन आवश्यक छ।

सरकारले के गर्न सकेको भए उपयुक्त हुन्थ्यो ?

सरकारले कृषि क्षेत्रलाई प्राथमिकता दिने भनेर बताइरहँदा किसानको हित हुनेगरी काम गर्नुपर्ने जिम्मेवारी धेरै थियो। किसान प्रोत्साहन कार्यक्रम ल्याउने तथा अनुदानमा अझ योगदान गर्नुपर्ने अवस्था थियो। किसान पेन्सन योजना, किसान वर्गीकरण जस्ता महत्त्वपूर्ण काम छाडेर किसानलाई झनै निरुत्साहित बनाउने काम भयो। ढिलाचाँडो सरकारले अहिलेको निर्णय सच्याउनुको विकल्प छैन।

प्रेरक प्रसंग

सुगाको मुक्ति

एक पण्डित नियमित रानीसामु कथा प्रवचन सुनाउने गर्थे। कथाको अन्त्यमा उनी सबैसित भन्ने गर्थे- रामको नाम जप, बन्धनबाट मुक्ति पाऊ। रानीको कोठामा एउटा सुगा पिँजरामा थुनिएको थियो। पण्डितको कथा टुंगिनासाथ हरेक दिन सुगाले जवाफ दिन्थ्यो- चुप लाग पण्डित, तिम्रा कथा झुटा हुन्। रानीको अगाडि नै सुगाले आफ्ना कथा झुटा हुन् भनेको सुन्दा पण्डितलाई रानीले के सोच्लिन् भनेर निकै डर लाग्थ्यो। पण्डित आफ्ना गुरुको आश्रममा गएर गुरुलाई यथार्थ बताए। गुरुले यसको समाधान खोज्ने बताएर पण्डितलाई घर पठाएर आफू भने सुगा थुनिएको स्थानमा पुगे। उनले सुगालाई सोधे- तिमी हरेक दिन कथा समाप्त भएपछि 'चुप लाग पण्डित, तिम्रा कथा झुटा हुन्' भन्छौ रे ! यसको कारण के हो ?

साधु महाराज, म पहिला स्वतन्त्र थिएँ। एकपटक एउटा आश्रममा पुगेँ। त्यहाँ सबैले राम नाम जपिरहेका थिए। मैले पनि राम नाम बोल्न सिकेँ। यो देखेर एक सन्तले मलाई समातेर पिँजडामा बन्द गरे। एक व्यापारीले सन्तबाट मलाई किन्यो। व्यापारीले मलाई पहिलेभन्दा पनि मजबुत चाँदीको पिँजरामा बन्द गरिदियो। मुक्तिको सम्भावना झनै टाढियो। एक दिन व्यापारीले आफ्नो काम मिलाउन पिँजरासहितको मलाई राजालाई उपहार दियो। मैले राम राम बोल्ने हुनाले राजाले मेरो पिँजरा रानीको कोठामा झुन्ड्याउन लगाए। अब यस्तो अवस्थामा म कसरी 'रामको नाम जप, बन्धनबाट मुक्ति पाऊ' भन्न सक्छु त ?

साथै, सुगाले गुरुसित आफ्नो मुक्तिको उपाय बताउन पनि आग्रह गऱ्यो। गुरुले भने- भोलि कथाको समयमा तिमी चुपचाप मरेजस्तै गरी पिँजरामा पल्टिरहनू। मरेको ठानेर रानीले तिमीलाई पिँजराबाट बाहिर निकाल्नेछिन्। त्यतिखेर मौका मिलाएर तिमी उठेर भाग्नू। अर्को दिन कथा वाचन भइरहँदा सुगा मरेतुल्य भएर पिँजरामा पल्टिरह्यो। कथा समाप्त भइसकेपछि पनि ऊ केही बोलेन। पण्डित खुसी भए। रानीलाई सुगा मरेको जस्तो लाग्यो। उनले पिँजराको ढोका खोलेर सुगालाई बाहिर निकालिन्। मौका पाउनासाथ सुगा भुर्र उडेर गयो। जाँदाजाँदै उसले भन्यो- सद्गुरुको नाम जप, बन्धनबाट मुक्ति पाऊ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

जसपाको समावेशितामा प्रश्न

सत्ता समीकरणका कारण अहिले जसपाले जसलाई उठाए पनि उपराष्ट्रपतिमा जित्ने निश्चित छ। तर, जसपाले महिला उम्मेदवारलाई उपराष्ट्रपतिमा प्राथमिकता दिएको देखिँदैन। जनता समाजवादी पार्टीले यही ३ चैतमा हुने उपराष्ट्रपति पदको निर्वाचनका लागि एकैपटक दुई उम्मेदवार उठाएको भए पनि उसको मुख्य प्रथमिकतामा पुरुष उम्मेदवार नै परेका छन्। जसको पछाडि पार्टीको भन्दा पनि पार्टी अध्यक्ष उपेन्द्र यादवको व्यक्तिगत स्वार्थ लुकेको देखिन्छ। बारा-२ बाट प्रतिनिधिसभामा विजयी रामसहाय यादवलाई उपराष्ट्रपतिमा पठाउन सके खाली हुने क्षेत्रमा आफू उम्मेदवार बनी पुनः प्रतिनिधिसभामा आउने निहित स्वार्थका कारण उनले पुरुष उम्मेदवारलाई प्राथमिकता दिइरहेका छन्। यसले समावेशिताको आन्दोलन गर्ने जसपाको समावेशितामाथि प्रश्न उठाएको छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

यो पुल कसले बनाउने हो ?

काठमाडौंको नयाँ बसपार्कबाट बाहिर निस्किएर माछापोखरीतिर लाग्नासाथ विष्णुमती नदीमाथि एउटा पुल छ। सायद चक्रपथ निर्माणसँगै बनेको सो पुल हाल निकै जीर्ण भइसकेको छ। दैनिक हजारौँ सवारी साधन गुड्ने सो पुलको पिच भत्किएर बिचबिचमा पुल जोडिएको ठाउँमा ठुल्ठूला प्वाल परेका छन्। जसमा स्कुटरजस्ता साना पांग्रा हुने सवारी साधन त अड्किने नै खतरा छ। के यसको मर्मत गर्नुपर्दैन ?

● **वन्दना रायमाझी**
माछापोखरी, काठमाडौं

किसानलाई मार्ने हो सरकार ?

'युरियाको मूल्य झन्डै दोब्बर बढ्ने' शीर्षकको समाचार पढियो। देशको कृषि उत्पादन बढाउने, कृषि उपजको आयात कम गर्ने, उल्टै निर्यात गर्नेजस्ता गफ दिने सरकारले किसानलाई उपलब्ध गराउने मलको भारी मूल्यवृद्धि हुने खबर सुन्दा दुःख लाग्यो। छिमेकी देशमा सरकारले किसानलाई सहुलियत नै सहुलियत दिन्छ। हामीकहाँ भने सरकारले बिउबिजनदेखि, कृषि उपकरण र मलमा मूल्य बढाउँछ। के हामी किसानलाई मार्ने हो सरकार ?

● **समुद्र तामाङ**
टाँडी, चितवन

लेखक रेग्मीसँग सहमत

२९ फागुनको नयाँ पत्रिकामा भीम रेग्मीको लेख 'हाम्रो शिक्षा र समाजको दूरी'मा व्यक्त विचारसँग म पूर्णरूपेण सहमत छु। आजको शिक्षामा म तीन-चार कुरा गलत मान्छु- परीक्षा, किताबको फेराइ, बजारअनुसारको शुल्क र बालबालिकालाई मातृभाषामा नपढाउने राजनीति। परीक्षामा विद्यार्थीले गेसपेपरका पश्न मात्र पढ्छन् र पास पनि हुन्छन्, जब कि पढ्नुपर्ने विषयलाई आद्योपान्त पढेर कक्षाकोठाभित्र गरिने अन्तर्क्रियाले परीक्षाबाट भन्दा बढी ज्ञान हासिल हुन्छ। नो नम्बर, नो ग्रेड। केवल संस्थाले उत्तीर्णको प्रमाण हरेकलाई दिनुपर्छ।

दोस्रो दोष हो, सालैपिच्छे पाठ्यपुस्तकको फेराइ। यस्तो गरेर नयाँ-नयाँ लेखक र प्रकाशकले केवल पैसा बटुल्ने काम गर्छन्। पहिले एउटै अर्थमेटिक, अल्जेब्रा र बीजगणित दश कक्षासम्म चल्थ्यो। त्यसमा के खोट थियो ? के नयाँ लेखकले आफ्नै नयाँ आविष्कर गरेर पुस्तक लेख्छन् ? तेस्रो दोष हो, बजारअनुसारको शुल्क। आखिर केही कुरा त हुनुपर्छ, जो बजारबाट निर्देशित नहोस्। त्यो कुरा शिक्षा र स्वास्थ्यबाहेक अरू हुन सक्दैन। तर, आश्चर्य त यो छ कि, हाम्रो देशमा यी दुवै क्षेत्र नै लुटको स्तरमा नाफाको व्यापार बनेका छन्। बालबालिकालाई मातृभाषामा नपढाएर हामीले अन्याय मात्र होइन, अपराध नै गरिरहेका छौँ। मधेसको एउटा स्कुलमा 'नानी' भनेर बोलाइयो। केटीका आमाबुबाले उधुम मच्चाए। यो मातृभाषामा नपढाउनुको परिणाम हो।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

अधिकारविहीन उपभोक्ताको अधिकार दिवस

देशमा बनेका कानुन कागजमा मात्र सीमित छन्। उपभोक्ताले न्यायको अनुभूति गर्न सकेका छैनन्। उनीहरू गम्भीर अन्यायमा परेका छन्।



● विमला खनाल

हरेक वर्ष मार्च १५ लाई विश्व उपभोक्ता अधिकार दिवसका रूपमा संसारभर उपभोक्ता हकहितसँग सम्बन्धित विभिन्न कार्यक्रम गरी मनाइँदै आएको छ। तत्कालीन पहिलो विश्वयुद्धबाट सिर्जित आर्थिक मन्दीका कारण अर्थव्यवस्थाले काम गर्न नसकेको भनी आलोचना भइरहेका वेला बजारको एकाधिकारपूर्ण र अनुचित व्यापारिक क्रियाकलापविरुद्ध राल्फनाडर फोरेन्स केली, भाइकल भेरनन्, कार्टिस अरनोल्डो, टम पिपरलगायत अधिकारकर्मीले थालेको आन्दोलनको दबाबमा अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले १५ मार्च १९६२ मा प्रत्येक उपभोक्तालाई सुरक्षा, सूचना, सुनुवाइ र छनोट गर्न पाउने गरी चार अधिकारसहितको घोषणापत्र पारित गर्नुभएको थियो। त्यसैलाई विश्वको पहिलो उपभोक्ता अधिकार पत्र मानिन्छ। त्यही दिनको सम्झनामा १५ मार्चलाई विश्व उपभोक्ता अधिकार दिवसका रूपमा मनाइन्छ। तिनै चार अधिकारको आधारमा उपभोक्ता अधिकारलाई व्यापक बनाउन सन् १९८५ अप्रिल ९ मा संयुक्त राष्ट्रसंघको साधारणसभाबाट सुरक्षा, सूचना, सुनुवाइ, छनोट, शिक्षा, क्षतिपूर्ति, आधारभूत आवश्यकतामा पहुँच र स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारसहित आठ अधिकारलाई उपभोक्ता अधिकारका रूपमा घोषणा गरी 'युएन गाइडलाइन फर कन्जुमर प्रोटेक्सन' १९८५ पारित भएको हो। सो अनुबन्धमा वस्तु र सेवाको उत्पादन र बिक्री वितरण प्रणालीलाई प्रोत्साहन गर्दै उपभोक्तालाई अहित गर्ने गलत व्यापारिक क्रियाकलापबाट उपभोक्तालाई सुरक्षा गर्ने उल्लेख छ। सदस्य राष्ट्रहरूले उपभोक्ता अधिकार संरक्षणका लागि नीति, नियम कानुन र मापदण्ड समान रूपले तर्जुमा गरी लागू गर्नुपर्छ। हाम्रो देश पनि सदस्य राष्ट्र भएका कारण संवैधानिक र कानुनी अधिकार तर्जुमा गरी लागू गरेको अवस्था छ।

नेपालको संविधानमा उपभोक्ताको हकलाई मौलिक हकअन्तर्गत समावेश गरिएको छ। संविधानको धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरिएको छ। राज्यको नीतिअन्तर्गत अर्थ उद्योग र वाणिज्यसम्बद्ध नीतिमा कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना तथा प्रतिस्पर्धा नियन्त्रणजस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने व्यवस्था गरिएको छ। गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको प्रत्याभूति गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली २०७६ कार्यान्वयनमा छ। उपभोक्ता संरक्षण ऐनले उपभोक्तालाई नौवटा अधिकार प्रदान गरेको छ। १. वस्तु वा सेवामा सहज पहुँचको अधिकार, २. स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको छनोट गर्न पाउने अधिकार, ३. वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुने अधिकार, ४. वस्तुमा रहेको पदार्थको मात्रा, तत्त्व वा प्रतिशतबारे जानकारी पाउने अधिकार, ५. वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार, ६. अनुचित व्यापारिक क्रियाकलापविरुद्ध कानुनी कारबाही गराउन पाउने अधिकार, ७. वस्तु वा सेवाको प्रयोगबाट भएको हानि-नोक्सानीविरुद्ध क्षतिपूर्ति पाउने अधिकार, ८. उपभोक्ता हकहित संरक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाइ हुने अधिकार र ९. उपभोक्ता शिक्षा पाउने अधिकार।

उपभोक्ता हकहित संरक्षणका लागि यति धेरै अधिकारको व्यवस्था भए पनि कार्यान्वयन पक्ष भने फितलो भएका कारण उपभोक्ताले यी अधिकारको प्रत्याभूति गर्न पाएका छैनन्। सरकारले समयसापेक्ष र जनअपेक्षाअनुरूप

सन्दर्भ : विश्व उपभोक्ता अधिकार दिवस

> उपभोक्ता हकहित संरक्षणका लागि राज्यले प्रस्ट अधिकारको व्यवस्था गरेको भए पनि कार्यान्वयन पक्ष निकै फितलो भएका कारण उपभोक्ताले ती अधिकारको खासै प्रत्याभूति गर्न पाएका छैनन्

वैज्ञानिक र व्यवस्थित आपूर्ति प्रणालीको व्यवस्था मिलाउन नसक्नु, मागअनुसार आन्तरिक उत्पादन वृद्धि गर्न नसक्नु आयातित वस्तुमा निर्भर हुनु, देशलाई चाहिने माग कति हो ? उत्पादन, सञ्चय र आयात कति भइरहेको छ ? त्यससम्बन्धी सरकारसँग तथ्यांक नहुनु, बजारमा भइरहेको कालोबजारी, कार्टेलिङ, सिन्डिकेट, खाद्यवस्तुमा मिसावट र मूल्यवृद्धि नियन्त्रण गर्न नसकेका कारण उपभोक्ता अन्यायमा परेका छन्। बनेका कानुन कागजमा मात्र सीमित छन्। उपभोक्ताले न्यायको अनुभूति गर्न सकेका छैनन्।

सरकारले राष्ट्रिय नारा तय गरेको छ। यस वर्ष 'स्वच्छ ऊर्जामार्फत उपभोक्ता सशक्तीकरण' भन्ने नारा तय गरेको छ। वर्तमान समयमा विश्वभर जलवायु परिवर्तन ओजोन तहको ह्रास तथा ग्लोबल वार्मिङ तीव्र गतिले बढिरहेको छ। यसले मानिस र जीवजन्तुको अस्तित्वमाथि खतरा उत्पन्न गर्नुका साथै कृषि उत्पादनको क्षेत्रमा ह्रास आएको छ। जसका कारण गरिबी र पछौटेपनको सिकार हुनुपरेको छ। नयाँ-नयाँ रोग र महामारी फैलिइरहेका छन्। गरिबी, अशिक्षा तथा ज्ञान, सीप र चेतना अभावका कारण गरिब मुलुकमा ऊर्जा संकट बढिरहेको छ। हाम्रो देशमा पनि स्वच्छ ऊर्जा उत्पादन अभावले परनिर्भरताका कारण विदेशी मुद्रा पलायन र वैदेशिक ऋण बढिरहेको छ। वातावरण र मानव स्वास्थ्यको रक्षार्थ स्वच्छ ऊर्जा जरुरी छ। सोलार, बायोग्यास, माइक्रो हाइड्रो, हाइड्रोजन इन्धन तथा बिजुलीलाई स्वच्छ ऊर्जा मानिन्छ। स्वच्छ ऊर्जाको उत्पादन र उपभोगले जलवायु परिवर्तनमा नकारात्मक प्रभाव पार्दैन, धुवाँरहित स्वस्थकर, जलवायुमैत्री अन्तर्राष्ट्रिय प्रतिबद्धता परिपालना गर्ने सभ्य देशका रूपमा पहिचान बनाउन हामीले पनि स्वच्छ ऊर्जा प्रवर्द्धन र उपयोग गर्नुपर्छ। त्यसैले, स्वच्छ ऊर्जाबारे ज्ञान र चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा र लगानी बढाउन आवश्यक छ। स्वच्छ ऊर्जामा पहुँच र उपभोग गर्न पाउने सबैको अधिकार हुन्छ।

सरकारले उपभोक्ता अधिकार दिवसका सन्दर्भमा तय गरेको 'स्वच्छ ऊर्जामार्फत उपभोक्ता सशक्तीकरण' भन्ने नारालाई सार्थक बनाउन उपभोक्तामा स्वच्छ ऊर्जा उपयोगमा जिम्मेवारीबोध गराउने, जीवाश्म ऊर्जा पेट्रोल, डिजेल र मट्टितेलको प्रयोग घटाउने र बिस्तारै हटाउने नीति अवलम्बन गर्नुपर्छ। अतः विद्युतीय गाडी र यातायातका साधनलाई प्रोत्साहन गर्ने, भान्सामा स्वच्छ ऊर्जा प्रयोग गर्न प्रोत्साहन गर्न उद्योग र सडकमा सोलार बत्ती प्रयोग गर्ने, ऊर्जा उत्पादनलाई स्वच्छ र गुणस्तरीय बनाउन मापदण्ड तयार गरी नियमित अनुगमन गरी क्रमिक रूपमा सुधार गर्नुपर्ने देखिन्छ।

(खनाल कन्जुमर आई नेपालकी अध्यक्ष हुन्)

इरान–साउदी सम्झौतामा चीनको मध्यस्थताको अर्थ

इरान र साउदी अरेबिया बेइजिङको ऊर्जाका प्रमुख स्रोत भएकाले चीन त्यस क्षेत्रमा सौहार्दपूर्ण वातावरण र स्थायित्व चाहन्छ

इरान र साउदी अरेबियाबीच वर्षौंदेखि कायम वैमनस्यता अन्त्य गर्ने दिशामा चीनको प्रयासलाई विश्लेषकहरूले 'विश्व व्यवस्थामा परिवर्तन'को संकेत मानेका छन् । शुक्रबार बेइजिङमा साउदी अरेबिया र इरान कूटनीतिक सम्बन्ध पुनर्स्थापना गर्न र दुई महिनाभित्र एकअर्काको देशमा दूतावास पुनः खोल्न सहमत भएपछि यस्तो चर्चा सुरु भएको हो । सम्झौतामा दुई मुलुकले 'एकले अर्को राज्यको सार्वभौमसत्ताको सम्मान गर्ने र आन्तरिक मामिलामा गैरहस्तक्षेप'को नीति अपनाउने उल्लेख गरेका छन् ।

इरानको सरकारी मिडियाले सम्झौतापछि इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली सामखानीले साउदी अरबका राष्ट्रिय सुरक्षा सल्लाहकार मुसाद बिन मोहम्मद अल-ऐबानसँग हात मिलाएको भिडियो प्रसारण गरेको थियो । भिडियोमा दुई नेताबीच चिनियाँ विदेश मामिलाका सबैभन्दा शीर्ष अधिकारी वाङ उभिएका छन् । पश्चिम एसियाका क्षेत्रीय प्रतिद्वन्द्वी साउदी अरब र इरानबीचको लामो शत्रुता अन्त्य गराउन चीनले मध्यस्थकर्ताको भूमिका निभाइरहेको तथ्य सम्झौता सार्वजनिक हुनुअघिसम्म खुलाइएको थिएन ।

वाङले सम्झौतापछि बोल्ने क्रममा चीनले विश्वका जटिल मुद्दा समाधान गर्न एक प्रमुख राष्ट्रको रूपमा रचनात्मक भूमिका खेल्ने बताए । उनले आफ्नो मुलुकले वार्ताको आयोजक मुलुकको रूपमा 'सद्भावपूर्ण' र 'विश्वसनीय' मध्यस्थकर्ताको भूमिका निभाएको पनि बताए । साउदी अरब र इरानले सन् २०१६ मा कूटनीतिक सम्बन्ध तोडेका थिए । साउदी अरेबियाले एक चर्चित सिया मुस्लिम विद्वान्लाई मृत्युदण्ड दिएपछि यी दुई खाडी देशबीच तनाव सुरु भएको थियो । मृत्युदण्डपछि सिया बहुल इरानमा ठूलो विरोध भयो । प्रदर्शनकारीहरूले तेहरानस्थित साउदी दूतावासमा हमला गरेपछि साउदीले दूतावास बन्द गर्ने निर्णय लिएको थियो ।

सम्बन्धको तिक्तता सोही वर्ष शिखरमा पुगे पनि यी दुई मुलुकबीचको भूराजनीतिक द्वन्द्व दशकौंअघिदेखि नै चलिरहेको थियो । इरान र साउदी अरब पश्चिम एसियाली क्षेत्रका प्रायः सबै द्वन्द्वमा एकअर्काविरुद्ध उभिदै आएका छन् । यसमध्ये अझै जारी सबैभन्दा हिंसात्मक यमन युद्ध अहिले आठौं वर्षमा पुगेको छ । यमनको राजधानीमाथि कब्जा जमाएको हुथी विद्रोहीलाई तेहरानको समर्थन छ भने रियादले हुथीद्वारा विस्थापित यमनी सरकारको समर्थनमा व्यापक सैन्य कारबाही गरिरहेको छ । सन् २०२१ मा इरानी र साउदी अधिकारीहरूले विभिन्न अवसरमा इराक र ओमनमा वार्ता गरेका थिए । तथापि, त्यसवेला दुई पक्षबीच कुनै सम्झौता हुन सकेको थिएन ।



वासिङ्टन डिसीस्थित 'अरब गल्फ स्टेट इन्स्टिच्युट'का वरिष्ठ आवासीय प्राज्ञ रोबर्ट मोगिएल्लिकीले पछिल्लो सम्झौता पश्चिम एसियामा चीनको बढ्दो चाख र उपस्थितिको अर्को प्रमाण भएको बताए । अमेरिकाको इरानसँग राम्रो सम्बन्ध नभएको, तर चीनको राम्रो सम्बन्ध रहनुले यो सम्झौताको मध्यस्थता गराउन चीनलाई सहज भएको बताए । 'चीनका लागि यो अपेक्षाकृत कम जोखिमपूर्ण र उच्च इनामयुक्त गतिविधिमा संलग्न हुनुसरह रह्यो, किनभने चीन यसले निम्त्याउने कुनै पनि परिणामको जिम्मेबार माननेछैन,' मोगिएल्लिकीले भने । तर, दुई मुलुकको तनाव कम भएमा समग्र मध्यपूर्वको क्षेत्रीय तनाव घट्ने र यसबाट चीन मात्र नभएर अमेरिका र अन्य क्षेत्रीय शक्ति पनि लाभान्वित हुने मोगिएल्लिकीले बताए ।

> पछिल्लो सम्झौता विश्व व्यवस्थामा परिवर्तन हुँदै गरेको बृहत्तर संकेत हो । यसले शीतयुद्धको अन्त्यपछि चुनौतीहीन महाशक्ति बनेको अमेरिकाको त्यो हैसियत कसरी समाप्त हुँदै छ भन्ने देखाउँछ ।

वासिङ्टन डिसीस्थित सेन्टर फर इन्टरनेसनल पोलिसीकी गैरआवासीय वरिष्ठ फेलो सिना तुस्सी भने सम्बन्ध सुधारमा चीनको 'स्पष्ट चासो' रहेको मान्छिन् । इरान र साउदी अरेबिया बेइजिङका ऊर्जाका प्रमुख स्रोत मुलुक भएकाले चीन त्यस क्षेत्रमा सौहाद्रपूर्ण वातावरण र स्थायित्व चाहन्छ । सन् २०१९ मा साउदी अरबका तेल केन्द्रहरूलाई इरान समर्थित हुथीहरूले निशाना बनाएपछि विश्व तेलबजार प्रभावित भएको थियो । आक्रमणपछि तेलको विश्वव्यापी मूल्यमा १४ प्रतिशतभन्दा बढीले वृद्धि भएको थियो जुन त्यसअघिको एक दशकभन्दा बढी समयको सबैभन्दा ठूलो वृद्धि थियो । 'फारसको खाडीमा हुने द्वन्द्वले चीनको ऊर्जा आपूर्तिलाई असर गर्ने हुँदा ऊ एकदम सजग रहन्छ,' तुसीले भनिन् ।

क्विन्सी इन्स्टिच्युटकी कार्यकारी उपाध्यक्ष त्रिता पार्सीका अनुसार अमेरिकाको अडानको कारण ऊ 'विश्वसनीय मध्यस्थ हुन नसक्ने स्थितिमा' थियो । अमेरिकाले मध्यपूर्वमा जारी द्वन्द्वमा कुनै एक मुलुकको पक्ष लिँदै आएको छ । यसले अमेरिकालाई शान्ति स्थापनाको भूमिका खेल्न सहज थिएन । चीनले भने क्षेत्रीय प्रतिस्पर्धामा न साउदी अरबको न इरानको पक्ष लिन्छ । साथै, उसले तिनको द्वन्द्वबाट पर रहन निकै मिहिनेत गर्ने गरेको छ । परिणामस्वरूप अहिलेको शान्ति स्थापनामा उसले भूमिका खेल्न सक्यो,' पार्सीले भनिन् । अमेरिकाले ऐतिहासिक रूपमा इरानविरुद्धको प्रतिद्वन्द्वितामा इजरायल र साउदी अरबलाई समर्थन गर्दै आएको छ । गत साता अमेरिकी सञ्चारमाध्यमहरूले इजरायल र इरान युद्धको नजिक पुगेका समाचार दिएको पृष्ठभूमिमा पछिल्लो सम्झौता भएको छ । पछिल्लो सम्झौतामा मध्यस्थता गरेको चीनको इजरायलसँग समेत राम्रो राजनीतिक र आर्थिक सम्बन्ध छ ।

> इरान र साउदी अरब पश्चिम एसियाली क्षेत्रका प्रायः सबै द्वन्द्वमा एक-अर्काविरुद्ध उभिँदै आएका छन् । यसमध्ये सबैभन्दा हिंसात्मक यमन युद्ध अहिले आठौं वर्षमा पुगेको छ । यमनको राजधानीमाथि कब्जा जमाएको हुथी विद्रोहीलाई तेहरानको समर्थन छ भने रियादले हुथीद्वारा विस्थापित यमनी सरकारको समर्थनमा बृहत् सैन्य कारबाही गरिरहेको छ ।


'मेरो विचारमा पछिल्लो सम्झौता विश्व व्यवस्थामा परिवर्तन हुँदै गरेको बृहत्तर संकेत हो । यसले शीतयुद्धको अन्त्यपछि चुनौतीहीन महाशक्ति बनेको अमेरिकाको त्यो हैसियत कसरी समाप्त हुँदै छ भन्ने देखाउँछ,' तुस्सीले भनिन् । विगत दशकमा, साउदी अरबजस्ता मुलुकहरू अमेरिकाका मात्र व्यावहारिक साझेदार थिए । तर, तिनका सामु अन्य विकल्प देखापरेका छन् । चीनले तिनलाई आर्थिक, राजनीतिक, सैन्य मामिलामा धेरै सहयोग गर्न सक्ने भएको छ भने रुसले पनि ती सहयोग दिन सक्छ । 'मध्यपूर्वका अरबी मुलुकहरूका लागि इरान एक यथार्थ हो । छिमेकी मुलुकका रूपमा इरान सधैं तिनकै छेउमा हुनेछ । त्यही भएर उसँग सौहाद्रपूर्ण सम्बन्ध कायम गर्नु तिनकै हितमा छ । अमेरिकाले पहिलेजस्तो विनासर्तको समर्थन दिन छाडेको अवस्थामा इरानसँग सहअस्तित्वको नीति लिनु साउदी अरबले उपयुक्त ठानेको हुनुपर्छ । साथै, साउदी युवराज मोहम्मद बिन सलमानले इरानसँग लिएको शत्रुतापूर्ण नीति असफल भएपछि सहअस्तित्वको लाइन बलियो बन्ने स्थिति आयो,' तुस्सीले भनिन् । साउदी तेल केन्द्रमा आक्रमणपछि तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले आफूहरू मध्यपूर्वको द्वन्द्वमा नफस्ने स्पष्ट गरेपछि साउदी नयाँ विकल्प सोच्न बाध्य भएको उनको बुझाइ छ ।

बाइडेन राष्ट्रपति भएपछि भने उनले आफूहरू साउदी अरबको पक्षमा दरिलो रहेको बताए । सम्भवतः चीनसँगको भावी संघर्षमा साउदीको भूमिका महत्त्वपूर्ण हुने सोचेर बाइडेन साउदी अरबलाई साथमा लिने प्रयासमा छन् । तर, पार्सीका अनुसार इजरायल र साउदी अरब दुवै मुलुकको नजिक हुँदा अमेरिका 'यी देशहरूको द्वन्द्वमा थप फस्यो र मध्यस्थताको रूपमा सम्भावित भूमिकालाई थप कठिन बनाउन पुग्यो । यही कुरामा चीनले यसको फाइदा उठायो ।' इरान र साउदी अरबले दशकौंदेखि मध्यपूर्वका सिरिया, इराक, लेबननलगायत द्वन्द्वमा छद्म विपक्षी पक्षलाई सघाउँदै आएका छन् । अहिले सम्झौता गर्नासाथ दुईबीचको विशाल भूराजनीतिक घर्षण स्वतः सामान्य बन्नेछैन, तर सम्झौताले 'दिगो वार्ताको अवसर प्रदान गर्छ जसले दुईबीच कायम भिन्नतालाई पुनः सहयोग गर्ने' तुस्सीले बताइन् ।

शुक्रबार जारी भएको त्रिपक्षीय विज्ञप्तिमा सन् २००१ को सुरक्षा सम्झौता र इरान-साउदीबीचको सन् १९९८ को बृहत्तर सहयोग सम्झौताको पनि उल्लेख गरिएको छ । इरानमा इस्लामिक क्रान्ति भएपछि दुई मुलुकबीच तोडिएको कूटनीतिक सम्बन्ध सन् १९९८ को सम्झौतापछि पुनर्स्थापित भएको थियो । 'ती सम्झौताको उल्लेख गरेर दुई पक्षले आपसी सहयोग र सहकार्यको भावनालाई समात्न खोजेका छन् । सन् २००१ र सन १९९८ को सम्झौतामा धेरै आर्थिक, सुरक्षा, राजनीतिक सहयोग र उच्चस्तरीय कूटनीतिक सम्पर्क समावेश थियो,' तुस्सीले भनिन्,'सन् १९९७ देखि सन् २००५-०६ सम्म साउदी अरबसँग इरानको सम्बन्ध सौहाद्रपूर्ण थियो । सम्भवतः दुई मुलुकमा पुनः सोही सम्बन्धमा फर्कने इच्छा देखिन्छ ।'

(अल जजिराका लागि मेर्सिहा गद्जोको आलेख)

इतिहासमा आज



सन् १९९० : मिखाइल गोर्भाचेभ सोभियत संघको राष्ट्रपति बने । उनका आर्थिक एवं राजनीतिक सुधारका साथै वाक्-स्वतन्त्रताको वकालतले अन्य पूर्वी युरोपेली देशमा लोकतान्त्रिक आन्दोलनलाई बल दियो र अन्ततोगत्वा बर्लिनको पर्खाल ढल्न पुग्यो । शीतयुद्धको अन्त्य भयो ।

सन् १९८५ : विश्वको पहिलो इन्टरनेट डोमेन नेम दर्ता भयो । दर्ता हुने पहिलो डोमेन सिम्बोलिकडटकम थियो । अहिले विश्वमा एक अर्बभन्दा धेरै डोमेन छन् ।

सन् १९६२ : पाँचवटा अनुसन्धान टोलीले एन्टी-म्याटर पत्ता लागेको घोषणा गरे ।

सन् १७८३ : न्युयोर्क राज्यको न्युवर्गमा दिएको भावनात्मक भाषणमा जर्ज वासिंगटनले आफ्ना अधिकारीलाई न्युवर्ग षड्यन्त्रलाई सहयोग नगर्न आग्रह । उनको अनुरोध सफल रह्यो, कुको प्रयास सफल हुन पाएन ।

सन् १४९३ : क्रिस्टोफर कोलम्बस नयाँ विश्वको आफ्नो पहिलो यात्राबाट स्पेन फिर्ता ।

विश्व संक्षेप

सिपिपिसिसीको बैठक सकियो

बेइजिङ / देशको शीर्ष राजनीतिक सल्लाहकार निकाय चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलन (सिपिपिसिसी)को १४औँ राष्ट्रिय समितिको पहिलो स्थायी समिति बैठक १० वटा विशेष समिति गठन गर्ने निर्णयका साथ समाप्त भएको छ । बैठकले सिपिपिसिसी राष्ट्रिय समितिअन्तर्गत अर्थ, कृषि, कानुन, जातीय, धार्मिक, सामाजिक तथा वैदेशिक मामिलालगायत क्षेत्र समेटून ती समिति गठनको निर्णय गरेको हो । स्थायी समिति बैठकले विशेष समितिका सञ्चालक एवं उपनिर्देशकको नामावली पनि अनुमोदन गरेको छ । बैठकको अध्यक्षता चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्युरोको स्थायी समितिका सदस्य तथा सिपिपिसिसी राष्ट्रिय समतिका अध्यक्ष वाङ हुनिङले गरेका थिए । अध्यक्ष वाङले विशेष सल्लाहकार निकायको रूपमा आफ्नो भूमिका अझ सशक्त हुने जानकारी दिँदै सिपिपिसिसी राष्ट्रिय समितिको स्थायी समितिका सदस्यहरूलाई राजनीतिक परामर्शका गतिविधिहरू सावधानीपूर्वक व्यवस्थापन गर्न आग्रह गरेका छन् । स्थायी समितिको बैठक गत आइतबारदेखि प्रारम्भ भएको थियो ।

उत्तर कोरियाद्वारा क्षेप्यास्त्र परीक्षण

प्योङयाङ / उत्तर कोरियाले दुईवटा रणनीतिक क्षेप्यास्त्र परीक्षण गरेको छ । ती क्षेप्यास्त्र कोरियाली समुद्रको पूर्वी क्षेत्रमा खसेको बताइएको छ । अमेरिका र दक्षिण कोरियाले कोरियाली प्रायद्वीपमा सोमबारदेखि संयुक्त सैन्य अभ्यास सुरु गरिरहेका वेला उत्तरले सोमबार बिहान ऋुज क्षेप्यास्त्र परीक्षण गरेको हो । सोमबारदेखि सुरु भएको सैन्य अभ्यास कोरियाली प्रायद्वीपमा गरिएको पाँच वर्षयताकै सबैभन्दा ठूलो भएको दक्षिण कोरियाली अधिकारीले दाबी गरेका छन् । उत्तर कोरियाली समाचार एजेन्सी केसिएनएले नेता किम जोङ उनले शत्रुहरूको युद्ध उन्मादलाई जवाफ दिन आदेश दिएलगत्तै क्षेप्यास्त्र परीक्षण गरिएको प्राप्त विवरणमा जनाइएको छ । यसैबीच, अमेरिका र दक्षिण कोरियाको १० दिने सैन्य अभ्यास पनि सोमबारदेखि नै सुरु भएको छ । अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासलाई उत्तर कोरियाले आफूमाथि लक्षित अभ्यासका रूपमा व्याख्या गरेको छ ।

पोलियोविरुद्ध अभियान सुरु

इस्लामाबाद / पाकिस्तानका केही प्रान्तमा पोलियोका बिरामी देखिएपछि यसविरुद्धमा अभियान सञ्चालन गरिएको छ । पाकिस्तानको सिन्ध प्रान्तमा थुप्रै बालबालिकामा पोलियोको प्रकोप देखिएपछि सरकारले सोमबारदेखि खोप अभियान सञ्चालन गरेको हो । पाकिस्तानको दक्षिणी सिन्ध प्रान्तका दुई करोडभन्दा बढी बालबालिकालाई पोलियो खोप दिइनेछ । मानिसहरूलाई घरघरैमा पुगेर खोप दिइने बताइएको छ । सिन्धको प्रान्तीय सरकारले मार्च १३ देखि यो अभियान सुरु गरिने र पाँच दिनसम्म सञ्चालन गरिने जानकारी दिएको छ । सिन्धको प्रान्तीय सरकारका स्वास्थ्य अधिकारीले पोलियो खोप दिने कार्यक्रम दुई चरणमा सञ्चालन गरिने र पहिलो चरणमा कम्तीमा पनि एक करोड ७० लाख बालबालिकालाई समेटिइने बताएका छन् ।

अस्ट्रेलियाको डढेलोले ओजोन तहलाई फराकिलो बनायो : अध्ययन



सन् २०१९ देखि २०२० मा दक्षिणपूर्वी अस्ट्रेलियाको जंगलमा फैलिएको डढेलोले ओजोन तहलाई फराकिलो बनाउने रसायन निस्किएको एक नयाँ अध्ययनले देखाएको छ । डढेलोबाट निस्किने धुवाँका कणहरूले सूर्यको पराबैजनी विकिरणबाट ग्रहलाई जोगाउने पृथ्वीको सुरक्षात्मक तहलाई नष्ट गर्न सक्ने अध्ययनले देखाएको छ । सन् २०१९ को डिसेम्बरदेखि २०२० को जनवरीसम्म फैलिएको डढेलोले ३६ जनाको ज्यान लिनुका साथै तीन अर्बभन्दा बढी मानिस घाइते भएका थिए । लाखौं एकडमा फैलिएको डढेलोले वायुमण्डलमा लाखौं टन धुवाँ छोडेको थियो ।

अस्ट्रेलियाको सबैभन्दा विनाशकारी डढेलोका कारण निस्किएको धुवाँ ३० किलोमिटरसम्मको उचाइमा पुगेको गत हप्ता प्रकाशित अध्ययनले जनाएको छ । क्याम्ब्रिजको म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआइटी) का वायुमण्डलीय रसायनशास्त्री केन स्टोनका अनुसार यो ओजोन तह समावेश गर्ने स्ट्र्याटोस्फियर (पृथ्वीको वातावरणको पत्र) रहेको क्षेत्र हो । अध्ययनमा संलग्न अन्वेषकहरूले नयाँ रासायनिक प्रतिक्रिया पनि पहिचान गरे, जसमा धुवाँका कणहरूले ओजोनलाई अझ खराब बनाएको थियो । असर यति गम्भीर थियो कि ओजोन तहको तीनदेखि पाँच प्रतिशत अस्ट्रेलिया, न्युजिल्यान्ड, अफ्रिका र दक्षिण अमेरिकाका भागहरूमा मेटिएको थियो । यो अध्ययन उपग्रह तथ्यांकको विश्लेषणमा आधारित छ, जसले दक्षिण ध्रुवबाट टाढाको वायुमण्डलका क्षेत्रहरूमा अन्य वर्षको तुलनामा हाइड्रोक्लोरिक एसिडको स्तर विशेषगरी कम रहेको खुलासा गरेको छ ।

यो क्लोरोफ्लोरोकार्बनले छोडेको अवशेष क्लोरिन हो, जुन ओजोन तहका लागि हानिकारक छ । तर, जब हाइड्रोक्लोरिक एसिड पानीका थोपाहरूमा घुल्छ, यसले प्रतिक्रियाशील ओजोन-हटाउने अणुहरू बनाउँछ । यो घटना सामान्यतया ध्रुव वरपर देखिनेछैन, किनभने त्यहाँ धेरै तातो हावा छ । तर, स्याटेलाइट डाटाले धुवाँका कणहरूमा रहेका विभिन्न जैविक एसिडहरूले आगो लागेपछि हाइड्रोक्लोरिक एसिडको घुलनशीलतालाई कसरी परिवर्तन गरेको छ भन्ने देखाएको छ । अध्ययनका अर्का सहलेखक सुसान सोलोमनले हाइड्रोक्लोरिक एसिडले धुवाँका कणहरूसँग मिलेर आणविक क्लोरिन उत्पादन गरेको बताइन्, जुन अत्यधिक प्रतिक्रियाशील 'ओजोन-खाने' क्लोरिन परमाणुहरूमा टुक्रियो । 'अब समयविरुद्ध दौड छ । आशा छ, जलवायु परिवर्तनसँगै आगलागीको आवृत्ति बढ्नुअघि क्लोरिनयुक्त यौगिकहरू नष्ट भइसकेका हुनेछन् । यो ग्लोबल वार्मिङ र यी क्लोरिनयुक्त यौगिकहरूबारे सतर्क रहनुको कारण हो,' सोलोमनले भनिन् । अध्ययन नेचरमा प्रकाशित छ ।

- एजेन्सी

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालय बालाजु, काठमाण्डौ, फोनः ०१-४३५४१८१

को

शाखा कार्यालय बालाजु, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरूको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/१२/०१ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको शाखा कार्यालय बालाजुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/०८/२९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पुर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

१ नाम : सूर्य वहादुर तमाङ बाजे : लोपन तमाङ ना.प्र.प.नं. : ७७९९३, नुवाकोट
बाबु : लुप्से तमाङ ठेगाना : ओखरपौवा-६, नुवाकोट

२ नेपाल सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, विदुर, नुवाकोटमा मिति २०७६/०४/२८ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ र औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम प्राइभेट फर्म दर्ता नं. १८३/०७६/७७ कायम भई दर्ता भएको नुवाकोट जिल्ला, ककनी गा.पा. वडा नं. २ स्थित श्री दुज्योर प्रगतिशिल कृषि फर्म प्रोप्राइटर : सूर्य वहादुर तमाङ

***व्यक्तिगत जमानतकर्ताहरू**

नाम : सूर्य वहादुर तमाङ, बाब : लुप्से तमाङ, बाजे : लोपन तमाङ, ठेगाना : ओखरपौवा-६, नुवाकोट, ना.प्र.प.नं. : ७७९९३, नुवाकोट

नाम : श्रीमान तामाङ, बाबु : लुप्से तमाङ, बाजे : लोपन तमाङ, ठेगाना : ओखरपौवा-६, नुवाकोट, ना.प्र.प.नं. : ९३८६, नुवाकोट

नाम : ठुली माया तमाङ, पति : लुप्से तमाङ, ससुरा : लोपन तमाङ, ठेगाना : ओखरपौवा-६, नुवाकोट, ना.प्र.प.नं. : २५१०६०/२६८, नुवाकोट

नाम : लोक राज तमाङ, बाबु : लुप्से तमाङ, बाजे : लोपन तमाङ, ठेगाना : ओखरपौवा-६, नुवाकोट, ना.प्र.प.नं. : २५१०६०/२६७, नुवाकोट

***धितोमा रहेको सम्पत्तिको विवरण**

ठुली माया तामाङको नाममा मालपोत कार्यालय, नुवाकोटको लगतमा दर्ता श्रेस्ता कायम रहेको ओखरपौवा गा.वि.स/न.पा. वडा नं. ६ (सिट नं. ६) स्थित कित्ता नं. ४३६, ४६२, ७३७, ४३८, ४२३, १३६, ४३४, ३५७, ३५८, ७२, १५३, ५०६, ९९ को क्रमशः क्षेत्रफल २-१२-२-०, ०-३-०-२, ०-६-०-०, ०-४-३-०, ६-४-३-३, २-९-०-१, २-०-२-१, २-१-२-०, २-९-१-०, १-१०-२-१, २-७-१-१, २-२-३-०, ४-६-०-० (रोपनी) का जग्गाहरू तथा सो जग्गाहरूले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

नाम : प्रेममाया तमाङ, पति : सूर्य वहादुर तमाङ, ससुरा : लुप्से तमाङ, ठेगाना : ओखरपौवा-६, नुवाकोट, ना.प्र.प.नं. : २५३०६०/४०८, नुवाकोट

*दुबै ऋणीहरूको व्यक्तिगत जमानतकार्ताहरू र धितोमा रहेको सम्पत्तिहरू एउटै भएको ।

धितो लिलामी बिक्रीका शर्तहरू :

१. बोलपत्र आवेदन फारम मिति २०७९/१२/०१ गते बुधवारदेखि केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी तथा शाखा कार्यालय बालाजु, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०७९/१२/१५ गते बुधवार कार्यालय समय भित्र शाखा कार्यालय बालाजु, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०७९/१२/१६ गते बिहीवार दिउँसो ४:०० बजे शाखा कार्यालय बालाजु, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरूपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र शाखा कार्यालय बालाजु, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय बालाजु, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

श्रम अदालत र श्रमिकको पहुँच

श्रम अदालतले श्रमिकको सहज पहुँचका लागि सातै प्रदेशमा श्रम अदालत गठन गरी श्रमसम्बन्धी विवादको सुनुवाइ र निर्णय गर्ने अधिकार दिनुपर्छ



अर्थ संवाद
• वासुदेव आचार्य
अध्यक्ष, श्रम अदालत

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका लोकतान्त्रिक संविधानको मूल मर्म हो। नेपालको संविधानको प्रस्तावनामा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनको शासन, शक्ति पृथकीकरण तथा मानवअधिकारको संरक्षणप्रति प्रतिबद्धता जनाइएको छ। नेपालको संविधानअनुसार न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ। त्यसरी नै संविधानको धारा १५२ को उपधारा (१) ले नेपालमा नियमित अदालतबाहेक कुनै खास प्रकृतिका मुद्दा हेर्न विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था गरेबमोजिम श्रम अदालतको गठन भएको हो।

श्रमसम्बन्धी न्यायिक विवादहरू छिटोछरितो र प्रभावकारी रूपमा समाधान गरी देशमा दिगो शान्ति कायम गरी औद्योगिक विकास र उत्पादकत्व वृद्धिमा सकारात्मक प्रभाव पार्न कामदार तथा उद्योगीबीच सुमधुर सम्बन्ध कायम गरी निजी क्षेत्र पनि सुरक्षित रोजगारीको महत्त्वपूर्ण क्षेत्र हो भन्ने सुनिश्चितता गर्न श्रम ऐन, २०४८ तथा श्रम नियमावली, २०५२ बमोजिम तत्कालीन सरकारको निर्णयानुसार श्रम अदालत गठन भएको र यस अदालतको कार्य सञ्चालनका लागि श्रम अदालत (कार्यविधि) नियमावली, २०५२ को स्वीकृति र सोही नियमावलीको नियम ३ को उपनियम १ अनुसार एक सदस्यीय मुद्दा हेर्ने अधिकारीबाट श्रमसम्बन्धी न्यायिक विवादहरूको निरूपण गर्दै आएको थियो।

साथै, श्रम ऐन २०७४ बमोजिम सुरु मुद्दा हेर्ने तथा श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, श्रम तथा रोजगार कार्यालयले गरेको आदेश वा निर्णयमा चित्त नबुझ्ने पक्षले गरेको पुनरावेदनको सुनुवाइ गर्ने, रोजगार अन्त्य गर्ने गरी रोजगारदाताले गरेको कुनै निर्णय वा खराब आचरणका सम्बन्धमा गरेको सजायउपर चित्त नबुझ्ने पक्षले दिएको पुनरावेदनको किनारा गर्ने, ट्रेड युनियन ऐन २०४९, बोनस ऐन २०३० बमोजिमको सुरु मुद्दा हेर्ने तथा अन्य निकायहरूका श्रेणीविहीन श्रमिकको समेत मुद्दा हेर्दै आएको छ।

श्रम अदालतको क्षेत्राधिकार

सामान्यतया अधिकार क्षेत्र काम गर्ने शक्ति, अधिकार वा अख्तियारी हो। अदालत वा न्यायिक निकायले मुद्दा दर्ता, कारबाही र निर्णय गर्दा अधिकार क्षेत्र भए-नभएको हेर्नुपर्छ। अधिकार क्षेत्र न्याय प्रशासनको आधारस्तम्भ हो। अधिकार क्षेत्रविहीन निकायले गरेको निर्णय बदरयोग्य हुन्छ। आफ्नो क्षेत्रभित्र निश्चित अधिकार प्रयोग गर्न पाउने हैसियत नै अधिकार क्षेत्र हो। यस्तो अधिकार राज्यका निकाय र पदाधिकारीलाई कानुनद्वारा निर्धारण गरिएको हुन्छ।

राज्यको सार्वभौम सत्ताको प्रयोग गरी आफ्नो भूभागमा अदालत वा न्यायिक निकायबाट विवाद समाधान गर्ने अधिकार, कुनै विवादमा कारबाही, सुनुवाइ र किनारा गर्ने अदालतको अधिकार, कानुनमा निर्धारण गरिएबमोजिम न्याय सम्पादन गर्ने अदालतको अधिकार, न्यायिक कारबाहीको सिलसिलामा तथ्य पत्ता लगाउने, कानुनको प्रयोग गर्ने, दण्डको घोषणा गर्ने शक्ति हो। मुद्दा लिने र दर्ता गर्ने विवादको तथ्य पत्ता लगाउने, प्रमाण बुझ्ने, उपयुक्त कानुनको ग्रहण गर्ने, फौजदारी मुद्दामा अवस्थानुसार दण्ड जरिवाना तोक्ने आदि अदालतका मुद्दा दर्तादेखि फैसलासम्मका न्यायिक कारबाहीका प्रयोग हुने अख्तियारीलाई अदालतको अधिकार क्षेत्र भनिन्छ। सो क्षेत्रसम्बन्धी सिद्धान्तअन्तर्गत अधिकार क्षेत्र शून्यमा रहँदैन। पक्षको सहमतिबाट क्षेत्राधिकारको सिर्जना वा समाप्त हुँदैन। क्षेत्राधिकार देखाउने र प्रमाणित गर्ने भारवादी पक्षमा हुने न्यायिक अधिकार प्रत्यायोजन हुन सक्दैन। अधिकार क्षेत्र नभएको मुद्दा हेरे बदर हुन्छ। ठूलो अधिकार क्षेत्रको अगाडि सानो अधिकार समाप्त हुन्छ भन्नेजस्ता कुरा पर्छन्।

मुद्दाको सुरु, कारबाही र किनारा गर्ने अधिकार क्षेत्र : श्रम अदालतमा श्रम ऐन जारी भएपश्चात् प्रतिष्ठान तथा श्रमिकको परिभाषामा व्यापकता आई यसको क्षेत्राधिकारमा विस्तार भएको पाइन्छ। श्रम अदालतलाई निम्न बमोजिमको अधिकार रहेको पाइन्छ :

मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार : केही ऐनद्वारा यस अदालतलाई मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार दिइएको पाइन्छ। मुद्दाको रोहमा साक्षी प्रमाण बुझ्ने, प्रमाणको मूल्यांकन गर्ने र प्रमाणका आधारमा फैसला गर्ने अधिकार छ। यस अदालतले सुरु गरेको कारबाही र किनारा गरेको मुद्दा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कानुनी व्यवस्था छ।

पुनरावेदकीय अधिकार : तल्लो अदालत वा निकायले गरेको निर्णय वा आदेशलाई माथिल्लो निकाय वा अधिकारीले सो निर्णय वा आदेश मिलेको छ/छैन भनी जाँच गर्ने कार्यलाई अदालतको पुनरावेदकीय अधिकार भनिन्छ। एक तह माथिल्लो निकायमा पुनरावेदन गर्न पाउने अधिकार प्राकृतिक न्यायको सिद्धान्तमा आधारित छ। श्रम ऐनअन्तर्गतको नियमबमोजिम विभाग वा कार्यालयले गरेको आदेश वा निर्णयमा चित्त नबुझे ३५ दिनभित्र श्रम अदालतमा पुनरावेदन दिन सक्ने र रोजगारी अन्त्य गर्ने गरी रोजगारदाताले गरेको निर्णय वा खराब आचरणबारेको सजायमा चित्त नबुझे श्रमिकले सो निर्णय वा सजायको मितिले ३५ दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्ने उल्लेख गरेको पाइन्छ।

श्रम ऐनको दफा १८० मा यस अदालतमा निजामती सेवा, सेना, प्रहरी तथा छुट्टै ऐनले विशेष व्यवस्था गरेकोमा बाहेक श्रमसँग सम्बन्धित औपचारिक तथा अनौपचारिक क्षेत्रका रोजगारीसम्बन्धी मुद्दा हेर्न क्षेत्राधिकार तोकिएको छ। साथै, अन्य कुनै कानुनमा व्यवस्था नभएको श्रमसँग सम्बन्धित मुद्दासमेत यस अदालतलाई क्षेत्राधिकार हुने व्यवस्था गरिएको छ। यस अदालतमा व्यवस्थापनले गरेको निर्णय तथा श्रम तथा रोजगार कार्यालय वा श्रम विभागले गरेको निर्णयउपरको पुनरावेदन र केही प्रकृतिका मुद्दामा निवेदनसमेत उपर कारबाही हुने व्यवस्था छ। विशेष गरी व्यवस्थापनले गरेका सजाय वा रोजगारी सेवा अन्त्य गरिएका, श्रमिक कटौती, श्रमसम्बन्धमा विवाद भएका विषयहरू, सेवा सुविधा, क्षतिपूर्तिसँग सम्बन्धित विषय, खराब आचरण, उचित श्रम अभ्यास, फैसला वा सामूहिक सौदाबाजीको निर्णय कार्यान्वयन, अदालतको अवहेलना, अन्तरकालीन आदेश, ऐनसँग बाझिएका नियमावली वा सामूहिक सौदाबाजीको व्यवस्था बदर, ट्रेड युनियनसँग सम्बन्धित विवादलगायतका विषयका मुद्दाहरू दर्ता भई निवेदन तथा पुनरावेदनको रोहमा सुनवाइ हुने गरेको छ।

अन्तरकालीन वा उपयुक्त आदेशाधिकार : श्रम अदालतमा विचाराधीन रहेको कुनै मुद्दाको सन्दर्भमा मुद्दाको अन्तिम किनारा नभएसम्म उक्त मुद्दा रोक्न वा जारी राख्न आवश्यक छ भनी मुद्दाको कुनै पक्षले दिएको निवेदन मनासिब देखिएमा सो मुद्दा जुनसुकै अवस्थामा पुगेको भए तापनि कुनै निश्चित समयका लागि कुनै काम रोक्न वा भइरहेको काम अवधि किटान गरी वा नगरी जारी राख्नु भनी मुद्दाको कुनै पक्षको



> श्रम अदालतको अधिकार राज्यको सार्वभौम सत्ताको प्रयोग गरी आफ्नो भूभागका अदालत वा न्यायिक निकायबाट विवाद समाधान गर्ने, विवादमा कारबाही, सुनुवाइ र किनारा गर्ने, कानुनमा निर्धारण गरिएबमोजिम न्याय सम्पादन गर्ने न्यायिक कारबाहीको सिलसिलामा तथ्य पत्ता लगाउने हो।

नाममा अन्तरकालीन आदेश जारी गर्ने अधिकार छ।

समस्या र चुनौती : हालसम्म नेपालमा एक मात्र श्रम अदालत हुनु र श्रमसँग सम्बन्धित विवादको पुनरावेदनसमेत सुन्ने अधिकार यस अदालतलाई मात्र हुनु, यसका लागि अतिआवश्यक पर्ने कार्यविधि नियमावली हालसम्म पनि नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा विचाराधीन हुनु, आफ्नै संरचना नहुँदा कर्मचारी तथा इजलास व्यवस्थापनमा समस्या, उपत्यकाबाहिर म्याद तामेल गर्न पठाउँदा तामेल गर्न ढिला हुनु, ती पनि समयमा प्राप्त नहुनुका साथै बैतनिक कानुन व्यवसायी नियुक्ति गर्न बजेटको अभाव, बजेट अभावमा मेलमिलाप कक्ष र मेलमिलापकर्ता सूचीकरण गर्न नसकिनु आदि हुन्।

समाधानका उपाय : हाल नेपालमा एउटा मात्रै श्रम अदालत छ। श्रमिकहरूको सहज पहुँच हुने गरी हरेक प्रदेशमा एक-एकवटा श्रम अदालतको गठन गर्ने वा श्रम ऐन २०७४ अनुसार उच्च अदालतलाई श्रमसम्बन्धी विवादको सुनुवाइ गर्ने र निर्णय गर्ने अधिकार प्रदान गर्ने, ऐनलाई अविलम्ब संशोधन गर्नुपर्छ। श्रम अदालतमा मात्र जिम्मेवारी दिने व्यवस्था गर्ने, बैतनिक कानुन व्यवसायी नियुक्ति गर्न तथा मेलमिलापकर्ता सूचीकरण गर्न कानुनी व्यवस्था तथा बजेटको अभाव रहेकाले सोको उचित व्यवस्थापन गर्नुपर्नेलगायतका छन्।

निष्कर्ष : तत्कालीन सरकारले सुरुमा सहसचिवसरहको एक सदस्यीय मुद्दा हेर्ने अधिकारीबाट श्रम ऐन २०४८ बमोजिम मुद्दाको सुनुवाइ भइरहेकोमा श्रम ऐन २०७४ बमोजिम नेपाल सरकारको निर्णयअनुसार तीन सदस्यीय श्रम अदालत गठन भई मुद्दाको सुनुवाइ गरिँदै आएको छ। विभाग वा कार्यालयले गरेको आदेश वा निर्णय चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र श्रम अदालतमा पुनरावेदन दिन सकिने, रोजगारी अन्त्य गर्ने गरी रोजगारदाताले गरेको कुनै निर्णय वा खराब आचरणबारे गरेको सजाय चित्त नबुझ्ने श्रमिकले सो निर्णय वा सजायको सूचना पाएको मितिले ३५ दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्ने कानुनी व्यवस्थाबमोजिम यस अदालतबाट न्यायिक निरूपण हुँदै आएको छ। सुरु कारबाहीका लागि परेका उजुरीउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्छ भने श्रम अदालतले पुनरावेदनको रोहमा गरेको निर्णय र फैसला अन्तिम भई पुनरावेदन लाग्न नसक्ने व्यवस्था कानुनमा गरिएको हुँदा रोजगारी अन्त्यसँग सम्बन्धित निर्णय श्रम अदालतबाट अन्तिम हुन्छ।

श्रम अदालतको क्षेत्राधिकार देशभर छ। प्रतिष्ठान, कार्यालय, विभाग वा नियकाय वा अनौपचारिक क्षेत्रबाट श्रमिकसँग सम्बन्धित काम कारबाहीउपर उजुरी सुन्ने अदालतको रूपमा रहेको हुँदा यस अदालतले श्रम कार्यालय र विभागमा निरीक्षण गर्ने गरेको छ। रोजगारी अन्त्य भएका श्रमिकको उजुरीउपर यस अदालतले श्रेणीविहीन तहमा सेवारत श्रमिकदेखि कार्यकारी प्रमुखसमेतलाई प्रमाण, आधार र कारणसहित पारिश्रमिक सेवा सुविधासहित पुनर्बहाली, पारिश्रमिक, भुक्तानी, सञ्चय कोष तथा उपदान भुक्तानी, बोनस भुक्तानी नभएसम्मको पारिश्रमिक दिनुपर्नेलगायतका विषयमा मेलमिलापलाई प्राथमिकता दिई विवादको निरुपण गर्दै आएको छ। कानुनी प्रक्रिया पूरा गरी प्रतिष्ठानले सेवा अन्त्य गरेको कतिपय निर्णय सदर गरेको छ।

अर्थ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्च अध्यक्ष **माधव तिमल्सिना**लाई



सरकारले महँगी नियन्त्रण गर्नका लागि कस्तो भूमिका निभाउनुपर्छ ?

सरकारले महँगी नियन्त्रण गर्नका लागि तीनवटै तहका सरकारलाई परिचालित गरी अनुगमन र कारबाही, सचेततासम्बन्धी कार्यक्रम ल्याउनुपर्छ, साथै उपभोक्ता जागरण अभियान चलाउनुपर्छ।

आमउपभोक्ताले पाउनुपर्ने अधिकार कस्तो हो ?

आमउपभोक्ताको अधिकारलाई संविधानले मौलिक अधिकारका रूपमा प्रत्याभूत गरेको छ। यसलाई संस्थागत गर्नु राज्यको दायित्व हो। तर, दैनिक उपभोग्य वस्तुको मूल्य बढ्दा त्यसको नियन्त्रण गर्न र आवश्यक समन्वय हुन सकेका छैनन्। उपभोक्ता आफू कहाँ ठगिएको हुँ भन्ने सुन्ने र सुनाउने काम अझै हुन सकेको छैन।

सरकारी निकायले यसलाई कसरी हेरेको छ ?

विभिन्न बहानामा उपभोक्ता ठगिने क्रम झनै मौलाएको छ। सरकारले दैनिक सचेतता, अनुगमन र कारबाही गर्ने भन्दा पनि कर्मकाण्ड पूरा गर्ने गरेको छ। विभिन्न बहानामा कडाभन्दा कडा कानुन ल्याएर, दैनिक अनुगमनलाई चुस्तदुरुस्त बनाएर जानुको विकल्प छैन।

बिजनेस @



डा. बाबुराम भट्टराई, पूर्वअर्थमन्त्री

अमेरिकाजस्तो पुँजीवादको शिखरमा पुगेको र पारदर्शी ढंगले विधिको शासनमा चल्ने भनिएको देशमा सञ्चालित सिलिकन भ्याली बैंक आन्तरिक गडबडीकै कारणले ध्वस्त भएको अनुमान गरिँदै छ भने नेपालजस्तो भर्खरै पुँजीवादी खुड्किलो चढ्दै गरेको देशमा के होला ? वेलैमा बैंक र वित्तीय प्रणालीबारे सोचौं।

डा. सूर्यराज आचार्य, पूर्वाधारविज्ञ



अर्थमन्त्रीको पदमा अर्थशास्त्रीभन्दा पनि अर्थतन्त्र बुझ्न सक्ने राजनीतिज्ञ उपयुक्त। बरु सरकारलाई नेपालको अर्थतन्त्रको वस्तुगत विश्लेषणका आधारमा (सतही गफगाफ हैन) यकिन समस्याको पहिचान र समाधान सुझाउन सक्ने प्रोफेसनल अर्थशास्त्रीहरू (विदेशी विज्ञसमेत) सल्लाहकार टिमको जरुरी छ।



डा. नवराज पन्त, सामाजिक विकासविद्

अर्थमन्त्री, अर्थ सल्लाहकारले नेपाली अर्थतन्त्र, छिमेकी अर्थतन्त्र र विश्व अर्थतन्त्रलाई बुझेको हुनुपर्छ। त्यतिले मात्र पुग्दैन, उसले आयातामुखी अर्थतन्त्र, रणनीतिक चुनौती, आत्मनिर्भर अर्थतन्त्र, उत्पादनमूलक अर्थतन्त्रलाई पनि बुझेको हुनुपर्छ र माफिया अर्थतन्त्रलाई कसरी बेठ्याउने जुक्ति हुनुपर्छ।

सेयर बजार

३० फागुन ०७९

नेप्से १,९५३.०६ ^ १.८५ ०.०९%

कारोबार रकम	जम्मा सेयर
१,१३,५९,२५,३५७.९१	३३,१८,१०८

विदेशी विनिमय दर

मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर	१३१.१०	१३१.७०
युरो	१३९.८८	१४०.५२
पाउन्ड स्टर्लिङ	१५८.०३	१५८.७६
अस्ट्रेलियन डलर	८६.७९	८७.१९
क्यानेडियन डलर	९५.०९	९५.५२

अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

२० मिनेट हिँड्नयोग्य सहर बनाउँदै दुबई

यस्तो सहरमा बसोवास गर्नेले सपिङ मल, स्कुल, पार्क र सार्वजनिक यातायातको सुविधा २० मिनेटभित्र सहजै पाउनेछन्

रजेन्सी

दुबईले २० मिनेट हिँड्नयोग्य सहर बनाउने आफ्नो महत्त्वाकांक्षी लक्ष्य घोषणा गरेको छ। २० मिनेट पैदल हिँड्नयोग्य सहर बन्दा त्यहाँ बसोवास गर्ने मानिस, पर्यटक आदिले आवश्यक पर्ने सपिङ मल, स्कुल, मस्जिद, पार्क र सार्वजनिक यातायातजस्ता सुविधा २० मिनेटभित्र सहजै पाउनेछन्।

पैदल यात्रालाई प्राथमिकतामा राख्दै दुबई सरकारले अझै दीर्घकालीन, जीवनोपयोगी र स्वस्थ सहर बनाउने लक्ष्य लिएको छ। यो लक्ष्य सार्वजनिक यातायातलाई बढावा दिने, कार्बन उत्सर्जन कम गर्ने र बसोवास गर्नेको जीवनलाई सुधार गर्ने रहेको छ।

सहरी आवागमन

'२० मिनेट सहर'को अवधारणा मन्द गतिशीलता (माइक्रो-मोबिलिटी) हो। यसले प्रतिघन्टा २५ किलोमिटरको गतिमा चल्ने छोटो दूरीका साना तथा हलुका सवारीसाधनलाई बुझाउँछ।

खासमा, मन्द गतिशीलता नयाँ अवधारणा भने होइन। अटोमोबाइलको उदय हुनुअघि साइकल नै प्राथमिक यातायात थियो, विशेष गरी सहरी क्षेत्रमा। तर, जब सडक धेरै बन्यो, मान्छेको कार किन्न सक्ने क्षमता बन्यो र बिस्तारै सहरबाट मन्द गतिशीलता हराउँदै गयो। मन्द गतिशीलताको पतन २०औं शताब्दीबाट सुरु भएको मानिन्छ। अहिले अटोमोबाइल इन्डस्ट्री फस्टाएको छ। गाडी सम्पन्नता र स्वतन्त्रताको मानक बनेको छ। आममान्छेले पनि गाडीलाई आवश्यकताका रूपमा हेर्न थालेका छन् भने सरकारले उनीहरूलाई सहयोग गर्न जानाजानी



सडक सञ्जाल निर्माणमा ठूलो धनराशि लगानी गरेको छ।

आज पनि केही सहरमा साइकललाई कतै गरिबीका रूपमा त कतै विलासीका रूपमा हेरिन्छ। सार्वजनिक धारणामा परिवर्तन आएसँगै मन्द गतिशीलताको पूर्वाधारमा कमी आयो। यसले एकातिर ट्राफिक जाम बढायो भने अर्कातिर जीवाश्म इन्धन (फोसिल फ्युल) माथि चरम परनिर्भरता बढायो।

पछिल्ला केही वर्षमा मन्द गतिशीलताले फेरि एकपटक सबैको ध्यान आकर्षित गरेको छ। पुरानो शैलीको यातायातको विकल्पका रूपमा यसले अत्याधुनिक सहरमा सुविधाजनक, सस्तो र वातावरणमैत्रीका रूपमा मान्यता प्राप्त गरेको छ। दिनप्रतिदिन बढिरहेको जनसंख्याबीच यसले ट्राफिक र कार्बन उत्सर्जन न्यून गर्न पनि सहयोग गरेको छ।

मन्द गतिशीलता रणनीति

बढ्दो मन्द गतिशीलता विद्युतीय स्कुटर, साइकल र मोपेड आदि सहरी सवारीसाधनको समस्या र प्रदूषणका लागि उपयुक्त विकल्प बनेका छन्। यी साधनको लोकप्रियता बढिरहँदा चुनौती पनि देखिएका छन्।

दुबई अद्भूत आर्किटेक्चर र सुन्दर परिदृश्यका लागि चिनिन्छ। तर, त्यहाँ मन्द गतिशीलताको अभाव छ। साइकल र विद्युतीय स्कुटर जुमेराह आवासीय क्षेत्रजस्ता ठाउँमा लोकप्रिय छन्। तर, ती प्रायः पैदलयात्री र कारले भरिन्छन्। अनि भीडभाड बढ्न थाल्छ। यसले पैदलयात्री असुरक्षित बन्छन् र मिलन-मार्ग (कनेक्टिङ वे) पत्ता लगाउन सक्दैनन्।

धेरैजसो सहर व्यवस्थापक विस्तृत मन्द गतिशील रणनीतिको महत्त्व बुझ्न नसक्दा असफल बनेका छन्, न उनीहरूले सवारीसाधन, पूर्वाधार र आवश्यक नीतिलाई सहयोग गर्ने सुरक्षित र सक्षम मन्द गतिशीलता सञ्जाल नै बुझेका छन्। सडकमा बाइक र ई-स्कुटर राखेर नागरिकले प्रयोग नगर्नु असफलताको संकेत हो भन्ने सोचविचार नगर्दा यसले सरकार र मन्द गतिशीलता सञ्चालक दुवैलाई ठूलो घाटा पर्न जान्छ।

सडक र पूर्वाधारको सञ्जालभित्र मन्द गतिशीलता जोड्न नसक्दा सहर असफल बन्छन्। सुरक्षा र सडक पूर्वाधारसहित लन्डन सहरमा साइकलयात्री र स्कुटरचालकका लागि मन्द गतिशीलता सरोकारको विषय बनेको छ भने वर्षौंदेखि ई-स्कुटर प्रयोग छलफलको विषय बनेको छ।

तर, सन् २०२० सम्म सरकारले तोकेको सार्वजनिक सडकमा थिएन। यसमा भूमिका खेल्ने समर्पित साइकल लेन र पूर्वाधारको अभावले सहरमा दोब्बर जाम बढेको छ। अर्थात्, ई-स्कुटरले चालक, पैदलयात्रु र अन्य सवारीचालकलाई जोखिम बढाएको छ।

बेलायतमा पनि यस्तै खालको समस्या छ। सहरको व्यस्त र साँघुरा गल्लीले साइकल पूर्वाधारलाई अप्ठ्यारो बनाइरहेका छन्। साथै, जामले गर्दा साइकलयात्रीले आवागमन गर्न सक्दैनन्। उनीहरू प्रायः ठूला सवारीसाधन चल्ने सडकमा हिँड्नुपर्ने बाध्यता छ, दुर्घटनाको सम्भावना पनि बन्न सक्छ।

> पैदल यात्रालाई प्राथमिकतामा राख्दै दुबई सरकारले अझै दीर्घकालीन, जीवनोपयोगी र स्वस्थ सहर बनाउने लक्ष्य लिएको छ। यो लक्ष्य सार्वजनिक यातायातलाई बढावा दिने, कार्बन उत्सर्जन कम गर्ने र बसोवास गर्नेको जीवनलाई सुधार गर्ने रहेको छ।

गतिशीलतालाई आकार दिँदै लिस्बन

सडक पूर्वाधारमा लन्डनले एकीकृत मन्द गतिशीलताको समस्या भोग्दै गर्दा अन्य केही सहरले भने व्यस्थापन गरेका छन्। उदाहरणका रूपमा पोर्चुगलको लिस्बनलाई लिन सकिन्छ। लिस्बनलाई मन्द गतिशीलतामा दूरदर्शी पहुँच पुऱ्याएको भनी प्रशंसा गरिन्छ। उक्त सहरले विस्तृत साइकल लेनको सञ्जाल लागू गरेको छ। यसले सार्वजनिक सवारीमा राम्रो लगानी गरेको छ। साथै, निजी सवारीसाधनमा आश्रित नभईकन सहरको एकदेखि अर्को ठाउँमा सजिलै पुग्न सम्भव बनेको छ।

सुपर ब्लक कन्सेप्ट

२० मिनेट हिँड्नयोग्य सहरलाई प्रभाव पार्ने एउटा तत्त्व भनेको एकल प्रयोग गन्तव्यलाई प्रसार गर्नु हो। हालको योजनाअनुसार यसबारे दुबईले विचार गर्न सक्छ। यसले २० मिनेटको लक्ष्य प्राप्त गर्न सहयोग गर्छ, जुन सुपर ब्लक कन्सेप्ट हो। यसअघि यस्तो कन्सेप्ट सन् २००० मा स्पेनको बार्सिलोनामा लागू भएको छ। र, यसलाई दुबईमा पनि लागू गर्न सकिन्छ।

सुपर ब्लक कन्सेप्टभित्र गल्लीलाई पुनर्निर्माण गरी पैदलयात्री र साइकलयात्रीलाई प्राथमिकता दिइन्छ, जहाँ सीमित कारले पहुँच पाउँछन्। जहाँ-जहाँ यो अवधारणा लागू भएको छ, त्यहाँ जाम न्यून मात्रै भएको छैन, वायुको गुणस्तरीय सुधार र सामाजिक गतिविधिका लागि सार्वजनिक स्थानसमेत उपलब्ध भएको छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १ चैत ०७९

महासंघमा बढ्यो चुनावी सरगर्मी

अञ्जन श्रेष्ठ, रामचन्द्र संघाई र उमेशलाल श्रेष्ठ प्यानलसहित वरिष्ठ उपाध्यक्षमा भिड्ने तयारीमा

नवीन अर्याल/नयाँ पत्रिका

निजी क्षेत्रको संघीय प्रतिनिधिमूलक संस्था नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई)मा चुनावी सरगर्मी बढेको छ। महासंघमा वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने विधानत व्यवस्था छ। अहिले वरिष्ठ उपाध्यक्ष रहेका चन्द्र ढकाल २८ र २९ चैतमा हुने ५७औँ साधारणसभापछि स्वतः अध्यक्ष हुनेछन्। त्यसैले अर्को तीन वर्षपछि नेतृत्वमा पुग्ने उद्देश्यका साथ वरिष्ठ उपाध्यक्षलगायत अन्य पदका आकांक्षीहरू उद्योगी-व्यवसायीहरूसँग भोट माग्न देश दौडाहामा छन्।

वरिष्ठ उपाध्यक्षमा अञ्जन श्रेष्ठ, रामचन्द्र संघाई र उमेशलाल श्रेष्ठ प्यानलसहित प्रतिस्पर्धामा उत्रिने तयारीमा छन्। वरिष्ठ उपाध्यक्षको चर्चामै रहेका वर्तमान जिल्ला-नगर उपाध्यक्ष दिनेश श्रेष्ठले भने चुनाव लड्ने वा नलड्ने निश्चित गरेका छैनन्। वर्तमान कार्यसमितिमा अञ्जन वस्तुगत सदस्यतर्फका उपाध्यक्ष र राचमन्द्र एसोसिएट सदस्यतर्फका उपाध्यक्ष हुन्। उमेशलाल भने पूर्वउपाध्यक्ष हुन्।

चुनावी मैदानमा होमिन लागेका उद्योगी-व्यवसायीहरू जिल्ला-नगर तथा प्रदेशमा भोट माग्न व्यस्त देखिन्छन्। वरिष्ठ उपाध्यक्षका आकांक्षी अञ्जनले ७२ जिल्ला र नगर उवासंघका अध्यक्ष तथा व्यवसायीसँग भेटघाट गरिसकेको बताउँछन्। यस्तै, अर्का आकांक्षी संघाइले पनि ८५/९० जिल्ला-नगर उवासंघका अध्यक्षसँग भेट गरिसकेको बताए। उमेशलालले झन्डै दुईपटक देशैभरका जिल्ला-नगर र प्रदेश घुमिसकेको बताउँछन्। महासंघमा जिल्ला-नगर उवासंघबाट एक सय २१ सदस्य भोटर रहेका छन्।

■ अञ्जन र रामचन्द्रको टिम तयार

नयाँ कार्यसमितिको चुनावका लागि अञ्जन र रामचन्द्रले आ-आफ्नो टिम तयार पारिसकेका छन्। अर्का आकांक्षी उमेशलालले भने टिम तयार पारेका छैनन्। आफ्नो टिम तयार भइसकेको, तर अहिल्यै सार्वजनिक नगर्ने उनले बताए। उनले थने, 'अझै पर्याप्त समय छ, राम्रो सशक्त टिम बनाएर घोषणा गर्छौं।'

अञ्जनको टिममा जिल्ला-नगर उपाध्यक्षमा अरुणराज सुमार्गी, एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ र वस्तुगत उपाध्यक्षमा मनीषलाल प्रधान समेटिएका छन्। वर्तमान कार्यकारिणी सदस्य साहिल अग्रवालले चुनाव लड्ने रुचि नदेखाएपछि अञ्जनले ज्योत्सनालाई एसोसिएट उपाध्यक्षको उम्मेदवार बनाएका हुन्। शंकर समूहका प्रबन्ध निर्देशक अग्रवाल एसोसिएट सदस्यतर्फ सबैभन्दा धेरै मत होल्ड गर्ने घरानामा पर्छन्।

संघाईले आफ्नो टिमबाट एसोसिएट उपाध्यक्षमा भरतराज आचार्य, वस्तुगत उपाध्यक्षमा सन्दीप अग्रवाल र जिल्ला-नगर उपाध्यक्षमा सुरकृष्ण वैद्य उम्मेदवार बन्ने निश्चित भएको बताए। तर, अहिलेसम्म पनि आचार्य कुनै प्यानलबाट खुलेका भने छैनन्। आचार्य विशेष गरी वर्तमान कार्यसमितिका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालनिकट मानिन्छन्।

उमेशलालको समूहबाट वस्तुगत उपाध्यक्षमा हेमराज ढकाल र जिल्ला-नगर उपाध्यक्षमा दिनेश श्रेष्ठको चर्चा छ। तर, अन्तिममा दिनेशले चुनावै नलड्न पनि सक्ने सम्भावना रहेको उनका निकटस्थ बताउँछन्। यस्तै, ढकालले एसोसिएटमा आचार्यलाई उम्मेदवार बनाउन खोजेका छन्। तर, संघाईले आचार्य आफूसँग रहेको बताइरहेका छन्।

महासंघलाई स्मार्ट नेतृत्व दिनेछु



● **अञ्जन श्रेष्ठ**, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

अहिलेसम्म ७२ जिल्ला-नगरका साथीहरूका साथै वस्तुगत र एसोसिएट साथीहरूसँग पनि भेटघाट र कुराकानी भइरहेको छ। हाम्रो टिमबाट उठ्ने पदाधिकारीको टुंगो लागेको छ। हाम्रो चुनावी घोषणापत्र पनि तयार हुँदै छ। महासंघको नेतृत्व सरकार र निजी क्षेत्रबीचको पुल बन्न सक्नुपर्छ। निजी क्षेत्रका समस्या सरकारसम्म पुऱ्याएर समाधानका लागि पैरवी गर्नुपर्छ। मेरो महासंघमा २० वर्ष र व्यावसायिक जीवनको ३० वर्षको अनुभव छ। त्यही अनुभव र आत्मविश्वास बोकेर देशभर मत माग्दै हिँडेको छु। यति लामो अनुभवले महासंघमा कुशल नेतृत्व दिन सक्छु भन्ने पूर्ण विश्वास छ। मसँग महासंघको महत्त्वपूर्ण विधागत समितिहरूमा बसेर काम गरेको अनुभव छ।

महासंघको गरिमा उचाइमा पुऱ्याउँछु



● **रामचन्द्र संघाई**, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

जिल्ला-नगरमा पुगेर भेटघाट गरिरहेको छु। हालसम्म करिब ८०-९० जिल्ला-नगर अध्यक्षका साथै वस्तुगत र एसोसिएट सदस्यहरूसँग पनि भेटघाट, छलफलमै व्यस्त छु। हाम्रो टिम फाइनल भइसकेको छ। उपयुक्त समयमा घोषणा गर्नेछौं। महासंघको गरिमा थप उचाइमा पुऱ्याउने गरी काम गर्नेछु। जति पनि जिल्ला-नगर र प्रदेश सचिवालयहरू छन्, मजबुत बनाउने मेरो एजेन्डा हुन्छ। शेखर गोल्छा नेतृत्वको कार्यसमितिले ल्याएको भिजन पेपर २०३० कार्यान्वयनमा पनि भूमिका खेल्नेछु। देशभरका उद्योगी-व्यवसायीका समस्याहरू समाधानका लागि सहजीकरण गर्नेछौं। अर्को कुरा, हामीले अध्यक्षका एजेन्डालाई पनि 'सक्सेस' बनाउने हो। चन्द्र ढकालको नेतृत्वलाई सफल बनाउन पूर्ण रूपमा सहयोग गर्ने हो।

महासंघलाई सशक्त बनाउनेछु



● **उमेशलाल श्रेष्ठ**, पूर्वउपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

हाम्रो टिम करिब तयार भइसकेको छ। केही दिनमा 'डिस्क्लोज' गर्नेछु। उद्योगी-व्यवसायीले अर्थतन्त्रको सुधार चाहेका छन्। म सरकार र उद्योगी-व्यवसायीबीच सम्पर्कको पुल बन्नेछु। अहिले त्यहाँ कमी देखिन्छ। महासंघलाई सशक्त बनाउनु छ। आगामी अध्यक्षलाई सहयोग गरेर सफल बनाउनुपर्छ।

सरकारले महासंघ वा निजी क्षेत्रलाई जुन किसिमको महत्त्व दिनुपर्थ्यो, त्यो दिएको पाइँदैन। निजी क्षेत्रलाई हेर्ने सरकारको दृष्टिकोण बदल्नुपर्छ। त्यसका लागि सशक्त नेतृत्व चाहिन्छ। यस्तै, हाम्रा ऐन-कानुन निजी क्षेत्रलाई कमजोर बनाउने र निर्बाध व्यवसाय गर्न नदिने खालका छन्। ती ऐन-कानुनहरू समयसापेक्ष सुधारमा सरकारसँग पहल गर्नेछौं।

■ यस्तो हुन्छ कार्यसमिति

महासंघमा एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष, तीन उपाध्यक्ष, एक कोषाध्यक्ष रहने व्यवस्था छ। एसोसिएटबाट १९, जिल्लानगरबाट १८ र वस्तुगतबाट १२ जना केन्द्रीय सदस्य रहनेछन्। प्रत्येक प्रदेशबाट दुई-दुईजनाका दरले १४ जना केन्द्रीय सदस्य रहने व्यवस्था छ। यस्तै, महासंघको पदाधिकारीमा निवर्तमान अध्यक्ष र पूर्वअध्यक्ष (विशिष्ट सदस्य)का रूपमा रहने व्यवस्था छ।

वरिष्ठ उपाध्यक्षमा जित्नका लागि खसेको कुल मतको ५० प्रतिशतभन्दा बढी मत आवश्यक पर्छ। यदि वरिष्ठ उपाध्यक्षका कुनै पनि उम्मेदवारले पहिलो चरणमा खसेको कुल मतको ५० प्रतिशत कटाउन नसकेमा पहिलो र दोस्रो हुने उम्मेदवारबीच पुनः निर्वाचन हुन्छ। महासंघको निर्वाचनमा जिल्ला-नगरको मतभार ५० प्रतिशत, एसोसिएट सदस्य (द्विराष्ट्रियसमेत)को ३० र वस्तुगत सदस्यको २० प्रतिशत मतभार हुने गर्छ।

महासंघका सदस्यहरूमा जिल्ला-नगर उवासंघ एक सय २१, वस्तुगत सदस्य एक सय २३, एसोसिएट सदस्य एक हजार सात सय ६२ र द्विराष्ट्रिय सदस्य २० रहेका छन्। महासंघको निर्वाचनमा जिल्ला-नगरतर्फको मतभार बढी हुने भएकाले उम्मेदवार पनि त्यतै बढी केन्द्रित हुने गर्छन्।

महासंघको एसोसिएट सदस्यतर्फ रहेका १७ सय ६२ मतमध्ये सबैभन्दा धेरै साहिल अग्रवालसँग छन्। उनले एसोसिएट उपाध्यक्ष उठ्ने तयारीका साथ तीन सयभन्दा बढी कम्पनी रिन्यु गरेको बताइन्छ। तर, अहिलेको संक्रमणकालीन समयमा आफ्नै व्यापार-व्यवसायमै बढी केन्द्रित हुनुपर्ने कारण देखाउँदै महासंघको राजनीतिबाट उनी पन्छिएका छन्। यस्तै, एसोसिएटतर्फ धेरै मत होल्ड गर्नेमा चन्द्र ढकाल, ज्ञानेन्द्रलाल प्रधान, शेखर गोल्छा र पशुपति मुरारका, अञ्जन श्रेष्ठ, संघाई र विशाल समूह, अम्बिका पौडेल, राजेन्द्र राउत र अजित बस्नेतलगायतसँग रहेको बताइन्छ।

■ पाँच लाख मनोनयन शुल्क

वरिष्ठ उपाध्यक्ष पदका लागि पाँच लाख रुपैयाँ मनोनयन शुल्क लाग्छ। त्यस्तै, उपाध्यक्षका लागि तीन लाख र कार्यकारिणी समिति सदस्य पदका लागि ७५ हजार रुपैयाँ शुल्क लाग्ने महासंघ सचिवालयले जनाएको छ।

■ कसको समर्थन कसलाई ?

अहिलेसम्म पूर्वअध्यक्ष कुनै पनि उम्मेदवारका पक्षमा खुलेर बोलेका छैनन्। महासंघको चुनावमा पकड राख्ने वर्तमान अध्यक्ष शेखर गोल्छा वर्तमान वरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल पनि अझै कसैको पक्षमा उभिएका छैनन्। तर, तीनैजना उम्मेदवार आकांक्षीले आफूलाई समर्थन गर्ने दाबी गर्दै आइरहेका छन्। उता ढकाल भने भावी अध्यक्षले कसैलाई पनि समर्थन गर्न नहुने जिकिर गर्छन्।

महासंघको चुनावमा राजनीतिक दलको समर्थनसमेत अप्रत्यक्ष रूपमा देखिँदै आएको छ। उम्मेदवारहरूले अहिलेदेखि नै राजनीतिक दलका नेता गुहार्न थालिसकेका छन्। त्यसैले मूल राजनीतिमा देखिएको गठबन्धन तथा सत्ता समीकरणले समेत महासंघको चुनावलाई प्रभाव पार्ने उद्योगी-व्यवसायी नै बताउँछन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

दैनिक दुई झोलुंगे पुल बनाउने लक्ष्य, तर दुई दिनमा एउटा निर्माण

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्ष ०७९/८० मा वार्षिक सात सय ३० अर्थात् दैनिक औसत दुइटा नयाँ झोलुंगे पुल निर्माण गर्ने लक्ष्य लिएको छ। तर, चालू आवको पुस मसान्तसम्म कार्यान्वयन भने निकै सुस्त देखिएको छ।

स्थानीय पूर्वाधार विकासबाट प्राप्त तथ्यांकअनुसार चालू आवको पुस मसान्तसम्म ९२ वटा झोलुंगे पुल निर्माण गरिएको छ। सरकारको लक्ष्यअनुसार अर्धवार्षिक समयमा ५० प्रतिशत अर्थात् तीन सय ६५ वटा झोलुंगे पुल बन्नुपर्ने हो। तर, लक्ष्यको १२.६० प्रतिशत मात्रै झोलुंगे पुल निर्माण भएको विभागले जनाएको छ।

सरकारले यो वर्ष औसत एक दिनमा दुईवटा झोलुंगे पुल बनाउने लक्ष्य लिएको थियो। तर, दुई दिनमा एउटा मात्रै झोलुंगे बनेको विभागको तथ्यांकले देखाउँछ। विभागका अनुसार हालसम्म देशभर १० हजार चार सय ५३ वटा झोलुंगे पुल सञ्चालनमा छन्। गत आवमा देशभर पाँच सय ९४ वटा झोलुंगे पुल बनेको थियो। चालू आवमा गत आवको भन्दा बढी झोलुंगे पुल निर्माण गर्न सकिने सरकारको विश्वास थियो। तर, लक्ष्यअनुसार झोलुंगे पुल बन्ने सम्भावना न्यून देखिएको विभागका तुइन तथा झोलुंगे पुल महाशाखाका प्रमुख प्रवेश रेग्मीले बताए।



'विभिन्न कारणवश अहिले लक्ष्यअनुसार झोलुंगे पुल निर्माण हुन सकेको छैन। यद्यपि, अहिले लट्ठालगायतका आवश्यक सामग्री खरिद गरिरहेका छौं। कतिपय पुलको ठेक्का लगाउने काम भइसकेको छ भने कतिपयको तयारी अन्तिम चरणमा पुगेको छ। कतिपय झोलुंगे पुलहरू निर्माणका चरणमा पनि छन्,' उनले भने, 'यद्यपि, यो आवमा लक्ष्यअनुसार झोलुंगे पुल निर्माण त हुँदैन होला। तर, असार मसान्तसम्म पुग्दा पाँच सयभन्दा बढी झोलुंगे पुल निर्माण हुन सक्छन्।'

विभागका अनुसार यो आवमा ५० वटा झोलुंगे पुल निर्माण गर्न नयाँ ठेक्का व्यवस्थापन गरिएको छ। साथै, झोलुंगे पुल निर्माणका लागि आवश्यक लट्ठा तथा बुल डग ग्रिप खरिद गर्ने प्रक्रिया पनि अघि बढाएको छ।

तर, नेपालमा कति झोलुंगे पुल चाहिन्छ भन्ने विषयमा अहिलेसम्म खास अध्ययन भइसकेको छैन। हालसम्म स्थानीयको मागअनुसार झोलुंगे पुल बनाइँदै आइएको छ। अहिले त्यसका लागि आवश्यक विवरण संकलन गर्ने काम भइरहेको विभागको भनाइ छ। सम्भवतः त्यसका लागि २५ सयदेखि तीन हजारसम्म नयाँ झोलुंगे पुल आवश्यक पर्ने बताइएको छ। यद्यपि, यसका लागि आवश्यक अध्ययन भइरहेको महाशाखका प्रमुख रेग्मीले बताए।

विभागका अनुसार थप आठ सयवटा नयाँ झोलुंगे पुलको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भएको छ। त्यसमा हालसम्म एक सय ६० वटा पुलको निर्माण गर्ने गरी ठेक्का सम्झौता भइसकेको छ। डिपिआर तयार भएका अन्य झोलुंगे पुल निर्माणका लागि ठेक्का लगाउने तयारी भइरहेको विभागको भनाइ छ।

ब्याजदर घटाउने प्रधानमन्त्रीको आश्वासनपछि व्यवसायीको आन्दोलन स्थगित

काठमाडौं/ बैंक तथा वित्तीय संस्थाहरूको चर्को ब्याजदरविरुद्ध व्यवसायीहरूले गर्दै आएको आन्दोलन स्थगित गरेका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ब्याजदर घटाउने आश्वासन दिएपछि व्यवसायीहरूले आन्दोलन स्थगित गरेका हुन्। कर्जाको ब्याजदर १५-१६ प्रतिशतसम्म पुगेको भन्दै व्यवसायीहरूले एकल अंकमा झार्न पछिल्लो एक वर्षदेखि माग गर्दै आएका थिए।

प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार व्यवसायी र प्रधानमन्त्रीबीच भएको छलफलमा आन्दोलन स्थगित गर्ने सहमति भएको हो। प्रधानमन्त्रीले ब्याजदर घटाउने प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगित गरिएको भेटमा सहभागी नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले बताए।

'हामीले अहिलेको ब्याजदरले नेपालमा उद्योग-व्यवसाय गर्नै नसकिने अवस्था रहेको जानकारी गरायौं, हाम्रा समस्या राख्यौं,' उनले भने, 'प्रधानमन्त्रीज्यूले पनि ब्याजदर घटाउन पहल भइरहेको र दुई-चार दिनमै केही परिवर्तन हुने प्रतिबद्धता जनाउनुभयो र आन्दोलन स्थगित गर्न आग्रह गर्नुभयो।' प्रधानमन्त्रीकै तहबाट माग सम्बोधन गर्ने आश्वासन आएपछि अहिलेलाई 'चर्को ब्याजदर'विरुद्धको आन्दोलन स्थगित गरिएको उनले बताए। यसअघि प्रधानमन्त्री दाहालले नेपाल निर्माण व्यवसायी महासंघको २४औं साधारणसभालाई सम्बोधन गर्दै ब्याजदरलाई एकल अंकमा ल्याउन पहल गरिरहेको सार्वजनिक अभिव्यक्ति दिएका थिए।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौं
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०७९/१२/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बीरगंज, पर्साबाट व्यापार अधिविकर्ष कर्जा र बैंक जमानत कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालो सूचीमा सूचिकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोप्राईटर/जमानतकर्ता/अख्तियार प्राप्त व्यक्तिको विवरण	जमानीकर्ताको विवरण
ऋणी : शाह ईन्टरप्राइजेज (प्रो. सरोज देवी साह) दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय , बीरगंज, पर्सा दर्ता नं. : ३६८९४/०७५/७६ दर्ता मिति :२०७५/०४/१३ पान नं. ६०८०९६७८२ ठेगाना : सखुवा प्रसौनी - ५, महुवन, पर्सा **प्रो./जमानतकर्ता/अख्तियार प्राप्त व्यक्तिको नाम : सरोज देवी साह** पतिको नाम : सुनिल कुमार प्रसाद तेली ससुराको नाम : जयगोविन्द साह तेली ठेगाना : महुवन- ३, पर्सा हालको ठेगाना : महुवन- ३, पर्सा ना.प्र.नं. : ३४-०१-७२-०२९१९ जारी मिति : २०७२-०३-२९ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा। **कर्जा शिर्षक : व्यापार अधिविकर्ष कर्जा र बैंक जमानत कर्जा** **कर्जा लिएको शाखा : बीरगंज शाखा, पर्सा**	**क) नाम : सुनिल कुमार प्रसाद तेली** बाबुको नाम : जयगोविन्द साह तेली बाजेको नाम : रामटहल साह तेली ठेगाना : महुवन-३, पर्सा हालको ठेगाना : महुवन-३, पर्सा ना.प्र.नं. : ५७९४१५६९ जारी मिति : २०५५-०६-०८ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा **ख) नाम : सलोनी कुमारी** बाबुको नाम : सुनिल कुमार प्रसाद तेली बाजेको नाम : जयगोवन्दि साह तेली ठेगाना : सखुवा प्रसौनी-५, महुवन, पर्सा हालको ठेगाना : सखुवा प्रसौनी-५, महुवन, पर्सा ना.प्र.नं. : ३४-०१-७६-०८५८७ जारी मिति : २०७६-०८-०१ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, पर्सा

सुरक्षणमा रहेको धितोको विवरण

घर/जग्गाको विवरण:
श्री मालपोत कार्यालय पर्सा बीरगंजमा सरोज देवी साह र सुनिल कुमार प्रसाद तेलीको नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, अन्तर्गत देहाय बमोजिमको ठेगाना/क्षेत्रफल/ कि.नं.को जग्गाहरु तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

जग्गा धनिको नाम	ठेगाना	कित्ता नं.	क्षेत्रफल (बि.क.धु./वर्ग मि.)	कैफियत
सरोज देवी साह	बीरगंज-१४, पर्सा	४१२	११८.५१ वर्ग मिटर	
सरोज देवी साह	महुवन-५, पर्सा	१२००	०-५-०-० (१६९३.१५ वर्ग मि.)	
सरोज देवी साह	रामगढवा-८, पर्सा	७९	३८.०० वर्ग मिटर	
सरोज देवी साह	रामगढवा-८, पर्सा	३९३	८४.७४ वर्ग मिटर	
सुनिल कुमार प्रसाद तेली	महुवन-६, पर्सा	७८	०-१०-१५-० (३६४०.२५ वर्ग मिटर)	

लघुवित्तको खराब कर्जा १८ अर्ब ३४ करोड पुग्यो

असार मसान्तमा २.५६ प्रतिशत रहेको खराब कर्जा पुस मसान्तमा ४.६८ प्रतिशत

पवत तिमिल्सिना/नयाँ पत्रिका

लघुवित्त वित्तीय संस्थाहरूको निष्क्रिय कर्जाको अनुपात बढेको छ। नेपाल राष्ट्र बैंकका अनुसार पुस मसान्तमा लघुवित्तको निष्क्रिय कर्जा ४.६८ प्रतिशत १८ अर्ब ३४ करोड पुगेको छ। गत असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात २.५६ प्रतिशत रहेको थियो। ऋणीहरूको तिर्ने क्षमतामा ह्रास आएसँगै निष्क्रिय कर्जाको अनुपात बढ्न थालेको लघुवित्त क्षेत्रका जानकारहरू बताउँछन्।

पूर्वसचिव डा. मान विकले कोभिडको असर उद्योग-व्यवसायमा परेकाले लघुवित्त वित्तीय क्षेत्रमा खराब कर्जाको अनुपात बढेको बताए। उनले भने, 'यसवेलामा खराब कर्जा बढ्नु स्वाभाविक हो। यसको सुरुवात कोरोना महामारीबाट भयो। कोभिडकालमा व्यवसाय, उत्पादन बन्द भयो। साथै, रोजगार पनि बढ्न सकेन। ऋणीहरको ऋण तिर्ने क्षमता पनि घट्यो।' लघु क्षेत्रमा गएको कर्जाले घर खर्चलगायतका अनुत्पादक प्रयोजनमा खर्च हुने प्रवृत्तिले पनि खराब कर्जा बढेको उनले बताए।



कर्जाको सदुपयोग हुन नसक्दा यसको असर वित्तीय क्षेत्रमा परेको उनको भनाइ छ। खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरूले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम गत असारको तुलनामा ०.०८ प्रतिशतले घटेको छ। पुस मसान्तमा कर्जा प्रवाह तीन खर्ब ९१ अर्ब ४४ करोड पुगेको देखिन्छ। समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ८२.६२ प्रतिशत छ। जुन गत आर्थिक वर्षको सोही अवधिमा १७.०३ प्रतिशतले बढेको थियो।

गत पुस मसान्तसम्ममा थोक कर्जाप्रदायक लघुवित्त वित्तीय संस्थाहरूको पनि निष्क्रिय कर्जाको अनुपातमा वृद्धि भएको छ। थोक कर्जाप्रदायक लघुवित्त वित्तीय संस्थाहरूले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम गत असारको तुलनामा ३.१७ प्रतिशतले वृद्धि भएको छ।

पुस मसान्तमा ५९ अर्ब ७८ करोड रुपैयाँ पुगेको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा ५२ करोड अर्थात् ०.८७ प्रतिशत मात्र छ। गत असार मसान्तमा निष्क्रय कर्जाको अनुपात ०.४१ प्रतिशत थियो। गत वर्ष पुस मसान्तमा यस्तो अनुपात ०.३४ प्रतिशत मात्र थियो। समीक्षा अवधिमा निष्क्रिय कर्जा १२१.०२ प्रतिशतले बढेको छ भने सक्रिय कर्जा २.६९ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा निष्क्रिय कर्जा १२.०३ प्रतिशतले घटेको थियो भने सक्रिय कर्जा १३.९० प्रतिशतले बढेको थियो।

गत पुस मसान्तसम्ममा थोक कर्जाप्रदायक लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था पनि बढेको छ। पुस मसान्तमा यस्ता लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था गत असार मसान्तको तुलनामा १६.८७ प्रतिशतले बढेको छ। यस अवधिमा एक अर्ब २७ करोड पुगेको छ। जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था ०७९ असार मसान्तको तुलनामा ४४.७७ प्रतिशतले वृद्धि भएको छ।

पुस मसान्तसम्ममा खुद्रा कर्जाप्रदायक लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा उल्लेख्य वृद्धि भएको छ। पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था गत असार मसान्तको तुलनामा ३५.६२ प्रतिशतले बढेर १४ अर्ब ४० करोड पुगेको छ। जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था ०७९ असार मसान्तको तुलनामा ७०.२२ प्रतिशतले वृद्धि भई आठ अर्ब ८७ करोड पुगेको छ।

बस्नेतले पाए 'श्री शंकरलाल गोल्ड मेडल अवार्ड २०७९'

काठमाडौं/ जगदम्बा स्टिल्स लिमिटेडका संस्थापक शंकरलाल अग्रवालको नाममा स्थापना गरिएको 'श्री शंकरलाल गोल्ड मेडल अवार्ड २०७९' संवत बस्नेतलाई प्रदान गरिएको छ। बस्नेतको शैक्षिक उत्कृष्टताका लागि इन्जिनियरिङ अध्ययन संस्थानको ५७औँ वार्षिक उत्सवको अवसरमा ०७९ जगदम्बा स्टिल्स लिमिटेडले प्रदान गरेको हो।

पुरस्कारमा पदक, प्रमाणपत्र र नगद ५१ हजार रुपैयाँ रहेको कम्पनीले जनाएको छ। कार्यक्रममा उपस्थित प्रमुख अतिथि त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ शाखाका डिन, प्राध्यापक शशिधरराम जोशी, थापाथली क्याम्पसका कार्यकारी क्याम्पस प्रमुख डा. खेम ज्ञवाली र जगदम्बा स्टिल्स लिमिटेडका अपरेसन एन्ड मार्केटिङ निर्देशक रवि प्रकाशले बस्नेतलाई उक्त पुरस्कार



प्रदान गरेको जनाइएको छ। १९८० को दशकबाट उद्यमशीलताको यात्रा सुरु गरेका अग्रवाल नेपालको ख्यातिप्राप्त उद्योगीका साथै परोपकारी कार्यका लागि पनि परिचित रहेको कम्पनीले जनाएको छ।

चिनियाँ लगानीलाई सहयोग गर्छौं : प्रधानमन्त्री

नयाँ पत्रिका
काठमाडौं, ३० फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा लगानी गर्न चाहने चिनियाँ लगानी तथा कम्पनीहरूलाई सहयोग गर्ने घोषणा गरेका छन्। मंगलबार नेपाल उद्योग परिसंघ र चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड (सिसिपिआइटी)को संयुक्त रूपमा आयोजित नेपाल-चाइना बिजनेस फोरम- २०२३ लाई सम्बोधन गर्दै उनले सहयोग गर्ने घोषणा गरेका हुन्।

नेपालले राखेको २०३० सम्ममा मध्यम आय भएको देश बन्ने लक्ष्य प्राप्त गर्न चिनियाँ लगानी अपरिहार्य रहेको उनले बताए। '२०२६ को अन्त्यसम्ममा एलडिसीको स्थितिबाट उत्तीर्ण हुने लक्ष्य राखेका छौं। यी लक्ष्यहरू पूरा गर्न हामीलाई पूर्वाधार विकासमा महत्त्वपूर्ण लगानी र प्रविधिको अधिकतम उपयोग गर्न आवश्यक छ। त्यो अवस्थामा प्राथमिकता क्षेत्रहरूमा चिनियाँ लगानीको पनि आशा गर्छौं,' उनले भने, 'साथै, हामी नेपालमा लगानी गर्न चाहने चिनियाँ कम्पनीहरूलाई सहयोग गर्न पनि तयार छौं।'

यस्तै, चीनले पर्यटनका लागि नेपाललाई प्राथमिकतामा राख्दा नेपाली पर्यटन उद्योगमा राम्रो प्रभाव परेको प्रधानमन्त्रीले बताए। 'कोभिड महामारीको पीडादायी अवधिपछि हाम्रो अर्थतन्त्र क्रमशः सुधार हुँदै छ। तर, चुनौती अझै कायम छन्। महामारीको समयमा पर्यटन क्षेत्रले ठूलो नोक्सान व्यहोर्नुपरेको छ,' उनले भने, 'त्यो अवस्थामा चीनले बाह्य भ्रमणमा लगाइएको प्रतिबन्ध हटाउने निर्णयले हामी खुसी छौं। यसले



नेपाली पर्यटन उद्योगमा राम्रो प्रभाव पार्ने विश्वास छ।'

यस्तै, उनले नेपालमा वैदेशिक लगानीको वातावरण तयार भएको पनि बताए। 'हामीले लगानी प्रणालीमा ठूला सुधारहरू गरेका छौं, जसले प्रत्यक्ष विदेशी लगानीलाई प्रोत्साहन, प्रवर्द्धन र संरक्षण गर्छ,' उनले भने, 'नेपालको कानुनले लगानीबाट कमाएको आम्दानी पूर्ण रूपमा लैजान दिन्छ। नेपालमा दर्ता भएका विदेशी कम्पनीहरूले जग्गा खरिद, स्वामित्व र बिक्री गर्न सक्नेछन्। स्वदेशी र विदेशी लगानीकर्ताबीच कुनै भेदभाव गरिँदैन।' नेपालमा जलविद्युत्, औद्योगिक उत्पादन, पूर्वाधार विकास, पर्यटन, कृषि, खनिज, खानीलगायतका क्षेत्रमा लगानी गरेर बढी प्रतिफल कमाउन सक्ने उनले बताए।

नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुप्रसाद अग्रवालले यस कार्यक्रमले दुई देशका व्यवसायीबीच समस्या समाधान र आगामी कार्यदिशा तय गर्न सहयोग पुग्ने बताए। सिसिपिआइटीका उपाध्यक्ष चाङ साओहाङले नेपालबाट चीनमा हुने निर्यात बढाउने सहयोग गरेको उनको भनाइ थियो। चीनका पर्यटक नेपाल भ्रमण गर्न सक्ने बताउँदै उनले त्यसबाट नेपालको अर्थतन्त्रमा सहयोग पुग्ने अध्यक्ष अग्रवालले बताए। यसैगरी, नेपालका लागि चीनका राजदूत छेन साङले पनि नेपालको पूर्वाधार विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

सिभिल लघुवित्तको लाभांश पारित



नयाँ पत्रिका
काठमाडौं, ३० फागुन

हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडले सेयरधनीका लागि वितरणको प्रस्ताव गरेको लाभांश पारित गरेको छ। लघुवित्तको ११औँ साधारणसभाले ११.५८ प्रतिशत लाभांश वितरणको प्रस्ताव पारित गरेको हो।

साधारणसभाले आव ०७८/७९ को वार्षिक प्रतिवेदन, वित्तीय विवरणहरू तथा ११ प्रतिशत बोनस सेयर र ०.५८ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांशसहित जम्मा ११.५८ प्रतिशत लाभांश पारित गरेको जनाइएको छ। साथै, सभाले वित्तीय संस्थाको नाम हिमालयन लघुवित्त वित्तीय संस्था रहनेलगायतका सम्पूर्ण सामान्य र विशेष प्रस्तावहरू पारित गरेको कम्पनीले जनाएको छ।

काठमाडौंमा आयोजना गरिएको सभामा वित्तीय संस्थाका अध्यक्ष सचिनजंग रायमाझीले सम्पूर्ण सेयरधनी तथा आमन्त्रितप्रति आभार व्यक्त गर्दै साधारणसभा सफल बनाइदिएकोमा धन्यवाद ज्ञापन गरेका थिए। राष्ट्रियस्तरको कार्यक्षेत्र भएको यस वित्तीय संस्थाले हालसम्म ७५ शाखामार्फत ७४ हजारभन्दा बढी सदस्यलाई लघु वित्तीय सेवा प्रदान गर्दै एक अर्ब आठ करोड रुपैयाँ बचत संकलन गरी चार अर्ब २५ करोड रुपैयाँभन्दा बढी लगानी गरेको जनाएको छ।

नेपाल रेमिटबाट आएको रकम आइएमई पे वालेटमा प्राप्त हुने



काठमाडौं/ आइएमई पे र नेपाल रेमिटबीच रेमिट्यान्स सेवासम्बन्धी सम्झौता भएको छ। विदेशबाट नेपाल रेमिटमार्फत पठाइएको रेमिट्यान्स अब ग्राहकले सीधै आइएमई पे वालेटबाट प्राप्त गर्न सक्ने सम्झौता भएको हो।

सम्झौताअनुसार विदेशमा रहेका व्यक्तिले आफूलाई सहज पर्ने नेपाल रेमिटको साझेदारमार्फत नेपालमा रहेका मित्रजन तथा परिवारलाई पठाएको रकम सजिलैसँग आइएमई पेमा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

आइएमई डिजिटल सोलुसन लिमिटेडले बैंकको सुविधाबाट वञ्चित नेपाली तथा न्यून बैंकिङ सुविधाप्राप्त सम्पूर्ण सर्वसाधारण जनतालाई वित्तीय सेवाहरूको पहुँच उपलब्ध गराउँदै आएको जनाएको छ। २० लाखभन्दा बढी ग्राहकलाई सीधै मोबाइल वालेट एप तथा एजेन्टहरूमार्फत आइएमई पेले विद्युतीय भुक्तानी सेवा प्रदान गर्दै आएको जनाइएको छ।

सोनामका उत्पादनमा ७० प्रतिशतसम्म छुट

काठमाडौं/ व्यक्तिगत प्रयोजन तथा ट्रेकिङमा उपयोग हुने उच्च गुणस्तरीय सामग्रीको नेपाली ब्रान्ड सोनामले वार्षिक विन्टर छुट योजना ल्याएको छ। कम्पनीले चैत १७ गतेसम्म छानिएका वस्तुमा ७० प्रतिशतसम्म छुट दिने योजना ल्याएको हो।



सोनाम ब्रान्डमा महिला, बालबालिका र पुरुषका ज्याकेट, ट्राउजर, सर्ट, पाइन्ट, पन्जा, जिम भेस्ट, स्वेटर, कोट, ट्रेकिङ जाँदा लगाउने पोसाक, टेन्ट, ब्यागलगायतका उत्पादन रहेको जनाइएको छ।

काठमाडौं उपत्यकाको ठमेलको क्वाबहाल, ललितपुरको जावलाखेल र कुमारीपाटी, कमलपोखरीको सिटी सेन्टर, टुसाल, चाबहिलको केएल टावर, सुन्धाराको सिभिल मल, बालाजुको बिजी मल, जडीबुटीको जडीबुटी चोक, चितवनको सिजी ल्यान्डमार्क, सुनसरीको धरान पुतली लाइन, पोखराको लेकसाइड र न्युरोड, बुटवल तथा सुर्खेतको वीरेन्द्रनगरमा सोनामको सोरुम रहेको जनाइएको छ।

मुक्तिनाथ विकास बैंकले ल्यायो 'विशिष्ट सहज कर्जा योजना'

काठमाडौं/ मुक्तिनाथ विकास बैंकले 'मुक्तिनाथ विशिष्ट सहज कर्जा' योजना सञ्चालनमा ल्याएको छ। तरलता संकट र कर्जा पाउन कठिन भएको चर्चा चलिरहेको समयमा बैंकले नयाँ कर्जा योजना सार्वजनिक गरेको हो।

नयाँ कर्जा योजना घोषणा गर्दै बैंकले कर्जा आवश्यक परेका कुनै पनि ग्राहकले मुक्तिनाथ विकास बैंकका शाखा कार्यालयमा सम्पर्क राख्न आह्वान गरेको छ। यस योजनाअन्तर्गत दुई करोड रुपैयाँसम्मका साना तथा मझौला व्यवसाय कर्जा, कृषि कर्जा, घर कर्जा, अटो तथा हायर पर्चेज कर्जा, शैक्षिक कर्जा, जग्गा खरिद तथा अन्य व्यक्तिगत कर्जा प्रदान गर्ने जनाइएको छ। यस योजनाअन्तर्गत कर्जा लिन इच्छुक कर्जाग्राहीलाई सम्पूर्ण आवश्यक कागजातहरू पूरा गरेको तीन कार्य दिनभित्रै सर्वसुलभ ब्याजदरमा कर्जा स्वीकृत गरी प्रदान गर्ने बैंकले दाबी गरेको छ।

६ महिनामा पाँच अर्बको अलैंची निर्यात



बिक्रीका लागि अलैंची ग्रेडिङ गर्दै किसान

चिरञ्जीवी घिमिरे/नयाँ पत्रिका
झापा, ३० फागुन

विदेश निर्यात हुने कृषि उत्पादनका रूपमा रहेको अलैंचीको निर्यात यस वर्ष उत्साहजनक देखिएको छ। चालू आर्थिक वर्षको ६ महिनामै काँकडभिट्टा नाकाबाट झन्डै पाँच अर्ब रुपैयाँको अलैंची निर्यात भएको हो।

यो विगतमा एक वर्षभरिमा हुने निर्यातभन्दा धेरै रहेको मेची भन्सार कार्यालयले जनाएको छ। नेपालका ४३ जिल्लामा उत्पादन हुने अलैंची पूर्वीनाका काँकडभिट्टा भएर भारत निर्यात हुने गरेको छ। अलैंचीको राजधानीका रूपमा बिर्तामोडलाई लिइन्छ। पूर्वीनाकाबाट निर्यात हुने सामग्रीको सबैभन्दा धेरै हिस्सा ओगट्ने कृषिजन्य उत्पादन अलैंची हो।

मेची भन्सार कार्यालयका अनुसार चालू आर्थिक वर्षको माघ मसान्तसम्म ६० लाख ७३ हजार आठ सय ७३ केजी अलैंची भारत निर्यात भएको छ। उक्त अलैंचीको मूल्य चार अर्ब ८७ करोड ८५ लाख ६८ हजार रुपैयाँ रहेको भन्सार कार्यालयले जनाएको छ।

विगतमा वर्षभरिमा यही अनुपातमा मात्र अलैंची निर्यात हुने गरेको भन्सारको तथ्यांकमा उल्लेख छ। आव ०७८/७९ मा चार अर्ब ७६ करोड ४३ लाख रुपैयाँको अलैंची भारत निर्यात भएको थियो। यस्तै, आव ०७७/७८ मा ६ अर्ब ८९ करोड ५४ लाख रुपैयाँको अलैंची निर्यात भएको भन्सार कार्यालयले जनाएको छ। यस्तै, आव ०७६/७७ मा चार अर्ब १९ लाख रुपैयाँको अलैंची निर्यात भएको थियो भने आव ०७५/७६ मा दुई अर्ब ९७ करोड ८९ लाख रुपैयाँको मात्र अलैंची निर्यात भएको थियो।

यस वर्ष सर्घैंको तुलनमा अलैंचीको भारत निकासी उत्साहजनक रहेको नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराईले जानकारी दिए। 'यस वर्ष सर्घैंको तुलनमा अलैंचीको निर्यात उत्साहजनक छ,' उनले भने, 'विगतका वर्षमा वर्षभरिमा निर्यात हुने अलैंची यस वर्ष ६ महिनामै निर्यात भएको छ।'




चालू आर्थिक वर्षमा आठ अर्ब रुपैयाँबराबरको अलैंची भारत निकासी हुने अनुमान गरिएको भट्टराईले जानकारी दिए। यस वर्ष विगतका तुलनामा नेपालमा अलैंचीको उत्पादन बढेको उनको भनाइ छ। 'अलैंची उत्पादन गत वर्षभन्दा यसपटक ३० देखि ४० प्रतिशत वृद्धि भएको छ,' उनले भने, 'किसानबाट अलैंची अहिले व्यवसायीसम्म आइपुगेको छ। यसपटक सात हजार पाँच सय मेट्रिकटन अलैंची फलेको अनुमान गरिएको छ।' यस वर्ष भारतको आसाम र भुटानमा अलैंचीको उत्पादन घटेका कारण पनि नेपाली अलैंचीले बजार पाएको भट्टराईले बताए। 'यसपटक नेपालको अलैंची होल्ड हुन पाएन,' उनले भने, 'त्यसकारण निर्यात बढेको हो।'

मूल्य भने गत वर्षको तुलनमा यसपटक कम छ। गत वर्ष प्रतिमन ४८ हजार रुपैयाँ पुगेको अलैंचीको मूल्य यस वर्ष गुणस्तरका आधारमा ३५ हजारदेखि ३७ हजार रुपैयाँसम्म रहेको महासंघ अध्यक्ष भट्टराईले जानकारी दिए। यद्यपि, यो सिजनको सुरुवातीमा भन्दा पछिल्लो दुई महिनामा अलैंचीले मूल्य पाएको उनको भनाइ छ। सुरुवाती सिजनमा प्रतिमन २२ हजार रुपैयाँमा अलैंचीको कारोबार भइरहेको थियो। 'दुई महिनायता मूल्य ३५ हजारदेखि ३७ हजार रुपैयाँ पुगेको छ,' उनले भने, 'भारतमा उत्पादन घटेकाले सिजनको अन्तिमसम्म मूल्य बढ्छ कि भन्ने अपेक्षा छ।'

गौरी गणेश बचत तथा ऋण सहकारी संस्था लि.

चावहिल, काठमाडौं,
कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सुचना
(प्रकाशित मिति : २०७९।१२।०१)

यस सहकारी संस्थाबाट विभिन्न उद्देश्यका लागि कर्जा लैजानु हुने देहाएका सदस्यहरुलाई कर्जाको सावा ब्याज र हर्जाना आदि बुझाउन पटक पटक मौखिक तथा लिखित जानकारी एवं तरताकेता गर्दा पनि कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाउनु भएको हुदा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पुर्ण सावा ब्याज संस्थामा बुझाउन आउनु होला। अन्यथा सहकारी ऐन २०७४ नियमावली २०७५ तथा संस्थाको नियम र ऋण निति अनुसार कानून बमोजिम तपाईले यस संस्थामा राखेको धितो लिलाम गरी असुल उपर गर्ने तर्फ कावाहिं अगाडि बढाइने कुरा यसै सूचना द्वारा सुचित गरिन्छत।

ऋणीको विवरण	जमानीको विवरण	ऋणीको विवरण
		
नाम : रामप्यारी फुयाल बुवाको नाम : रामजी प्रसाद रेग्मी पतिको नाम : कृष्ण प्रसाद फुयाल ठेगाना : जीतपुरफेदी ७ ग, काठमाडौं हाल: बालाजु, तारकेश्वर	**नाम : सुनिल फुयाल** बुवाको नाम : कृष्ण प्रसाद फुयाल बाजेको नाम : भवनाथ फुयाल ठेगाना : जीतपुरफेदी ७ ग, काठमाडौं हाल: बालाजु, तारकेश्वर	**नाम : कल्पना श्रेष्ठ** बुवाको नाम : बद्री कुमार श्रेष्ठ पतिको नाम : मिन लाल श्रेष्ठ ठेगाना : सिन्धुली, बसेश्वर हाल: मध्यपुर ठिमी भक्तपुर

कुमारी बैंक लिमिटेड शाखा कार्यालय खजुरा, बाँकेको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/१२/०१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय खजुरा, बाँकेबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

१. ऋणीको विवरण:

लाल्ता चमारको नाति, छोटेलाल चमार/बुन्देला चमारको छोरा, फुलमती चमारिनको पति, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०७) स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने **जोला प्रसाद चमार** (ना.प्र.नं. २३८३, जारी मिति २०४६/०३/०४, जि.प्र.का बर्दिया)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. अरबर चमार/रामबच्ची चमारको छोरी, छोटेलाल चमार/बुन्देला चमारको बुहारी, जोला प्रसाद चमारको पत्नी बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०७) बस्ने **फुलमती चमारिन** (ना.प्र.नं. ४४४, जारी मिति २०५८/१०/०१ जि.प्र.का. बर्दिया)।
२. छोटेलाल चमार/बुन्देला चमारको नाति, जोला प्रसाद चमार/फुलमती चमारिनको छोरा, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०७) बस्ने **तिलक राम चमार** (ना.प्र.नं. ६५/०१/७२/०५७०८, जारी मिति २०७२/१०/०५ जि.प्र.का. बर्दिया)।
३. छोटेलाल चमार/बुन्देला चमारको नाति, जोला प्रसाद चमार/फुलमती चमारिनको छोरा, बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल ऐ.ऐ बस्ने **संजय प्रसाद चमार** (ना.प्र.नं. ६५/०१/७७/०३७००, जारी मिति २०७७/०८/२५ जि.प्र.का. बर्दिया)।

धितो सुरक्षणको विवरण:

१. **जोला प्रसाद चमार**को नाममा मालपोत कार्यालय बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, मोहम्मदपुर गा.वि.स. वडा नं. ७ स्थित कि.न. २०६५ को क्षेत्रफल ३२४.६३ (व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको विवरण :

जुडहि खटिक/छेदाना खटिकको नाति, सुन्दर खटिक/सुन्दरा खटिकको छोरा, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०४) बस्ने **राजेश हमाल खटिक** (ना.प्र.नं. ६५१००८/१२८४, जारी मिति २०६८/०९/२९ जि.प्र.का बर्दिया)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा, सुन्दरा खटिकको पति बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०४) बस्ने **सुन्दर खटिक** (ना.प्र.नं. २८/८१, जारी मिति २०४४/१२/०७ जि.प्र.का. बर्दिया)।
२. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०४) बस्ने **राम लखन खटिक** (ना.प्र.नं. १९/८० जारी मिति २०४४/१२/०६ जि.प्र.का. बर्दिया)।
३. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०४) बस्ने **बुधे खटिक** (ना.प्र.नं. ४४ जारी मिति २०४४/१२/०९ जि.प्र.का. बर्दिया)।
४. मगरे खटिकको नाति, जुडहि खटिक/छेदाना खटिकको छोरा बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ११ (साबिक मोहम्मदपुर गा.वि.स. वडा नं. ०४) बस्ने **गोपाल खटिक** (ना.प्र.नं. २२३२ जारी मिति २०४६/०३/०१ जि.प्र.का. बर्दिया)।
५. जुडहि खटिक/छेदाना खटिकको नाति, सुन्दर खटिक/सुन्दरा खटिकको छोरा, बर्दिया जिल्ला, गुलरिया न.पा. वडा नं. ११ बस्ने **रुपेश खटिक** (ना.प्र.नं. ६५/०१/७६/०६२७४, जारी मिति २०७६/१०/०७ जि.प्र.का बर्दिया)

धितो सुरक्षणको विवरण :

१. **राम लखन खटिक**..१, **सुन्दर खटिक**...१, **बुधै खटिक**..१, **गोपाल खटिक**..१ समेत जना ४ को संयूक्त नाममा मालपोत कार्यालय बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, मोहम्मदपुर गा.वि.स. वडा नं. ४ स्थित कि.न. ७० को क्षेत्रफल ३०९५ (व.मी.)को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सर्वदा लागि

शाखा कार्यालय खजुरा, बाँके फोन नं. ०८१-५६०४५६

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः२०७९/१२/०१

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी आवास कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानतकर्तालाई सूचित गरिन्छ। साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा जमानतकर्ताको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

क्र.सं	कर्जावालाको विवरण	सुरक्षण वापत धितोको विवरण	व्यक्तिगत जमानीवाला
१.	नाम: कैलास के.सी. ठेगाना: काठमाडौं जिल्ला सितापाइला न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा.वडा नं. ४ बाजे : नर बहादुर के.सी. बाबु : वद्रि क.सी. ना.प्र.नं. ८६८७ जारी मिति : २०४९/०१/०७ जि.प्र.का. काठमाडौं नाम: रोशन भुजेल ठेगाना: पांचथर जिल्ला फिदिम वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १ बाजे : काजी मान भुजेल बाबु : गणेश बहादुर भुजेल ना.प्र.नं.: ०२०१०६६०८०६५ जारी मिति : २०६८/०३/१९ जि.प्र.का.पांचथर कर्जा: आवास	काजी मान भुजेलको नाति गणेश बहादुर भुजेलको छोरा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १ बस्ने रोशन भुजेल...१ र नर बहादुर के.सी.को नाति बद्रि के.सी.को छोरा काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ४ बस्ने कैलास के.सी....१ गरि २ जनाको संयुक्त नाममा मालपोत कार्यालय कलंकीमा संयुक्त दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला डाडापौवा, रामकोट वडा नं. ५, नक्सा सिट नं. ५क, कि.नं. २८७५ को क्षेत्रफलः ०-८-२-३ को जग्गा र उक्त जग्गामा बनेको निमाणाधिन घरजग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिग लगापात समेत।	१. नाम: शर्मिला के.सी. ठेगाना: काठमाडौं जिल्ला सितापाइला गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. ४ बाजे : वल बहादुर थापा बाबु : कान्छा थापा पति : कैलास के.सी. ना.प्र.नं. १५०६२ जारी मिति : २०६२/०२/२२ जि.प्र.का.काठमाडौं

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७,
फोनः ४४४४०३५, फ्याक्सः ४४४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार ४४२२२५०, इन्द्रचोक ५३२५५५४, भक्तपुर ६६२०७६७, कुमारीपाटी ५४०८६५०, त्रिपुरेश्वर ५३३१५३३, नयाँबजार ५५१०७३८, ईटहरी, सुनसरी ०२५-५८७०५१, वितामोड ०२३-५३०५४८, नेपालगंज ०८१-५३२०५६, घोराही, दाङ्ग ईलाम ०८२-५६३३५०, फिदिम ०२४-५२१०६८, बुटवल ०७१-५३७२८२, बर्दिबास ०४४-५५०१०२, धनगढी ०९१-४१७३५७, नवलपुर ०४६-५७००६०, गैंडाकोट ०७८-५०१४११, भैरहवा ०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

युक्रेनमा...

पृष्ठ १ बाट क्रमशः

तेर्स्यायो । अहमदले डर थप्दै भन्यो- पैसा दिन्छु भनेर चुप लाग्, नभए आर्मीले जंगलमा लगेर गोली हान्छ । त्यसपछि म चुप लागैं । फेरि हामीलाई त्यही जंगलभित्रको ब्यारेकमा नै लग्यो । २५ जनवरीमा पनि त्यहीं राख्यो । त्यहाँको नियमअनुसार आर्मीले गिरफ्तार गरेको तीन दिनभित्र अदालतमा पेस गर्नुपर्ने रहेछ । त्यसैले तेस्रो दिन एउटा कागज ल्याएर हामीलाई हस्ताक्षर गर्न दबाब दिए । उक्त कागजमा 'हामीले गल्ती गरेको र अदालतमा पेस नभए पनि हामीलाई दिइने सजाय स्वीकार्य छ' भनेर लेखिएको रहेछ । मैले तत्काल खण्डन गरैं- यसमा लेखिएजस्तो त होइन नि ! तर, हामीले थर्काउन थाल्यो । अन्ततः ज्यान झन् जोखिममा पर्ने डरले हस्ताक्षर गरियो ।

अदालतले हाम्रो अस्थायी बसोवास अनुमति रद्द गरेर ३० दिनभित्र देश छाड्न आदेश दियो । त्यसपछि अहमदले हाम्रो पासपोर्ट लियो र गाडीमा राखेर आफू बस्ने ठाउँमा लग्यो । अहमदको बाहिर सानो जुत्तापसल रहेछ । जुत्तापसलभित्र अन्डरग्राउन्डमा कोठा रहेछ । कतैबाट हावा नआउने ठाउँ, दुसी गनाएको थियो । कोठाभित्र छिर्न तीनवटा ढोका खोल्नुपर्ने रहेछ । अब हामीले अहमदलाई पैसा दिनुपर्ने भयो । अहमदले हामीलाई पैसाको व्यवस्था गर्नु भन्दै आफू बाहिर निस्कियो । अनि मैले 'म त यहाँ बस्न सक्दिनँ, अक्सिजनको कमी भयो, तँ जहाँ जान्छस् त्यहीं लैजा' भनैं । त्यसपछि आफूसँगै लग्यो । पैसाको व्यवस्था गर्नुपर्ने भएकाले मलाई मोबाइल चलाउन दिएको थियो । त्यही मौका छोपी मैले त्यहाँको हाम्रो भारतीय एजेन्टलाई फोन गरैं । उसले लोकेसन पठाउन भन्यो । मैले भिडियो खिचेर पठाएँ । उसले आफूले केही पहल गर्ने भन्दै पैसा नदिन भन्यो । २७ जनवरीमा एक प्रहरी अहमदले हामीलाई राखेको अन्डरग्राउन्ड भित्र आइपुग्यो । उसले अहमदलाई हाम्रोबारेमा सोध्यो । भारतीय एजेन्टले पैसा खुवाएर हामीलाई बाहिर निकाल्न प्रहरी पठाएको रहेछ ।

प्रहरीले अहमदसँग हाम्रो पासपोर्ट माग्यो । अहमदले भने हामीहरूलाई उसको साथी भएको बतायो । हामीलाई पनि त्यसै भन्न लगायो । उता अहमदले आफ्नो सम्पर्कका आर्मीलाई फोन गर्‍यो । केहीबेरमै अहमदका मान्छेहरू पसलबाहिर घेरेर बस्न थालिसकेका थिए । हामी झन् अप्ठ्यारोमा पर्‍यौं । अहमदको पक्ष लाग्दा उसको चंगुलबाट बच्ने एउटै मौका पनि गुमाउने अवस्था थियो, प्रहरीको पक्ष लाग्दा अहमद र आर्मीको त्रास थियो । त्यसैले अहमद र आर्मीले गरेका केही विषय पनि भनेनौं । अहमदसँग हाम्रो झोला र पासपोर्ट मागिदिनु हामी जान्छौं भन्यौं । प्रहरीले झोला र पासपोर्ट मागिदियो, अनि पाँच सय दिएर गाडीमा राखी रेल स्टेसनतर्फ पठाइदियो । तर, रेल स्टेसनमा पनि अहमदका मान्छे हामीलाई पर्खेर बसेका रहेछन् । गाडीले हामीलाई स्टेसनभित्रै छाडिदिएकाले अहमदका मान्छेसँग फुत्किएर ओडेसा भन्ने सहरतर्फ लाग्यौं ।

उज्होरोडमा अहमदको चंगुलबाट भागेर ओडेसातर्फ त लाग्यौं, तर त्यहाँ भारतीय एजेन्टले समस्या पार्नेवाला थियो । हामीले हाम्रो नेपाली एजेन्टलाई फोन गर्‍यौं । उसले रेलबाट हाम फालेर भाग भन्यो । रेल तोकिएको स्टेसनमा नपुगी रेकिँदैनथ्यो, हामी बीचमा उत्रिने सम्भावना नै थिएन । जे होला भनेर हामी ओडेसा नै पुग्यौं । उज्होरोडदेखि ६ सय ७३ किमि दूरीमा रहेको ओडेसा १३ घन्टामा पुगेपछि सातमध्ये चारजना एकातिर र तीनजना अर्कातिर लाग्यौं । अन्य चार साथी अर्को एजेन्टबाट आएका रहेछन् । हामी केही दिन ओडेसामा लुकेर बस्यौं । त्यसपछि चार सय २४ किमि टाढाको भिनियास्टिया गयौं, त्यहाँबाट पनि तीन सय ६३ किमि यात्रा गरेर एलभिभ पुग्यौं । एलभिभ पोल्यान्डको सिमाननजिक पर्छ । एलभिभबाट हामीलाई नेपाली एजेन्टले मेडिका भन्ने ठाउँमा जान भन्यो । त्यहाँ उसको मान्छे लिन आउँछ र हामीलाई पोल्यान्डको सिमानामा पुऱ्याउँछ भन्यो । उसको मान्छे लिन आयो र पोल्यान्डको सिमानामा लगेर छाडिदियो । त्यसपछि पोल्यान्ड को इमिग्रेसनमा गएर प्रवेशको अनुमति दिन अनुरोध गर्‍यौं, तर प्रवेश गर्न दिएन । त्यसपछि फेरि एलभिभ फर्कियौं ।

नेपाली एजेन्टले त्यहाँ फेरि एउटी केटी एजेन्ट पठायो । उसले हामीलाई हंगेरीको सिमानामा छाडिदिई । त्यहाँको इमिग्रेसनमा गएर कुरा गर्‍यौं, तर भिसा दिएन । हामी होटेलमै फर्कियौं । उसले जसरी पनि हंगेरी पठाउने भन्दै तनाव नलिन सान्त्वना दिइरहेको थियो । भोलिपल्ट उसको मान्छे गाडी लिएर आयो । उसले हामीलाई गाउँको अफरोड हुँदै ८० किलोमिटर गुडाएपछि हंगेरीको नाकामा पुऱ्यायो । त्यहाँ हामीसहित ६० जना मान्छे थिए । राति १० बजेसम्म हामी बस्यौं । ६० जनामध्ये ५६ जनालाई हंगेरीको इमिग्रेसनले भिसा दियो, हामीसहित ६ जनालाई भने दिएन । हामीले धेरै अनुरोध गर्‍यौं, तर उसले माल्दोभाबाट नै फर्किन भन्यो ।

होटेलतिर फर्किन खोज्दा हामीलाई सिमाना पुऱ्याउने गाडीले एक सय ५० युरो माग्यो । हामीसँग पैसा थिएन । बचेखुचेको पैसा उसलाई दिँदा खाना खाने उपाय पनि हुँदैनथ्यो । हामीलाई जंगलमै छाडेर गाडीवाला हिँड्यो । रातको समय जंगलमा आधा घन्टा हिँडेर मुख्य सडकमा निस्किर्यौं । सडकमा पेट्रोल पम्प थियो, नजिकै एउटा गाडी पनि भेट्र्यौं । गाडीवालाले हामीलाई नजिकै रेल स्टेसन भएको जानकारी दिँदै त्यहाँसम्म छाडिदिन तयार पनि भयो । बाटोमा हाम्रो अनुरोधपछि उसले युक्रेनको एक हजारमा होटेलमै पुऱ्याइदियो ।

अर्को उपायस्वरूप नेपाली एजेन्टले हामीलाई फेरि युक्रेनको राजधानी किभमा आउन भन्यो । हंगेरी लगिदिने मान्छे कुरेर बसिरहेको पनि बतायो । तर, किभ पुगेपछि फेरि त्यहाँ खतरा भएकाले नबस्न भन्यो । युद्ध सुरु भएको एक वर्ष पुग्न लागेकाले किभमा फेरि रुसले ठूलो आक्रमण गर्दै छ रे भन्दै पुराना भिडियो पठाउन थाल्यो । तत्काल उज्होरोड नै जान भन्यो । तर, त्यहाँ जाँदा अहमदको खतरा थियो । नेपाली एजेन्टले उज्होरोडमा पाकिस्तानी एजेन्ट आएर हिँडाएर हंगेरी पुऱ्याउँछ भन्यो । हामी त्यतै लाग्यौं । तर, रेलमा यात्रा गर्दै गर्दा अर्को एउटा पाकिस्तानी एजेन्टले 'तिमीहरूको पछाडि सिआइडी लागेको छ, खतराबाट जोगिन बाटोमै उत्रिनु' भन्यो । तर, गुडिरहेको रेलबाट कसरी उत्रिनु ? हामी राति २ बजे उज्होरोड नै पुग्यौं । तर, स्टेसनबाट बाहिर निस्कैनौं । नेपाली एजेन्टले फोन गरेर 'मोकाचेभो जानु, त्यहाँ मेरो मान्छे लिन आउँछ' भन्यो । त्यसपछि बिहान ६ बजेको रेल चढेर ८ बजे मोकाचेभो पुग्यौं । उसले रोमानियाकी केटी आएर जंगल हुँदै रोमानिया लैजान्छे भनेको थियो । तर, दिनभर कुर्दा पनि त्यो केटी आइन । कहिले जाममा परेको, कहिले पेट्रोल भर्दै गरेको र कहिले सुपरमार्केट पछाडि छे भन्दै उसले हामीलाई झुक्यायो । केटीको नाममा म्यासेज भने आइरहेको थियो, तर फोन गर्दा उठेन । हामीलाई लाग्यो, नेपाली एजेन्टले हामीलाई अलमलाइरहेको छ ।

केही सीप नलागेपछि हामी फेरि किभमै फर्कियौं । तर, नेपाली एजेन्टले किभमा नबस्न भनेको छ । किभमा कन्सुलरमा कुरा राख्यौं, तर नियोगमा कुरा गर्नु भन्यो । माल्दोभाले नदिए अरू देशले भिसा दिन्छ भन्यो । यहाँको आइओएममा पनि गएर कुरा गर्‍यौं । मस्को र बर्लिनको दूतावासमा पनि समस्या दर्साइसकेका छौं । बर्लिन दूतावासले माल्दोभाको परराष्ट्र मन्त्रालयसँग कुरा भइसकेकाले त्यहाँको इमिग्रेसनमा गएर कुरा गर्न भनेको छ । तर, लिखित कागजपत्र भने दिएको छैन । हामी किभमा एउटा कोठा लिएर बसेका छौं । सस्तो खाद्यान्न किनेर जीवन धानेका छौं । कुनै पनि सयममा यहाँको प्रहरीले पक्राउ गर्न सक्छ । पक्राउ परियो भने १८ महिना जेल हुन सक्छ ।

यादवलाई...

पृष्ठ १ बाट क्रमशः

मित्रवत् प्रतिस्पर्धामा अघि बढेको छ । गठबन्धनबाट साझा उम्मेदवारका रूपमा अघि बढेका यादवले मंगलबार लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोलाई भेटेर मत माग्दा सकारात्मक जवाफ पाएका छन् । लोसपा गठबन्धनको सल्लाहअनुसार अघि बढ्ने प्रतिबद्धता महतोको थियो ।

मंगलबारै यादवले नागरिक उन्मुक्तिका संरक्षक रेशम चौधरीलाई काठमाडौंस्थित डिल्लीबजार कारागारमा भेटेर मत मागेका छन् । चौधरीले मत दिने वचन दिएका छन् । पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ र अन्य शीर्ष नेतासँग संवाद गरी यादवको पक्षमा मतदान गर्ने प्रतिबद्धता चौधरीले जनाएको सांसद प्रदीप यादवले जानकारी दिए ।

उम्मेदवार यादवले सोमबार प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेट गरी मत मागेका थिए । तीनै शीर्ष नेताले यादव आफूहरूको साझा उम्मेदवार भएकाले मत दिएर जिताउने प्रतिबद्धता जनाएका थिए । जसपाबाट दुईवटा उम्मेदवारी परेकोमा सोमबार प्रमिला कुमारीले फिर्ता लिएपछि रामसहाय ६ दलको समर्थनमा गठबन्धनको आधिकारिक उम्मेदवारका रूपमा प्रतिस्पर्धामा होमिएका छन् । यादवले नेताहरूलाई भेट्नुको अलावा मतदाताहरूलाई एसएमएस पठाउने, फोन गर्ने, पार्टीका नेता-कार्यकर्ता तथा गठबन्धनका नेतामार्फत अनुरोध गरिरहेका छन् ।

गठबन्धनभित्रकै दल जनमतले भने उम्मेदवारी फिर्ता लिएको छैन । जनमतका अध्यक्ष सिके राउतले आफूहरू मित्रवत् प्रतिस्पर्धामा जाने बताए । प्रतिपक्षी एमालेबाट उम्मेदवार बनेकी अष्टलक्ष्मी शाक्य पनि मैदानमा छिन् । गठबन्धनबाट दुईजना उम्मेदवार प्रतिस्पर्धामा हुँदा अष्टलक्ष्मी एमालेका तर्फबाट एकल रूपमा मैदानमा छिन् ।

शुक्रबार हुने उपराष्ट्रपति निर्वाचनका लागि आजदेखि मौन अवधि सुरु हुँदै छ । निर्वाचन अधिकृतको कार्यालयले मतदान कार्य सम्पन्न नहुँदासम्म प्रचारप्रसारमा निषेध हुने मौन अवधि लागू भएको जानकारी दिएको छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निषेधको अवधि लागू भएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

अवैध यात्रामा...

पृष्ठ १ बाट क्रमशः

युरोप सपनाले बढ्दै छ मानव तस्करी

खाडी र मलेसियापछि अहिले नेपाली युवा युरोपतिर आकर्षित हुँदै छन् । आकर्षणको त्यही चक्करमा कैयौं युवा आर्थिक रूपमा मात्रै फसेका छैनन्, केहीको जीवन नै समाप्त भएको छ ।

उच्च पारिश्रमिक, सहज जीवनशैली, सुरक्षा, सेवा-सुविधा तथा स्थायी बसोवासका लागि कार्डको सुविधा पनि पाउने लोभमा नेपाली युवा युरोपमा झुम्मिएको नेपाली समाज क्रोएसियाका अध्यक्ष एचबी लामा बताउँछन् । युरोपेली मुलुकमध्ये पोर्चुगल, स्पेन र बेल्जियम अधिकांश नेपालीको रोज इमा पर्ने गरेको उनले बताए । तर, यी मुलुकमा प्रवेश भने सहज छैन ।

लामाका अनुसार सुरुमा युवाहरू अध्ययन, श्रम भिसा तथा भिजिट भिसामा युरोपका अन्य मुलुक प्रवेश गर्छन् । सुरुमा क्रोएसिया, युक्रेन, स्लोलाभिया, भियना, बेलारुसलगायत मुलुक पुगेपछि अधिकांश युवा अवैध प्रक्रियामार्फत पोर्चुगल, स्पेन र बेल्जियम छिर्छन् । यीमध्ये पनि पोर्चुगल विदेशी कामदारका लागि अति उदार नीति भएको मुलुक हो । त्यहाँको सरकारले विदेशी कामदारलाई साढे दुई वर्षमा नै रेसिडेन्ट कार्ड

अवैध प्रक्रियामार्फत गएका कामदारलाई श्रम मन्त्रालयले केही गर्न सक्दैन

राजीव पोखरेल, सहायक प्रवक्ता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर गएका कामदार जोखिममा परेको खण्डमा मात्रै विभाग वा मन्त्रालयले उद्धार गर्न सक्छ । किनभने उनीहरूको रेकर्ड हुन्छ । उनीहरूलाई पठाउने म्यानपावर कम्पनी जिम्मेवार हुन्छन् । तर, अवैध प्रक्रियाबाट गएका कामदारको हामीसँग रेकर्ड पनि हुँदैन । त्यसैले केही गर्न सक्दैनौं । कसैले कहीं पनि भ्रमण नगर भनेर रोक लगाउन सक्दैनौं । तर, यसरी जाँदा कानुनी प्रक्रिया अपनाएर जान आग्रह गर्छौं ।

सरकार अनुदार हुँदा तस्करलाई प्रोत्साहन

बद्री केसी, अध्यक्ष, गैरआवासीय नेपाली संघ

मानव तस्करी संसारभरकै समस्या हो । पछिल्लो समयमा नेपालबाट मानव तस्करी हुने क्रम ज्यादै बढेको छ । नेपालीलाई नेपालीले नै फकाएर पठाउने गरेका छन् । अनि समस्या परेपछि युवाहरूले दूतावास र गैरआवासीय नेपालीलाई गुहार्छन् । यस्ता समस्याको चाङ छ । तर, सरकारले भने कारबाही गर्ने आँट देखाउँदैन । एक-दुईजनालाई मात्रै सरकारले समातेर कारबाही गर्ने

अवैध र जोखिम हुने थाहा पाउँदा-पाउँदै पनि युरोप प्रवेश गर्ने प्रयासमा दुःख पाउने गरेको उनको भनाइ छ । अर्यालका अनुसार युरोपको सपना देख्नेहरू केही पढेका र स्वदेशमा पनि राम्रो आम्दानी गरिरहेकाहरू नै हुन्छन्, सामान्य युवाले युरोप आँक्न सक्दैनन् ।

खासगरी पोल्यान्ड, बेलारुस, रोमानिया लैजान्छु भनेर ठगी गरेको गुनासा विभागमा आउने गरेका छन् । तर, व्यक्तिगत श्रम स्वीकृतिमा जाने कामदार को हकमा प्रत्यक्ष रूपमा कुनै एजेन्ट नदेखिने भएपछि कारबाही गर्न असहज हुने गरेको छ । 'व्यक्तिगत श्रम स्वीकृति भनेको सीधै रोजगारदातासँग सम्झौता हुनु हो । युवाहरूले श्रम स्वीकृति लिँदा रोजगारदातासँग नै सम्झौता गरेको कागजपत्र देखाउनुहुन्छ । तर, ठगिएपछि फलानोले ठग्यो भन्नुहुन्छ । त्यो त कागजमा कहीं पनि हुँदैन,' उनले भने ।

युरोपको लोभमा नेपाली युवा युद्धग्रस्त युक्रेन जानसमेत तयार

रुस र युक्रेनबीच युद्ध छेडिएको समयमा नेपालबाट युरोपमा मानव तस्करी गर्ने एजेन्टहरू झन् सक्रिय बनेका छन् । युरोप प्रवेश गर्ने ध्येयले नेपाली युवा युद्धग्रस्त युक्रेनमा समेत प्रवेश गर्न थालेका हुन् ।

नेपाली युवाले खतरनाक जोखिम मोल्न थालेपछि जर्मनीस्थित नेपाली दूतावासले सूचना नै जारी गरी युक्रेन प्रवेश नगर्न चेतावनी दिएको छ । नेपाल सरकारले युक्रेन प्रवेशमा प्रतिबन्ध लगाए पनि विभिन्न बाटो हुँदै नेपाली युक्रेन पुगेको जर्मनीस्थित नेपाली दूतावासले जनाएको छ ।

युरोप पुग्ने सपनामा नेपाली युवाहरू विश्वका विभिन्न मुलुकमा जोखिममा परेको मस्को दूतावासका द्वितीय सचिव सुशील घिमिरेले बताए । विगत एक महिनामा मात्रै ३० जना नेपालीलाई मस्कोस्थित नेपाली दूतावासले नेपाल फर्काएको उनले बताए । उनका अनुसार गत साता मात्रै काजकिस्तानमा दुई नेपाली समातिएका थिए । उनीहरूसँग भएको पासपोर्ट नै नक्कली भएपछि प्रहरीले पक्राउ गरेको थियो । पक्राउ परेपछि उनीहरू मस्कोस्थित नेपाली दूतावासको सम्पर्कमा आएका थिए ।

प्रत्येक दिन एउटा न एउटा यस्ता खालका केस दूतावासमा आउने गरेको घिमिरे बताउँछन् । 'नेपाली सोझा छन्, जे भने पनि पत्याउने । युरोप पुगेपछि सबै समस्या समाधान हुन्छ भन्ने नेपालीको मानसिकता छ । त्यसैले जसरी पनि युरोप प्रवेश गर्ने भन्दै ज्यान नै जोखिममा राख्ने गरेका छन्,' उनले भने ।

युक्रेनमा फसे तीन युवा, म्यानमारमा सय

मुलुकमा रोजगारी नपाएका नेपाली युवा उच्च पारिश्रमिकको प्रलोभन पाएपछि नेपाली र भारतीय एजेन्टको 'ललिपप'मा सजिलै फस्ने गरेका छन् । ढाँटेर अवैध यात्रा तय गर्ने युवा अलपत्र परेपछि मात्रै दूतावासमार्फत सरकारको सम्पर्कमा आउने गरेका छन् ।

क्रोएसिया पठाइदिने भन्दै उनीहरूलाई मनमैजुका डम्बरबहादुर विकले युद्धग्रस्त युक्रेन पुऱ्याएका हुन् । म्याग्दीका दुई र बागलुङका एक युवालाई गत डिसेम्बरमा विद्यार्थी भिसामा युक्रेन पुऱ्याइएको हो । अवैध प्रवेशका कारण उनीहरू जेल पर्न सक्ने जोखिममा छन् ।

क्रोएसिया लैजाने भन्दै उनीहरूलाई प्रतिनिधिसभा निर्वाचनको भोलिपल्ट काठमाडौंबाट हिँडाइएको थियो । काठमाडौंबाट सडकमार्ग हुँदै मुम्बई पुऱ्याइएका उनीहरूलाई १० दिन त्यहाँ राखेर १६ डिसेम्बरमा माल्दोभा (युक्रेनको छिमेकी मुलुक) उडाइयो । माल्दोभाको ट्रान्जिट भिसा पाएको र त्यहाँ झरेपछि ट्याक्सी चढेर दुई घन्टामा युक्रेन पुगेको पीडितहरूले बताए । उनीहरूका अनुसार विकले युद्धको समस्या देखाएर युक्रेनबाट कोएसिया प्रवेश गराउने आश्वासन दिएर पठाएका थिए ।

युक्रेनको अदालतले ३० दिनभित्र मुलुक छाड्न आदेश दिएकोमा अल्टिमेटमको समय सकिइसकेको छ । अब प्रहरीले पक्राउ गरे जेल जानुपर्ने त्रास रहेको युवाहरूले बताए ।

त्यस्तै, आकर्षक तलब र सुविधाको प्रलोभनमा पर्दा युद्धग्रस्त म्यानमारमा पनि करिब सय नेपाली कामदार फसेका छन् । सामाजिक सञ्जालमार्फत कम्पनीको सम्पर्कमा पुगेका उनीहरू म्यानमारमा अवैध कामका लागि प्रयोग भएका छन् । अधिकांश नेपाली कामदार नेपाल, दुबई, कतार, मलेसियालगायतका मुलुकबाट म्यानमार पुगेका हुन् ।

राष्ट्रपतिले सुरु गरे सचिवालयमा नियुक्ति

प्रमुख स्वकीय सचिवदेखि कार्यालय सहयोगीसम्म गरी १९ जनालाई नियुक्त गर्न सक्ने, सातजना विज्ञ पनि राख्न पाउने

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले निजी सचिवालय निर्माण प्रक्रिया सुरु गरेका छन् । जिम्मेवारी सम्हालेको दोस्रो दिन उनले पहिलो नियुक्तिका रूपमा मंगलबार सचिवालयसमेत हेर्नेगरी परराष्ट्रमामिला सल्लाहकारमा डा. सुरेश चालिसेलाई नियुक्त गरेका हुन् । चालिसे अमेरिका र बेलायतका पूर्वराजदूत हुन् ।

पहिलो नियुक्तिका आधारमा उनले अनुभवीलाई प्राथमिकता दिन चाहेको देखिन्छ । त्यस्तै, निजी सचिवमा राष्ट्रपतिले चिरञ्जीवी अधिकारीलाई नियुक्त गरेका छन् । अधिकारी यसअघि पौडेलका स्वकीय सचिव थिए । पौडेलले राष्ट्रपतिका काम, कर्तव्य तथा जिम्मेवारी वहन गर्दा संविधानप्रदत्त मर्यादा तथा संविधानका अक्षर र भावनालाई आत्मसात् गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने प्रतिबद्धता जनाएका थिए । राष्ट्रपतिलाई कानुनले निजी सचिवालयमा १९ जना नियुक्त गर्न पाउने व्यवस्था गरेको छ । राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४ को दफा १४ को उपदफा १ मा राष्ट्रपतिको निजी सचिवालयको व्यवस्था गरेको छ ।

राष्ट्रपतिले एक प्रमुख स्वकीय सचिव, एक सहस्वकीय सचिव, दुई उपस्वकीय सचिव, चार स्वकीय अधिकृत, एक कम्प्युटर सहायक, एक फोटोग्राफर, प्रेस संयोजक, चार सवारीचालक र चार कार्यालय सहयोगीको सुविधा पाउँछन् । यसबाहेक ऐनमा सातजना आवश्यकताका आधारमा विज्ञ नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ । राष्ट्रपति कार्यालयका अनुसार कस्ता विज्ञ नियुक्त गर्ने भन्ने राष्ट्रपतिको आवश्यकतामा भर पर्छ । प्रवक्ता सागर आचार्यका अनुसार विज्ञको क्षेत्र र मापदण्डबारे ऐनमा कुनै व्यवस्था गरिएको छैन । 'कस्ता क्षेत्रका विज्ञ राख्ने भन्ने राष्ट्रपतिको आवश्यकतामा भर पर्छ, ऐनमा स्पष्ट रूपमा किटान गरिएको छैन,' उनले भने ।

विज्ञ	७
प्रमुख स्वकीय सचिव	१ (राप विशिष्ट श्रेणीसरह)
सहस्वकीय सचिव	१ (राप प्रथम श्रेणीसरह)
उपस्वकीय सचिव	२ (राप द्वितीय श्रेणीसरह)
स्वकीय अधिकृत	४ (राप तृतीय श्रेणी)
कम्प्युटर सहायक	१ (राप अनंकित प्रथम श्रेणीसरह)
फोटोग्राफर	१ (राप अनंकित प्रथम श्रेणीसरह)
प्रेस संयोजक	१ (राप अनंकित प्रथम श्रेणीसरह)
सवारीचालक	४ (श्रेणीविहीन)
कार्यालय सहयोगी	४

'साइलेन्ट किलर'...

पृष्ठ १ बाट क्रमशः

लिएर अस्पताल पुगेको तथ्यांक छ ।

उक्त रक्तचापका बिरामी बढिरहँदा नेपाल हेल्थ रिसर्च काउन्सिलको तथ्यांकले प्रत्येक चार वयस्क (२० देखि ५५ वर्ष उमेर समूह)मा एकजनामा यो समस्या रहेको देखाएको छ । काउन्सिलका अनुसार नेपाली वयस्कमा उच्च रक्तचापको समस्या बढेर २४.५ प्रतिशत पुगेको हो । देशभरका ३२ लाखलाई उच्च रक्तचापको समस्या भएर पनि स्वयं आफैंलाई थाहा नभएको अनुमान छ । त्यस्तै, समस्या थाहा पाएर पनि उपचारबाट वञ्चित रहने ३१ लाख र उपचार गर्दागर्दै रक्तचाप नियन्त्रणमा ल्याउन नसकेका ३५ लाख ८० हजार रहेको तथ्यांक छ ।

समुदायस्तरमा यो समस्या धेरैलाई भए पनि चेतनाको अभावले नियमित जाँच गराउन नजाँदा जटिलता निम्तिने गरेको छ । जटिल अवस्थामा पुगेकालाई गाउँ-गाउँमा स्क्रिनिङ र उपचारको सहज पहुँच नहुँदा समस्या बढ्दै गएको चिकित्सकहरू बताउँछन् । उच्च रक्तचापबाट प्रभावित ४० प्रतिशतभन्दा कम मात्रै स्वास्थ्य अवस्थाबारे जानकार रहेको मुटुरोग विशेषज्ञ डा. अभिनव वैद्य बताउँछन् । 'उच्च रक्तचाप अहिले मुटुसम्बन्धी रोग, मिर्गौलामा समस्याका साथै स्ट्रोकको समेत मुख्य कारक हो । तर, नेपालमा प्रभावितमध्ये २० प्रतिशत मात्रै उपचारको दायराभित्र रहेको पाइन्छ भने एक प्रतिशतले मात्रै उपचारको माध्यमबाट रक्तचाप नियन्त्रणमा ल्याएको पाइएको छ,' उनले भने ।

प्रत्येक वर्ष नेपालमा ५० हजारभन्दा बढीको मुत्यु मुटुसम्बन्धी रोगका कारण हुने गरेको तथ्यांक छ । यसको मुख्य कारक पनि उच्च रक्तचाप नै रहेको डा. वैद्यले बताए । उनी भन्छन्, 'हाइपरटेन्सनका कारण जटिल समस्या निम्तिएपछि मात्र अस्पताल पुग्ने र चिकित्सक तथा फिजिसियनमा मात्र उपचार निर्भर रहेका कारण रोग नियन्त्रणबाहिर छ । समुदायस्तरमा रक्तचाप नियन्त्रणका लागि अन्य व्यक्तिलाई पनि जनचेतना दिने र उपचारमा सहयोग पुऱ्याउन स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीलाई समेत संलग्न गर्न सकिन्छ ।'

समस्या भएकामध्ये २० प्रतिशतले मात्रै रक्तचाप परीक्षण गर्ने गरेको पनि अध्ययनले देखाएका छन् । सामान्यतया उच्च रक्तचापबाट प्रभावितमध्ये आधालाई आफूमा भइरहेको समस्या नै थाहा नहुने र उपचारको पहुँचमा पुग्नु नै मुख्य समस्या भएको बताउँछन् वरिष्ठ मुटुरोग विशेषज्ञ डा. अरुण मास्के । 'देशभरको अस्पतालको तथ्यांक हेर्दा वयस्कमा २० देखि २५ प्रतिशत जनसंख्या उच्च रक्तचापबाट पीडित भएको पाइएको छ । तर, बिरामीहरू औषधि खानसमेत मान्दैनन्,' उनले भने ।

संस्थापक शेयर खरिद गर्न चाहानु हुने संस्थापक शेयरधनी महानुभावहरूलाई जरूरी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७९/१२/०१

यस किसान लघुवित्त वित्तीय संस्था लिमिटेडका केही संस्थापक शेयरधनीहरुले निजहरुका नाममा कायम रहेको संस्थापक शेयर मध्ये पूरा वा आंशिक शेयर बिक्री गर्न इच्छा राखी निवेदन दिनु भएकोमा उक्त निवेदनहरु उपर सञ्चालक समिति बैठकमा छलफल भएको हुँदा आवश्यक प्रक्रिया पुऱ्याई संस्थापक शेयर बिक्री गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय भएको हुँदा उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक यस संस्थाका हाल कायम संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनु पर्ने नीतिगत व्यवस्था भए अनुसार संस्थापक शेयरधनीहरुको जानकारीका लागि यो सूचना गरिएको छ । यदि कुनै संस्थापक शेयरधनी महानुभावहरुलाई उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आवश्यक कागजात सहित यस संस्थाको केन्द्रीय कार्यालय धनगढी, कैलाली र कर्पोरेट कार्यालय बुढानीलकण्ठ, काठमाडौंमा आफूले खरिद गरी लिने शेयरको व्यहोरा खुलाई निवेदन दिन हुन जानकारी गराइन्छ । तोकिएको समय सीमा भित्र संस्थापक शेयर खरिद गर्ने सम्बन्धमा विद्यमान संस्थापक शेयरधनी महानुभावहरुबाट निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य बाहिरी व्यक्ति/संस्थाहरुलाई उक्त संस्थापक शेयर बिक्रि गर्ने सम्बन्धि आवश्यक प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा वित्तीय संस्थाको कर्पोरेट कार्यालयमा सम्पर्क गर्न हुन समेत जानकारी गराइन्छ ।

किसान लघुवित्त वित्तीय संस्था लिमिटेड

कर्पोरेट कार्यालय बुढानीलकण्ठ-८, काठमाडौं, फोन नं. ०१-४३७२७४, Email :info@kisanlaghubitta.com.np

दर्ता नं. : ४४३७/०७२/०७४

माँ भगवती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको

धितो लिलाम बिक्री गरिने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०७९/१२/०१)

यस संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तिले लिनु भएको व्यक्तिगत कर्जाको शर्त मुताबिक बुझाउनु पर्ने साँवा व्याज नबुझाई कर्जाको शर्त कबुलियत उल्लंघन गर्नुक साथै पटक-पटक मौखिक, लिखित तर-ताकेता गर्दा समेत तिर्न बुझाउनु नल्याउनु भएको हुँदा प्रथम पटक मिति २०७९/१०/१८ मा ३५ (पैतीस) दिने नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित भएको र हालसम्म पनि उक्त कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएको हुनाले कर्जा लिँदा धितो वापत यस संस्थाको नाममा रोक्का रहेको तपसिलमा उल्लेखित चलअचल सम्पत्ति जाहा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम धितो लिलाम बिक्रीका लागि पहिलो पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र ऋण चुक्ता गर्ने अघिल्लो दिनसम्मको साँवा, व्याज एवं अन्य दस्तुर समेतको सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो सम्पत्ति फुकुवा गरी लिन ऋणी तथा सम्बन्धित जमानीकर्ताहरुलाई जानकारी गराइन्छ । अन्यथा यो सूचना प्रकाशित भएको १६औं दिन निम्न मिति, समय र स्थानमा निम्न शर्तहरुको अधिनमा रही लिलाम बढाबढको माध्यमबाट धितो बिक्री गरिने भएकोले खरिद गर्न इच्छुक फर्म, कम्पनी तथा सर्वसाधारणहरुलाई यसै सूचनाद्वारा आह्वान गरिन्छ । साथै धितो लिलाम बिक्री गरिँदा समेत सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको अन्य चल अचल सम्पत्तिबाट कानुन बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ ।

तपसिल

ऋणीको नाम, थर र ठेगाना	धितोको विवरण	जमानीकर्ता
१. विश्वराज हमाल (न

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
बुधबार १ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपालसँग टेस्ट राष्ट्रसँग खेल्ने अवसर

विश्वकप क्रिकेट लिग-२ को तेस्रो स्थान सुरक्षित गरे नेपालले एकदिवसीय ग्लोबल विश्वकप छनोटमा टेस्ट मान्यताप्राप्त राष्ट्र आयरल्यान्ड र जिम्बाबेविरुद्ध प्रतिस्पर्धा गर्नेछ



फाइल तस्बिर

नयाँ पत्रिका

नेपाल आइसिसी पुरुष विश्वकप क्रिकेट लिग-२ को चौथो स्थानमा छ। विश्वकप क्रिकेट लिग-२ को तेस्रो स्थान सुरक्षित गरे नेपालले एकदिवसीय ग्लोबल विश्वकप छनोटमा टेस्ट मान्यताप्राप्त राष्ट्र आयरल्यान्ड र जिम्बाबेविरुद्ध प्रतिस्पर्धा गर्नेछ। बिहीबार युएईसँग हार व्यहोरे नेपाल चौथो स्थानमा सीमित हुँदै सीधै विश्वकप छनोट खेल्ने अवसरबाट वञ्चित हुनेछ।

अहिले अंक तालिकामा नेपालले मात्र तेस्रो स्थानका लागि दाबेदारी दिइरहेको छ। पाँचौं स्थानमा रहेको अमेरिकाले सबै खेल खेल्दै ३५ अंक जोडेको छ। सिरिजमा नेपाल, युएई र पपुवा न्युगिनीका मात्र खेल बाँकी छन्। युएईले बाँकी दुई खेलमा जित्दा पनि तेस्रो स्थान भेटाउन सक्दैन। पपुवा न्युगिनी ११ अंकका साथ सातौं स्थानमा छ।

नेपालले तेस्रो स्थान रक्षा गरे विभिन्न टेस्ट राष्ट्रसँग खेल्ने अवसर पाउनेछ। आइसिसी एकदिवसीय विश्वकप छनोट जुन-जुलाईमा जिम्बाबेमा आयोजना हुनेछ। विश्वकप छनोटमा विश्वकप सुपर लिगको पुछारका पाँच टोलीले विश्वकप छनोट खेल्नुपर्ने हुन्छ। आयोजक जिम्बाबे तथा आयरल्यान्डले यसअघि नै एकदिवसीय विश्वकप छनोटमा स्थान पक्का गरिसकेका छन्। नेपालले सन् २०१८ मा एकदिवसीय अन्तर्राष्ट्रियको मान्यता पाएपछि सम्भवतः पहिलोपटक टेस्ट राष्ट्रसँग खेल्ने अवसर पाउन लागेको हो।

यो अवसर प्राप्त गर्न नेपालले पहिले युएईलाई पराजित गर्नुपर्नेछ। विश्वकप छनोटमा सहभागी रहने १० टोलीको शीर्ष दुईमा रहन सके नेपाल भारतमा आयोजना हुने आइसिसी विश्वकपमा छनोट हुनेछ। नेपालले विश्वकप लिग-२ मा १८ जित र १५ हारको सामना गरेको छ।

युएईलाई एकदिवसीय मान्यताको चिन्ता

विश्वकप लिग-२ अन्तर्गत १३९औं खेलमा पपुवा न्युगिनी र युएईबीच बुधबार त्रिवि क्रिकेट मैदानमा प्रतिस्पर्धा हुँदै छ। पपुवा न्युगिनीको यो सिरिजकै अन्तिम खेल हो। युएईले पपुवा न्युगिनीपछि घरेलु टोली नेपालसँग प्रतिस्पर्धा गर्नेछ। आफ्नो अन्तिम खेल भएका कारण पपुवा न्युगिनी जितका साथ सिरिज सकाउन चाहन्छ।

पछिल्लो समय पपुवा न्युगिनी युएईमाथि हावी भइरहेको छ। सिरिजअन्तर्गत पपुवा न्युगिनीले लगातार चार खेलमा युएईमाथि उत्कृष्ट जित निकालेको छ। यसबीचमा युएईले पपुवा न्युगिनीलाई एक खेलमा मात्र हराएको छ। अंक तालिकामा पपुवा न्युगिनीलाई कमजोर टोली मानिएको थियो। तर, पपुवा न्युगिनीले युएईसँगको प्रत्येक खेलमा दमदार प्रदर्शन गऱ्यो। पपुवा न्युगिनीले लिगमा केवल पाँच जित निकालेको छ। त्यसमा पनि चार जित युएईमाथि नै रह्यो।

पपुवा न्युगिनीसँग लगातार खेलमा पराजित भएका कारण नै युएई अहिले छैटौं स्थानमा झरेको हो। गणितीय आधारमा युएईले एकदिवसीय मान्यता रक्षा गर्न सक्छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले विश्वकप लिग-२ को शीर्ष पाँच स्थानमा रहने टोलीको चार वर्षका लागि एकदिवसीय मान्यता जोगिने जनाएको छ। स्कटल्यान्ड, ओमान, नामिबिया र नेपालले आ-आफ्नो एकदिवसीय मान्यता रक्षा गरिसकेका छन्। अहिले अमेरिका र युएईबीच मात्र पाँचौं स्थानका लागि प्रतिस्पर्धा भइरहेको छ। रनरेटमा अमेरिका युएईभन्दा बलियो छ। फेरि अमेरिकाले पाँचौं स्थानमा युएईसँग स्पष्ट चार अंकको अग्रता लिएको छ।

युएईले बाँकी दुई खेलमा सामान्य जित निकाल्दा पनि पाँचौं स्थान सुरक्षित गर्न सक्ने अवस्था छैन। दुई जितले युएईले अंक तालिकामा अमेरिकासँग समान ३५ अंक बनाउनेछ। समान अंक भएको अवस्थामा जित संख्या गणना हुनेछ। जित संख्या पनि एकै हुँदा हार हेरिनेछ। यी दुवै परिस्थितिमा पाँचौं स्थानमा रहने टोलीबीचको रनरेट समीक्षा हुनेछ।

रनरेटका आधारमा अमेरिका निकै माथि छ। युएईलाई पाँचौं स्थान रक्षा गरी एकदिवसीय मान्यता रक्षा गर्नका लागि उत्कृष्ट जित निकाल्नुपर्ने दबाब छ। यस्तो नतिजा निकाल्न नसक्दा युएईको एकदिवसीय मान्यता खोसिनेछ। युएई लगातार ब्याटिङ र बलिङमा कमजोर देखिएको छ। त्रिवि क्रिकेट मैदानमा युएई यी दुवै पक्षमा संघर्षरत देखिन्छ। युएईको मध्यक्रम ब्याटिङ चलिरहेको छैन। अर्कोतिर, पपुवा न्युगिनीले नेपालबाहेक युएईविरुद्ध ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेको देखिन्छ।

हेड टु हेड

पपुवा न्युगिनी vs युएई

- १० मार्च २०२३ : पपुवा न्युगिनी ५६ रनले विजयी
- ५ मार्च २०२३ : पपुवा न्युगिनी पाँच विकेटले विजयी
- २८ फेब्रुअरी २०२३ : पपुवा न्युगिनी १३१ रनले विजयी
- १९ मार्च २०२२ : पपुवा न्युगिनी ६ विकेटले विजयी
- १५ मार्च २०२२ : युएई सात विकेटले विजयी

साबिक विजेता मच्छिन्द्रको पहिलो जित



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

नयाँ पत्रिका

साबिक दुईपटकको विजेता मच्छिन्द्र फुटबल क्लबले चौथो खेलमा जित निकालेको छ। दरशथ रंगशालामा मच्छिन्द्रले पूर्वविजेता नेपाल पुलिस क्लबलाई २-१ ले पाखा लगायो। पुलिसले चालू ए डिभिजन लिगमा खराब प्रदर्शन गरिरहेको छ। पुलिसले लगातार चारै खेलमा हारको सामना गरेको छ। पुलिस अंकविहीन हुँदै पुछारमा छ। यसअघि मच्छिन्द्रले तेस्रो खेलमा बराबरी खेल्दै एक अंक जोडेको थियो। चौथो खेलमा मच्छिन्द्रले निकै मिहिनेत गरी स्पष्ट दुई अंक जोड्यो। मच्छिन्द्रको जितमा विदेशी खेलाडी ओलावालेले दुई निर्णायक गोल गरेका थिए।

पुलिसले आफ्नो चौथो खेलमा सुरुवात भने राम्रो गऱ्यो। खेलको नवौं मिनेटमा पुलिसले मच्छिन्द्रलाई स्तब्ध पार्दै अग्रता लियो। अञ्जन राईले निकै चलाखीपूर्ण तरिकाले पुलिसलाई १-० को अग्रता दिलाए। उनले रवि पासवानको सटिक पासमा डिबक्सभित्रबाट गोल गरेका हुन्। पुलिसले आफ्नो अग्रता २० मिनेटसम्म मात्र रक्षा गर्न सक्यो।

खेलको २९औं मिनेटमा आफिजले मच्छिन्द्रलाई १-१ को बराबरीमा ल्याए। डिबक्सभित्र उनले रिबाउन्डमा गोल गरेका हुन्। बराबरी गोलसँगै मच्छिन्द्रले खेलमा पकड बनायो। खेलको ४१औं मिनेटमा आफिजले मच्छिन्द्रलाई २-१ को अग्रता दिलाए। मध्यान्तरपछि कुनै गोल भएन। आफिजको दुई गोलको सहयोगमा मच्छिन्द्रले पुलिसलाई हरायो।

■ संकटा र चर्च ब्वाइजबीच बराबरी

लिगअन्तर्गत नै संकटा र चर्च ब्वाइज युनाइटेड क्लबले गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन्। यसै सिजन संकटामा अनुबन्धित भएका स्ट्राइकर मनीष डाँगीले खेलको अन्तिम इन्जुरी समयमा पेनाल्टी गोल गर्न सकेनन्। डिबक्सभित्र चर्च ब्वाइजका खेलाडीले विपक्षीलाई फल गरेपछि संकटाले पेनाल्टी प्राप्त गरेको थियो।

राष्ट्रिय टोलीका समेत स्ट्राइकर रहेका मनीषले प्रहार गरेको पेनाल्टीलाई चर्च ब्वाइजका गोलरक्षक एभ्स प्रिसोले बचाए। खेलको १६औं मिनेटमा चर्च ब्वाइजका प्रशान्त लक्ष्मले प्रहार गरेको बल बारमा लागेको थियो।

■ फ्रेन्ड्सको पहिलो जित


दशरथ रंगशालामा फ्रेन्ड्स क्लबले जावलाखेललाई २-१ ले पराजित गरेको छ। फ्रेन्ड्सको जितमा रफिक एमिन र कप्तान प्रकाश बुढाथोकीले एक-एक गोल गरेका थिए। जावलाखेलका लागि फाडे फाफानाले एक गोल फर्काएका थिए।

प्रतिस्पर्धामा फ्रेन्ड्सका कप्तान बुढाथोकीले एक असिस्ट गरेका थिए। फ्रेन्ड्सको यो लिगमा पहिलो जित हो। खेलको १९औं मिनेटमा रफिकले फ्रेन्ड्सलाई १-० को अग्रता दिलाए। रफिकले जावलाखेलका गोलरक्षक अनिश देउलाले बललाई सहज नियन्त्रणमा लिन नसकेको फाइदामा गोल गरेका हुन्।

पहिलो दिन शुक्रलाई अग्रता

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गतको पाँचौं प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनको पहिलो दिन नेपाल नम्बर एक गल्फर शुक्रबहादुर तामाङ शीर्ष स्थानमा रहेका छन्। तामाङ सात अन्डर ६५ स्कोरका साथ शीर्ष स्थानमा रहेका हुन्। साबिक विजेतासमेत रहेका तामाङले भुवन नगरकोटीलाई एक स्ट्रोकले पछि पारेका छन्। भुवन अन्डर ६६ स्कोरका साथ दोस्रो स्थानमा छन्। पहिलो दिन जयराम श्रेष्ठ तेस्रो स्थानमा रहे। उनले चार अन्डर ६८ स्कोर गरे। जयराम शीर्ष स्थानमा रहेका खेलाडीसँग तीन स्ट्रोकले पछि छन्।



प्रतियोगिताको पहिलो दिन एक अन्डर ७१ स्कोर गरेका नीरज तामाङ चौथो स्थानमा रहे। प्रोफेसनलद्वय सञ्जय लामा र बलभद्र राई पाँचौं स्थानमा छन्। एमेच्योर खेलाडी सद्भाव आचार्य र सुवास तामाङले संयुक्त रूपमा पाँचौं स्थान बाँडेका छन्। उनीहरूले पहिलो दिन समान इभन पार खेल्दै ७२ स्कोर गरे। शिवराम पौडेल र एमेच्योर खेलाडी क्याप्टेन नोर्बु शेर्पा एक ओभर ७३ स्कोरसहित संयुक्त रूपमा नवौं स्थानमा रहेका छन्।

तीन प्रोफेसनल खेलाडी रमेश अधिकारी, रामे मगर र दिनेश प्रजापतिसँगै एमेच्योरद्वय निश्चयजंग रायमाझी र युवराज भुजेल दुई ओभर ७४ स्कोरमा संयुक्त रूपमा ११औं स्थानमा रहेका छन्। भारतीय गल्फ टुरसमेत खेलिरहेका शुक्रबहादुरले पहिलो दिन सात अन्डरको उत्कृष्ट प्रदर्शन गर्ने क्रममा फ्रन्ट नाइन दुई अन्डर ३४ स्कोरमा सकाए।

फ्रन्ट नाइनमा भुवन राम्रो

भुवनले फ्रन्ट नाइनमा ६ अन्डर ३० खेल्दै सानदार सुरुवात गरे। पहिलो, दोस्रो, तेस्रो र पाँचौं होलमा समान एक सट बचाएर उनले पाँच पारको सातौं होलमा इगल हात पारेका थिए। यसपछि ब्याक नाइनमा उनले सबै होलमा पार बचाए। जयरामले फ्रन्ट नाइन दुई अन्डर ३४ स्कोरमा सकाए। दोस्रो, तेस्रो र सातौं होलमा बर्डी प्रहार गरेका जयरामले चौथो होलमा एक सट खेर फाले। चौथो स्थानमा रहेका नीरजले नवौं होलमा एक सट बचाउँदै फ्रन्ट नाइन एक अन्डर ३५ स्कोर गरे।

यसपछि ११औं र १८औं होलमा बर्डी प्रहार गरेका नीरजले १२औं र १५औं होलको बोगी सामना गरी ब्याक नाइन इभन पार खेल्दै ३६ स्कोर गर्न सफल भए। एमेच्योरतर्फ राष्ट्रिय टिमका सदस्य सद्भाव र नेपाल नम्बर एक एमेच्योर खेलाडी सुवास इभन पार ७२ सहित संयुक्त रूपमा शीर्ष स्थानमा रहेका छन्। क्याप्टेन नोर्बु एक ओभर ७३ स्कोरसहित तेस्रो स्थानमा छन्।

३६ होलको समाप्तिमा कट लागू हुनेछ। जहाँ उत्कृष्ट २१ प्रोफेसनल र टाईमा पर्ने खेलाडी तथा कम्तीमा ६ एमेच्योर खेलाडीले अन्तिम दुई दिनका लागि स्थान बनाउनेछन्। आठ लाख नगद पुरस्कार राशिको प्रतियोगितामा ३१ प्रोफेसनल र ९ एमेच्योर खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्। प्रोफेसनलतर्फका विजेताले उपाधिसँगै एक लाख ४० हजार र उपविजेताले ९० हजार रुपैयाँ हात पार्नेछन्।

९ चैतबाट जितपुर-सिमरा गोल्डकप



सिमरा/ १३औं जितपुर-सिमरा गोल्डकप फुटबल प्रतियोगिता ९ चैतदेखि आयोजना हुने भएको छ। सिमरा रंगशालामा फ्लड लाइटमा आयोजना हुने प्रतियोगिताको सबै तयारी पूरा भएको आयोजक नव जनजागृति युवा क्लबले पत्रकार सम्मेलनमा जानकारी दिएको छ। प्रतियोगितामा पाँच ए डिभिजन र मोफसलका पाँच क्लबले भाग लिनेछन्।

साबिक विजेता न्युरोड टिम (एनआरटी), एपिएफ, हिमालयन शेर्पा, चर्च ब्वाइज युनाइटेड, सातदोबाटो युथ, बिएफसी चितवन, मकवानपुर-११ हेटौंडा, बागमती युवा सर्लाही, वीरगन्ज युनाइटेड र आयोजक नव जनजागृति युवा क्लबले भाग लिनेछन्। प्रतियोगिताका विजेताले १० लाख तथा उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले मोटरसाइकल हात पार्नेछन्। यस्तै, विधागततर्फ उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीले २० हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रत्येक खेलका म्यान अफ दी म्याचले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

मुख्य प्रायोजक जगदम्बा स्टिलका कृष्णदत भट्ट र क्लबका अध्यक्ष रामचन्द्र लामाले प्रायोजन सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। जगदम्बा स्टिलले यस वर्षका लागि सम्झौता नवीकरण गरेको हो। सूर्य नेपाल प्रालिको मुख्य सहयोगमा रंगशालामा फ्लड लाइटको क्षमता वृद्धि गरिएको क्लबले जनाएको छ। यस वर्ष १० हजार दर्शक क्षमताको प्यारापिटसमेत तयार भएकाले प्रतियोगिता हेर्ने दर्शकले समेत थप सहजता प्राप्त गर्नेछन्।

खेल संक्षेप

भेट्रान्स जुडो आजदेखि

काठमाडौं/ तेस्रो भेट्रान्स जुडो प्रतियोगिता बुधबारदेखि हुँदै छ। यसैगरी, नेकोस छैटौं अन्तर्राष्ट्रिय जुडो प्रतियोगिता पनि हुने आयोजक राष्ट्रिय जुडो संघ नेपालले बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको छ। ३५ वर्षभन्दा माथिका भेट्रान्स खेलाडीबीच खेल हुनेछ। भुटान र जापानसहित नेपालका विभिन्न जिल्ला बाँके, दाङ, कास्की, मकवानपुर, सोलुखुम्बु, काभ्रे, ललितपुर, भक्तपुर, पर्सा तथा काठमाडौं जिल्लाका खेलाडीले अन्तर्राष्ट्रिय जुडोमा प्रतिपर्धा हुने नेपाल खेलकुद महासंघको सचिब तथा प्रबक्ता तिर्थ बहादुर खड्काले जानकारी दिए।

अन्तरकलेज क्रिकेट हुने

काठमाडौं/ ललितपुर प्याट्रियट्स प्रालिको आयोजनामा दोस्रो प्याट्रियट्स कप अन्तरकलेज टी-२० क्रिकेट प्रतियोगिता शनिबारदेखि हुने भएको छ। प्रतियोगितामा १२ छात्र टोलीबीच प्रतिस्पर्धा हुने मंगलबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले जानकारी दिएको छ। विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्लेयर अफ दी टुर्नामेन्टलाई २५ हजार रुपैयाँ प्रदान गरिनेछ। उत्कृष्ट ब्याट्समान र बलरले समान १५ हजार रुपैयाँ हात पार्नेछन्। प्रतियोगितामा जम्मा १५ खेल हुनेछ। प्रत्येक खेलको म्यान अफ दी म्याचलाई २ हजार ५ सय नगद पुरस्कार प्रदान गरिनेछ। पत्रकार सम्मेलनमा प्याट्रियट्सका अध्यक्ष किशोर महर्जनले प्रतियोगिताको ट्रफी सार्वजनिक गरेका थिए।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र
हरिहरभवन, ललितपुर

धान बालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदानका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति विवरण पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५ चैत्र १ गते बुधबार)

संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम चालु आर्थिक वर्ष २०७९/८० मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट संचालन हुने धानको उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम एवम् कार्यक्रम तथा बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने उन्नत बीउ प्रयोगकर्ता कृषकहरुलाई धानको उन्नत बीउमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.sqcc.gov.np वेवसाइट मार्फत् वा www.sqcc.gov.np मा कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत राखिएको बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System) मा गई देहाय बमोजिमका सर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अनिवार्य रुपमा अपलोड गरी अनलाइन रजिष्ट्रेसन भई (यस अघि रजिष्ट्रेसन भएकाले पुनः रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान** सम्भागमा **धानको उन्नत बीउ आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट धानको उन्नत बीउको माग संकलन गरी विनियोजित सङ्घीय शसर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदानमा उपलब्ध गराउन सकिने धानको उन्नत बीउको परिमाण मात्र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान** सम्भागमा गई **माग विवरण** प्रविष्ट गर्नुहुन सूचित गरिन्छ।

सर्त/बन्देज तथा समय सिमा

१. धानबालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने धानका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछः

बीउको प्रकृति	धान बालीका जातहरु	उन्नत बीउको मूल्य (रु प्रति के.जी.) (अधिकतम्)	उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान (रु प्रति के.जी.)	उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु प्रति के.जी.)
मोटो/मध्यम जात	बहुगुणी-१, बहुगुणी-२, सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, हर्दिनाथ-२, हर्दिनाथ-३, हर्दिनाथ-४, साबित्री, स्वर्ण सब-१, राधा-४, राधा-७, राधा-११, राधा-१२, राधा-१३, राधा-१४, मकवानपुर-१, चैते-१, चैते-२, चैते-६, सेहराङ्ग सब-१, तरहरा-१, घैया-३, हर्दिनाथ-५, गंगासागर-१, गंगासागर-२, लोकतन्त्र	५५	१८	यस तालिकामा उल्लेखित अधिकतम् मूल्यमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०%
मसिनो जात	हर्दिनाथ-१, सावाँ मसुली सब-१, हर्दिनाथ सावाँ मंसुली, रामधान, चैते-५, हर्दिनाथ-६	६०	२२	
खुमल श्रृंखला, मसिनो र बासनादार एवम् उच्च पहाडी क्षेत्रका लागि उपयुक्त जातहरु	• खुमल-४, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, खुमल बासमती-१६, • सुगन्धित धान-१, ललका बासमती, सुनौलो सुगन्धा, सुद्धोधन कालानमक, पोखरेली जेठोबुढो • छोमरोङ्ग, माछापुच्छ्रे-३, चन्दननाथ-१, चन्दननाथ-३	९०	३०	

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।

३. धान बालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवेदन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा बीउको प्रकृति अनुसार कायम गरिएको अधिकतम् मूल्यमा बीउ प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सबै सर्तहरु पुरा गरी गुणस्तरीय टयागिङ्ग, ब्यागिङ्ग तथा लेवलिङ्ग भएको धानको उन्नत बीउ उपलब्ध गराउनु पर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ।

५. रजिष्ट्रेसन/लगइन प्रारम्भ मितिः **२०७५ चैत्र १ गते बुधबार**

६. रजिष्ट्रेसन समाप्त हुने मितिः **२०७५ चैत्र २० गते सोमबार**

७. स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मितिः **२०८० बैशाख ५ गते मंगलबार** सम्म

८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ हेर्न सकिनेछ।

थप जानकारीको लागि : बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८४९२२६१७३, ९८४८२४७८६९, कृषि विभाग, हरिहरभवन, ललितपुर : ०१-५४२१३२३, तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com